# वर्गदृष्टि

**Bargadristi Weekly** साप्ताहिक

वर्ष ६ अङ्क २१ पूर्णाङ्क २५९ | २०७८ मंसिर ६ गते सोमबार | Monday, 22 Nov., 2021 | पृष्ठ ८ | मूल्य रू. १०।–


## बर्दियामा क्रान्तिकारी माओवादीले गर्‍यो भूमाफियाको जग्गा कब्जा




❑ आयुष न्यौपाने

बर्दिया । गुलरिया नगरपालिका वडा नं. १ चौधनम्बर खल्लास्थित सरकारी स्वामित्व रहेको १२ विघाको प्लट मध्य तीन विघा जमिन नवराज अधिकारीले आफ्नो र आफ्नो परिवारको नाममा बाँकी ७ पेजमा

# गम्भीर संकटमा नेपाली स्वाधीनता र सार्वभौमिकता

काठमाडौं । नेपाली स्वाधीनता र सार्वभौमिकतामाथि गम्भिर संकट उत्पन्न भएको छ । सत्ता र शासनव्यवस्थाको नेतृत्व गरिरहेका संसदवादी राजनीतिक पार्टीहरूमा विकसित दलाल र राष्ट्रिय आत्मसमर्पणवादी चरित्रका कारण वैदेशिक हस्तक्षेप तीव्र बन्दा यस्तो संकट उत्पन्न हुन पुगेको हो ।

***राष्ट्रघाती एमसीसीको दुष्चक्र***

बुधबार साँझ नेपाल भ्रमणमा आएका दक्षिण तथा मध्य एसिया मामिला हेर्ने अमेरिकी सहायक विदेशमन्त्री डोनाल्ड लु तीनदिने नेपाल भ्रमण सकेर शुक्रबार स्वदेश फर्केका छन् । उनले मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) परियोजना सदनबाट पास गराउन अल्टिमेटमसहित दबाब दिएका छन् । उनले मंसिर २८ गतेभित्र एमसीसी पास गर्न दबाब दिएको संसदवादी दलका नेताहरूले बताएका छन् ।

नेपाल भ्रमणका क्रममा सहायक विदेशमन्त्री लुले प्रधानमन्त्री शेरबहादुर देउवा, विपक्षी दलका नेता तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र नेकपा (माओवादी केन्द्र)का अध्यक्ष तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहालसँग छुट्टाछुट्टै भेटवार्तामा एमसीसी परियोजना तत्काल पास गर्न दबाब दिएका थिए ।

***एससीसी टेवल गर्न प्रचण्डले दिए सहमति***

सत्तारुढ माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड मिलेनियम च्यालेन्ज



कर्पोरेसन (एमसीसी) सम्झौतालाई संसदमा टेवल गर्न सहमति दिएको बालुवाटार स्रोतले दाबी गरेको छ । एमसीसी सम्झौता साढे २ वर्षदेखि प्रतिनिधिसभामा विचाराधीन छ । ३० असार २०७६ मा संसद सचिवालयमा दर्ता भएको यो सम्झौता संसदीय अनुमोदनमा लागि भन्दै पछिल्लो पटक थपेको म्याद मंसिर २८ (डिसेम्बर १४) मा सकिँदैछ ।

यसअघि भदौमा नेपाल आएकी एमसीसी उपाध्यक्ष फातिमा सुमारले पनि नेपालका लागि यो अन्तिम मौका हो भनेर फर्किएकी थिइन । एमसीसी मुख्यालयलाई विश्वास दिलाउन पछिल्लो पटक प्रधानमन्त्री देउवा र माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले पत्रै पठाएर एमसीसी पास गर्ने प्रतिबद्धता जनाएको स्वयम् प्रम देउवाले खुलासा गरिसकेका छन् । सम्झौताको म्याद सकिने अवधि नजिकिँदै जाँदा अमेरिकाले निर्णय लिन नेपालमाथि थप दबाव बढाएको हो ।

बालुवाटार स्रोतका अनुसार अमेरिकी सहायकमन्त्री काठमाडौं आइपुगेकै दिन बिहीबार प्रधानमन्त्री एवं कांग्रेस सभापति शेरबहादुर देउवा र माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले एमसीसीबारे छलफल गरेका थिए । छलफलमा प्रचण्डले एमसीसी सम्झौता संसदमा टेवल गर्न सहमति जनाइसकेका छन् ।

***टेबल भए पास हुन्छ एमसीसी***

शुक्रबार अमेरिकी सहायक मन्त्री लूसँग भएको भेटमा पनि माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले एमसीसी सम्झौता संसदमा टेबल गर्ने संकेत गरेका छन् ।

संसदमा टेबल भए एमसीसी सम्झौता स्वतः पास हुने स्थिति छ । नेपाली कांग्रेस, नेकपा (एमाले) (भिम रावल लगायत केही सांसदको विरोध भएपनि) र जनसमाजवादी पार्टी एमसीसी सम्झौता हुबहु नै पास गर्ने पक्षमा वकालत गरिरहेका छन् । सिंगो माओवादी केन्द्र र राष्ट्रिय जनमोर्चाले बाँकी ५ पेजमा

## दार्चुलाको छाङरु र टिंकरमा समेत जनगणना गर्न जान दिएन भारतले

काठमाडौं । राष्ट्रिय जनगणनाका लागि दार्चुलाको छाङ्रु र टिंकरमा समेत जान भारतीय प्रशासनले अवरोध गरेको छ । दार्चुला जिल्लाका दुई गाउँ छाडरु र टिंकरमा जनगणनामा जानका लागि तीन पटकसम्म पत्राचार गर्दा पनि कुनै जवाफ नदिएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ । व्यास गाउँपालिका-१ का छाडरु र नेपाल-चीन सीमावर्ती गाउँ टिंकरमा जनगणनाका लागि केन्द्रीय तथ्यांक विभागबाट खटिएका कर्मचारी भारतीय बाटो हुँदै जान नपाएपछि दार्चुला सदरमुकाम खलंगामा रोकिन पुगेका छन् । बाँकी ७ पेजमा

## मूल्यवृद्धि फिर्ताको माग गर्दै क्रान्तिकारी माओवादी सम्बद्ध जबस मोर्चाको विरोध प्रदर्शन

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) सम्बद्ध जनवर्गीय संगठन तथा जातीय मोर्चाहरूको संयुक्त आयोजनामा विरोध प्रदर्शन गरिएको छ । पेट्रोलियम पदार्थमा गरेको मूल्यवृद्धि अविलम्ब खारेज गर्न माग गर्दै विरोध प्रदर्शन गरिएको हो ।

नेपाल आयल निगमको कार्यालयको गेट टेकुमा गरिएको विरोध प्रदर्शनमा 'एमसीसी धोका हो, नालायक सरकार राजिनामा दे, मूल्यवृद्धि खारेज गर, कालोबजारीलाई कारबाही गर, मूल्यवृद्धि नियन्त्रण गर, भारतीय विस्तारवाद मूर्दावाद, अमेरिकी साम्राज्यवाद मूर्दावाद' जस्ता नाराहरू लगाइएको थियो । प्रदर्शनको क्रममा जनवर्गीय संगठन तथा जातीय मोर्चाहरूको तर्फबाट बाँकी ७ पेजमा

## 'राष्ट्रघाती एमसीसी सम्झौता खारेज गरौ' भन्दै क्रान्तिकारी माओवादीको विरोध प्रदर्शन

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) सम्बद्ध देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल र जबस मोर्चाको संयुक्त आयोजनामा विरोध प्रदर्शन गरिएको छ । राष्ट्रघाती एमसीसी सम्झौता खारेज गरौ भन्दै माइतीघर मण्डलामा विरोध प्रदर्शन गरिएको हो ।

विरोध प्रदर्शनसँगै आयोजना गरिएको विरोध सभालाई क्रान्तिकारी माओवादीका स्थायी समिति सदस्य तथा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका महासचिव परि थापा, अनेमसंघ (क्रान्तिकारी)कि




महासचिव शारदा महत, अखिल (क्रान्तिकारी)का अध्यक्ष हरिकृष्ण गजुरेल, अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघका महासचिव वसन्त बोगटीलगायतका नेताहरूले विरोध मन्तव्य राख्नु भएको थियो ।

विरोध सभाको सञ्चालन देजमोका ३ नं प्रदेश अध्यक्ष पवनमा श्रेष्ठले गर्नुभएको थियो ।

अमेरिकी सहायक विदेशमन्त्री डोनाल्ड लु नेपाल भ्रमणमा रहेको र राष्ट्रघाती एमसीसी सम्झौता सदनबाट पास गराउनेषड्यन्त्र बाँकी ७ पेजमा

## अमेरिकी दुताबास अगाडि गरेको विरोध प्रदर्शनमा प्रहरी हस्तक्षेप, १० जना पक्राउ

काठमाडौं । एमसीसी सम्झौता खारेजीको माग गर्दै लाजिम्पाट स्थित अमेरिकी दसताबास अगाडि क्रान्तिकारी माओवादीको आयोजनामा गरिएको शान्तिपूर्ण प्रदर्शनमा प्रहरीले हस्तक्षेप गर्‍यो ।

कालो झण्डा र व्यानरसहित प्रदर्शमा उत्रिएका क्रान्तिकारी माओवादीका नेता कार्यकर्ताहरूलाई पक्राउ गरेको हो । नेकपा (क्रान्तिकारी माओवादी) सम्बद्ध युवा संगठन क्रान्तिकारी युवा लिगका अध्यक्ष अमीर महर्जनको नेतृत्वमा भएको विरोध प्रदर्शनको बाँकी ७ पेजमा

## लूको नेपाल भ्रमण : एमसीसी पास गर्न मंसिर २८ को अल्टिमेटम

काठमाडौं । अमेरिकी मिलेनियम च्यालेन्ज कर्पोरेसन (एससीसी) सम्झौता पास गर्न नेपाल भ्रमणमा रहेका दक्षिण तथा मध्य एसिया मामिला हेर्ने अमेरिकी सहायक विदेशमन्त्री डोनाल्ड लुले नेपाल सरकारलाई अल्टिमेटम दिएर फर्किएका छन् । उनले एमसीसी परियोजना नेपालले लिने कि नलिने भन्ने विषय यही मंसिर २८ गतेसम्म टुंगो लगाउन समयसीमा तोकेका छन् । सत्तारुढ दल माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालसँगको शुक्रबारको भेटमा सहायक विदेशमन्त्री लुले समयसीमा तोकेर एमसीसीबारे निर्णय गर्न दबाब दिएका हुन् ।

'नेपालले एमसीसी सम्झौता अघि बढाउने कि नबढाउने भन्ने १४ डिसेम्बरसम्म भन्नु पर्‍यो । हुन्छ कि हुन्न भन्ने जवाफ चाहियो । नत्र अयन्त्र ट्रान्सफर गर्छौं भन्नु भएको छ' दाहालसँगको भेटमा भएको कुराकानीबारे उनका स्वीकय सचिव बाँकी ७ पेजमा

## शान्तिपूर्ण प्रदर्शनमाथि गरिएको हस्तक्षेप र गिरफ्तारीको घोर विरोध र भर्त्सना

काठमाडौं । अमेरिकी सहायक विदेश मन्त्री डोनाल्ड लुको नेपाल भ्रमणको विरोधमा अमेरिकी दुताबास अगाडि गरिएको शान्तिपूर्ण प्रदर्शनमाथि प्रहरीले गरेको हस्तक्षेप र गिरफ्तारीको नेकपा (क्रान्तिकारी माओवादी)ले घोर निन्दा र भर्त्सना गर्‍यो ।

पार्टीका महासचिव मोहन वैद्य किरणले जारी गरेको वक्तव्यमा भनिएको छ, 'एमसीसी जस्तो घोर राष्ट्रघाती सम्झौतालाई संसदबाट अनुमोदन गराउनका लागि नेपालका प्रधानमन्त्री लगायत संसदवादी बाँकी ७ पेजमा

## संयुक्त विद्यार्थी संगठनले क्रान्तिकारी माओवादीको नेतृत्वलाई बुझाए ज्ञापनपत्र




काठमाडौं । पेट्रोलियम पदार्थमा गरिएको मूल्यवृद्धिका विरुद्ध नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल (क्रान्तिकारी) लगायत ६ वटा विद्यार्थी संगठनहरूले आन्दोलन जारी राखेका छन् ।

आन्दोलनरत विद्यार्थी संगठन सम्बद्ध पार्टी नेतृत्वहरूलाई ज्ञापन पत्र बुझाउने कार्यक्रम अनुसार शुक्रबार नेकपा (क्रान्तिकारी माओवादी)को नेतृत्वलाई ज्ञापन पत्र बुझाइएको छ ।

क्रान्तिकारी माओवादीका महासचिव अस्वस्थ रहेकोले विद्यार्थीहरूले पार्टीका स्थायी समिति सदस्य तथा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष सीपी गजुरेललाई ज्ञापन पत्र बुझाएका थिए ।

ज्ञापन पत्र बुझाउने क्रममा अखिल (क्रान्तिकारी)का अध्यक्ष हरिकृष्ण गजुरेल, उपाध्यक्ष शिलु न्यौपाने, नेकपा (विप्लव) निकट विद्यार्थी संगठनका अध्यक्ष प्रकाश शाही, बाँकी ७ पेजमा

# एमसीसी परियोजना : बहस र यथार्थ

***यो एमसीसी परियोजना पचास करोड अमेरिकी डलरको विकासे परियोजना हो । जसमा तेह्र करोड डलर नेपाल सरकारले ब्यहोर्ने प्रस्ताव छ भने बाँकी सैंतीस करोड डलर अमेरिकी सरकारले अनुदानमा दिने हो । अमेरिकी सरकारले नेपालमा यस अघि पनि आर्थिक सहयोग अनुदान तथा ऋण उपलब्ध गराउँदै आएको छ***



● हिरामणि दुःखी ●

यतिखेर नेपालमा एमसीसी परियोजनाका कारण दुई फरक धारमा जनमत विभक्त भएको छ । नेकपा (क्रान्तिकारी माओवादी)ले सबैभन्दा बढि सडक आन्दोलन यस परियोजनाका विरुद्धमा गरिरहेको छ । त्यसैगरि विप्लव समुहको नेकपा र २२ दलीय गठबन्धमा आवद्ध ससाना राजनीतिक दल तथा घटकहरू, एमसीसी विरोधी मोर्चा जस्ता केही दल र समुहहरू पनि निरन्तर रूपमा यसका विरुद्धमा सङ्घर्षरत छन् । संसदवादी राजनीतिक दलहरूमा पनि यो परियोजनाको विषयमा बहस र विवादहरू रहेका छन् । तर ती दलहरूमा सङ्गठित भन्दा व्यक्तिगत रूपमा केही नेता तथा सांस्दहरूले विरोध गरेका छन् । नेपाली काङ्ग्रेस, नेकपा एमाले तथा जनता समाजवादी पार्टीहरू संस्थागत रूपमै यो परियोजना जसरी पनि नेपालमा लागू गर्न संसदवाट पारित गर्ने पक्षमा छन् । उता नेकपा (माओवादी केन्द्र) र माधव नेपालको पार्टीले भने काइते तर्क गरेर केही प्रावधान संसोधन गरेर पास गर्नु पर्ने जस्ता विचार राखिरहेका छन् । जे होस् ती दलहरूमा एमसीसीको विषयमा चर्को विरोधको स्वर त छन् तर ती संस्थागत रूपमा आएका नभएर व्यक्तिगत रूपमा आएका छन् ।

यो एमसीसी परियोजना पचास करोड अमेरिकी डलरको विकासे परियोजना हो । जसमा तेह्र करोड डलर नेपाल सरकारले ब्यहोर्ने प्रस्ताव छ भने बाँकी सैंतीस करोड डलर अमेरिकी सरकारले अनुदानमा दिने हो । अमेरिकी सरकारले नेपालमा यस अघि पनि आर्थिक सहयोग अनुदान तथा ऋण उपलब्ध गराउँदै आएको छ । त्यो सहयोग यु.एस.एड मार्फत् गर्दै आएको छ । विश्वका अरू पनि आर्थिकरूपले सम्पन्न मुलुकहरूबाट नेपालमा अनुदान तथा ऋण सहयोग आई नै रहेका छन् । नेपालको भौतिक पूर्वाधारका योजनाहरूका साथै शिक्षा, स्वास्थ्य, कृषि, वन वातावरण, प्राकृतिक विपत्तीहरू जस्था थुप्रै क्षेत्रमा वैदेशिक लगानी नभएका कुनै पनि योजना सायदै भेटिएलान् । हरेक पटक सरकार परिवर्तन हुँदा प्रधानमन्त्रीको बाँकी २ पेजमा

## सम्पादकीय

# राष्ट्रघाती एमसीसीमा प्रचण्डको लालमोहर

'अमेरिकाको मिलेनियम च्यालेन्ज कम्प्याक्ट (एमसीसी) सम्झौता राष्ट्रघाती छ भन्ने विश्लेषण र अडानमा थियो पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको नेकपा (माओवादी केन्द्र)। राष्ट्रघाती प्रावधानहरू हटाएर राष्ट्रिय सहमति कायम गरेर मात्र एमसीसी पास गर्न सकिने धारणा सार्वजनिक गर्दै आएको थियो। तर यो अडानमा लामो समयसम्म टिक्न सकेन। एमसीसी परियोजनाकी उपाध्यक्ष फातिमा सुमारसँगको भेटपछि प्रचण्डले प्रधानमन्त्री शेरबहादुर देउवासँग मिलेर एमसीसीको मुख्यालयलाई गोप्य पत्राचार गरे। एमसीसी पास गर्ने लिखित प्रतिबद्धतासहितको पत्र पठाए। जलवायु परिवर्तनसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनमा अमेरिकी राष्ट्रपति जो वाइडेनदेखि एमसीसीकी सिइओसम्म भेट गरेर आएका प्रधानमन्त्री देउवाले एअरपोर्टमै प्रचण्ड र आफूले एमसीसी पास गर्छौं भनेर हस्ताक्षरै गरेर पठाइसकेको खुलासा गरे। यसको पार्टीभित्र र बाहिर तीव्र विरोध भएपछि उनले स्पष्टिकरण दिए तर घुमाउरो रूपमा देउवाले भनेकै कुरालाई पुष्टि गरे। पार्टी बाहिरको आशंकालाई निवारण गर्न नसके पनि पार्टीभित्रको विरोध र आशंकालाई चाहिं उनले कसरी व्यवस्थापन गरे, त्यो भने सार्वजनिक भएको छैन। गोप्य पत्र पठाएकोमा विरोध गर्ने एकाध नेताहरू पनि अहिले भने चुपचाप भएका छन्।

हालै तीन दिने भ्रमणमा आएका अमेरिकी सहायक विदेशमन्त्री डोनाल्ड लूसँगको भेटमा त उनले एमसीसी संसदमा टेबल गर्ने बचन नै दिएको कुरा सार्वजनिक भएको छ। त्यो पनि मंसिर २८ भित्रै। संसदमा टेबल गरेर त्यहीं बहस गर्ने र पारित गर्ने नगर्ने संसदले नै टुंगो लगाउँछ भनेर उनी पानीमाथिको ओभानो बन्न खोजेका छन्। प्रचण्डलाई राम्रोसँग थाहा छ- संसदमा टेबल हुने वित्तिकै एमसीसी पास हुन्छ भन्ने। प्रचण्ड नेतृत्वको पार्टीकै नेता सभामुख भएकोले प्रचण्डले सहमति दिनेवित्तिकै अब एमसीसी सदनको बिजिनेस बन्ने पक्कापक्की भएको छ र यो सँगै राष्ट्रघाती भनिएको एमसीसी अन्ततः पास गर्ने योजनामा सबै संसदवादी पार्टीहरू एकमत हुने देखिएको छ। आफैले राष्ट्रघाती करार गरेको एमसीसीमा अन्ततः प्रचण्डले लालमोहर लगाउन पुगेका छन्।

संसदमा पेश भएपछि माओवादी केन्द्रका सांसदहरूले मतदान नगरे पनि एमसीसी सम्झौता दुई तिहाइ मतबाट पास हुन्छ। नेपाली कांग्रेस, नेकपा (एमाले) (भिम रावल लगायत एकाध सांसदहरूबाहेक), जनसमाजवादी पार्टीले एमसीसी हुबहु नै पास गर्ने बचन दिइसकेका छन्। कांग्रेस र एमालेकै सांसदहरूको दुईतिहाइ मत भएकोले एमसीसी टेबल हुने वित्तिकै पास हुने अवस्था छ। तत्कालीन प्रम केपी ओलीले तत्कालीन सभामुख कृष्णबहादुर महराले संसदमा एमसीसी टेबल नगरेको भन्दै सार्वजनिक रूपमा नै असन्तुष्टी पोखेका थिए। उनी अहिलेका सभामुख अग्नी सापकोटासँग पनि रुष्ट नै थिए। अब एमसीसीको बल सभामुखको कोर्टमा पुगेको छ। प्रचण्डको अगाडि उनको केही चल्ने कुरा भएन। प्रचण्डमाथि अमेरिकी दबाबको अनुपातमा प्रचण्डको सभामुख अग्नी सापकोटामाथि दबाब पर्छ।

प्रचण्डले जनताको आँखामा छारो हाल्ने र आफू पानीमाथिको ओभानो हुन यस्तो सहमति दिएको अहिले सार्वजनिक टिप्पणी समेत भइरहेको छ। संसदमा टेबल गर्न दिने तर आफूहरूले मतदान नगर्ने। यति भएपछि अमेरिकी दबाब पनि खेप्नु नपर्ने, छिमेकी मुलुक चिनलाई भन्न पनि बाहना हुने अनि आफूहरू त एमसीसीको खारेजीकै पक्षमा थियौ नी भनेर जनतामा भ्रम छर्ने बाटो पनि हुने। यही द्वैध र अवसरवादी मार्गमा हिड्न पुगेको छन्- प्रचण्ड र माओवादी केन्द्र।

सबै विज्ञ र विश्लेषकहरूलाई समेत माथ गर्ने गरी एमसीसी कति राष्ट्रघाती छ भन्ने कुराको विश्लेषण माओवादी केन्द्रकै नेताहरू देव गुरुङ र लिलामणि पोखरेलहरूले गर्दै आएका छन्। यस्तो राष्ट्रघाती सम्झौतामा प्रचण्डले लालमोहर लगाउँदा ती नेताहरूको मौनता बुझिनसक्नुको छ।

एकातिर भारतीय विस्तारवादको दादागिरी अर्कोतिर साम्राज्यवादी मिसनमा आधारित अमेरिकाको एमसीसीको चक्रब्यूहका कारण नेपालको स्वाधीनता र सार्वभौमिकतामाथि गम्भिर संकट उत्पन्न हुन पुगेको छ। भारत र अमेरिकाको दलाली गरेर सत्ताको सिंढी चढ्ने र सत्तामा टिकिराख्ने खेलमा प्रतिस्पर्धा गर्ने दलाल नेताहरूबाट मुलुकको बर्बादी भइरहेको छ। दलाल पुँजीवादमा आधारित वर्तमान सत्ता, व्यवस्था र संविधानका विरुद्ध जनआक्रोश चुलिइरहेको छ। यस्तो स्थितिमा सच्चा देशभक्त र कम्युनिस्ट क्रान्तिकारीहरूले सशक्त रूपमा राष्ट्रिय प्रतिरोध संघर्ष संगठित गर्नुको विकल्प छैन। राष्ट्रिय प्रतिरोध संघर्षले नै दलाल तथा राष्ट्रघाती-जनघाती सत्ता, व्यवस्था र शासकहरूलाई खरानी पार्नेछ र जनताले खोजेको नयाँ स्वाधीन र आत्मनिर्भर अग्रगामी राजनीतिक व्यवस्थाको निर्माण गर्नेछ।

परिवर्तनको सम्वाहक




सत्यतथ्य निष्पक्ष खबर तथा विचारका लागि सधैँ हेर्नें र पढ्ने गरौँ।

www.moolbato.com

# नेपाल कम्युनिष्ट पार्टी (मसाल) कता जाँदैछ ?



● सन्तबहादुर नेपाली ●

नेकपा (मसाल) को वैधानिक मोर्चा राष्ट्रिय जनमोर्चा अहिले सत्तारुढ पार्टीहरू सहितको पाँच दलीय गठबन्धनमा बसेको छ। अन्य ४ दल सरकारमा सामेल छन् भने राष्ट्रिय जनमोर्चा सरकारमा सामेल भएको छैन। संसदको बैठकमा त्यो पार्टीले आफूलाई प्रतिपक्षमा बसेको बताउँदै आएको छ। संसदमा प्रतिपक्षमा बस्ने पार्टीले सरकार संचालनमा सहयोग गर्दैन। अहिले केपी ओलीको एमाले प्रतिपक्षमा बसेको छ। उसले सरकार संचालनमा सहयोग गर्दैन। प्रतिपक्षको भूमिका भनेको संसदमा सत्ता पक्षको आलोचना गर्ने, विरोध गर्ने र सत्तापक्षलाई उसको कमजोरी देखाएर आगामी निर्वाचनमा उसलाई पराजित गर्न सकारात्मक भूमिका खेल्नु पनि हो। अहिले एमालेले संसदमा कडा विरोध मात्र होइन, संसद नै चल्न दिएको छैन। कैयौं आवश्यक कानुनहरू पारित हुन सकिरहेका छैनन्।

राष्ट्रिय जनमोर्चा मात्र यस्तो पार्टी हो, जो सरकार संचालन गर्न गठबन्धनमा बस्छ। सरकारलाई आवश्यक सरसल्लाह दिन्छ तर संसदमा प्रतिपक्षमा बस्छ। प्रतिपक्षमा बसे पनि सरकारको विरोध गर्दैन। सत्ता पक्षको विरोध पनि गर्दैन। तर प्रतिपक्ष एमालेको भने निकै विरोध गर्छ। यसप्रकारको नीति संसदीय क्षेत्रमा कतै देख्न सकिदैन। संसदवादी दलहरू पनि एउटा मान्यताहरूलाई मानेर हिंड्छन्। त्यो मान्यता भन्दा तलमाथि गर्दैनन्। तर नयाँ संसदवादीहरूलाई त्यो मान्यतालाई अपनाउन बाधयता नहुने हुनाले त्यसो गर्दा पनि ठीकै हुन्छ, त्यसो गर्नु पनि क्रान्तिकारी नीति नै हुन्छ।

यस्तै प्रकारको अनौठो नीति राष्ट्रिय जनमोर्चाको फेरि बाहिर आएको छ। गत कार्तिक २२ गते पाँच दलीय गठबन्धनले सरकार संचालन र आगामी निर्वाचनका लागि भनेर उच्चस्तरीय राजनीतिक समन्वय समिति बनाइएको थियो। त्यो समन्वय समितिको कामको विषयलाई लिएर धेरै नै चर्चा परिचर्चाहरू भएका थिए। समन्वय समिति बनेपछि धेरै नेताहरूका प्रतिक्रियाहरू पनि आएका थिए। कार्तिक २३ गते राजधानी दैनिकले लेख्दछः 'सरकारका कामकारवाही प्रभावकारी बनाउने र सत्ता गठबन्धन दरिलो बनाउने उद्देश्य सहित पाँच दल आबद्ध सत्ता गठबन्धनले उच्चस्तरीय राजनीतिक समन्वय समिति बनाएका छन्।' पत्रिका अगाडि लेख्छ : सरकारको तर्फबाट समितिको सदस्य तोकिएका मन्त्री कार्कीले आसन्न राष्ट्रिय सभाको निर्वाचन तथा प्रतिनिधिसभा र प्रदेश सभाको उपनिर्वाचनलाई ध्यानमा राखेर साथै सरकारको कामलाई प्रभावकारी बनाउन समिति बनाइएको जानकारी दिए।' कार्तिक २३ गते कै 'नयाँ पत्रिका' दैनिक लेख्दछः गठबन्धनले सरकार संचालनका लागि र चुनावमा सहयोगीका रूपमा काम गर्न ११ सदस्यीय समन्वय समिति बनाएको र नेतृत्व दुई दुई महिनामा हेरफेर हुने कांग्रेस वरिष्ठ नेता रामचन्द्र पौडेलले जानकारी दिए।' सोही पत्रिकाले लेखेको छ : 'सरकार संचालनका लागि समन्वय समिति गठन गर्दै गठबन्धनलाई उपनिर्वाचन र राष्ट्रिय सभा निर्वाचनसम्म लैजाने सहमति भएको सरकारका प्रवक्ता समेत रहेका संचारमन्त्री ज्ञानेन्द्र बहादुर कार्कीले बताए। गठबन्धन सरकारको कामलाई थप प्रभावकारी बनाउन र सरकार संचालन समन्वय समितिको गठन भएको छ। साथै निकट भविष्यमा सम्पन्न हुने राष्ट्रिय सभाको निर्वाचन र उपनिर्वाचनहरूमा पाँच दलीय गठबन्धनले संयुक्त रूपमा तयारी गर्ने निर्णय भएको छ।' उनले भने।' त्यसदिन प्रकाशित सबै पत्रिकाहरू पाँच दलीय गठबन्धनका नेताहरूको भनाईलाई जस्ताको तस्तै एउटै प्रकारले प्रकाशित गरेका छन्। यसबाट यो स्पष्ट छ कि पाँच दलीय गठबन्धनले उच्चस्तरीय राजनैतिक समन्वय समिति गठन गर्नुको दुईवटा उद्देश्यहरू रहेका छन्। एक, सरकार संचालन, दुई, उपनिर्वाचन र राष्ट्रिय सभाको निर्वाचनमा संयुक्त उम्मेदवारहरू उठाएर गठबन्धनलाई जिताउने।

संसदीय व्यवस्थामा यसप्रकारका गठबन्धनहरू बन्ने र भत्कने गर्छन्। यो कुनै अनौठो कुरा होइन। अनौठो कुरा त के हो भने नयाँ जनवादी क्रान्तिको बाटोबाट नेपालमा नयाँ जनवादी व्यवस्था, समाजवाद र साम्यवादसम्म पुग्ने रणनीति लिएको नेकपा (मसाल) अहिले नेपाली कांग्रेसको सरकारलाई संचालन गर्न र उपनिर्वाचनमा उसका उम्मेदवारलाई जिताउन काँध थाप्न पुगेको छ। कांग्रेसलाई नेकपा (मसाल) ले प्रतिक्रियावादी दलमा राखेको छ। राजनैतिक दस्तावेजमा लेखिएको छः 'चुनावमा नेका पक्षीय गठबन्धनको विजयी भएको भए गणतन्त्र, धर्मनिरपेक्षता र राष्ट्रियतामा गम्भीर प्रकारको खतरा पुग्ने सम्भावना थियो। त्यसैले हाम्रो पार्टीले नेकालाई हराउने कुरामा जोड दियो।' मसालले नेकालाई हराउन किन जोड दियो ? त्यो विषयमा मसालको विश्लेषण छः 'नेका, सामन्त र दलाल नोकरशाही पुँजीपति वर्गको पार्टी हो। ती वर्गहरू नयाँ जनवादी क्रान्तिका दुश्मन शक्तिहरू हुन्।' यसरी नेकालाई दुश्मन शक्ति बताएको मसालले अहिले कार्यनीतिक संयुक्त मोर्चा बनाउन पुगेको छ। मसाल सरकारको संचालनका लागि पाँच दलीय गठबन्धनको एउटा हिस्सा बन्न पुगेको छ। यो अवस्था किन आयो ? भन्ने प्रश्न जताकतै उठिरहेको छ। शुरुमा केही जिम्मेवार साथीहरूले पार्टी दक्षिणपन्थी दिशामा जान लागेको चिन्ता प्रकट गर्दा उनीहरूलाई निष्काशन गर्दै गइयो। तर अहिले कुरा त्यही उठिरहेको छ। त्यो आलोचनाबाट आफूलाई बचाउन कार्तिक २३ गते राष्ट्रिय जनमोर्चाको नामबाट पार्टीको नीति बाहिर सार्वजनिक भएको छ। त्यसमा कांग्रेस नेताहरूको भनाईलाई खण्डन गर्दै लेखिएको छ : 'हिजो बसेको पाँच दलीय बैठकले पाँच दलको गठबन्धनको कामलाई अरु व्यवस्थित र प्रभावशाली बनाउनका लागि एउटा समन्वय समिति बनाउने निर्णय गरेको छ। पहिले सरकारको संचालनका लागि पाँच दलीय संयन्त्र बनाउने कुरा उठेको थियो। तर हाम्रो पार्टी सरकारमा सामेल नभएको हुनाले हामीले त्यसप्रकारको संयन्त्रमा नबस्ने कुरा स्पष्ट गरेका थियौं। तर अहिले बनेको समिति सरकारको संचालन सम्बन्धी संयन्त्र नभएको कुरा हामीले स्पष्ट गर्न चाहान्छौं।' यसरी सरकार संचालन सम्बन्धी निर्णय भएको कुरालाई राष्ट्रिय जनमोर्चाले अस्वीकार गरेको छ।

यदि सरकार संचालनको प्रश्नमा राष्ट्रिय जनमोर्चाले अस्वीकार गरेको हो भने समन्वय समिति गठनको बैठकमा लेखिएको माइन्युटमा आफ्नो असहमति (नोट अफ डिसेन्ट) पक्कै पनि लेख्नु भएको होला। हामी त्यो असहमति सार्वजनिक गर्न आग्रह गर्दछौं। तर हामीलाई के कुरा स्पष्ट भएको छ भने राजमो बैठकमा सरकार संचालन सम्बन्धी निर्णय गर्दा सहमत छ। तर बाहिर कार्यकर्ताहरूको ठूलो पंक्तिले आलोचना गरेपछि राजमोले आफु सहमत पनि नभएको र त्यसप्रकारको निर्णय पनि नभएको भनेर वक्तव्य सार्वजनिक गरेको छ। राजनीतिमा यसो गर्नु बेइमानी हो। मसाल नेतृत्वले बारम्बार कार्यकर्ताहरूसित झुठ र बेइमानी गर्दै आएको थियो। आफै निर्णय गर्ने अनि आफै त्यसलाई उल्लंघन गर्ने, गल्ती भएको भनेर पार्टीभित्र कसैले आलोचना गऱ्यो भने त्यसलाई विभिन्न बहाना गरेर पार्टी जीवनबाट नै सिद्धाई दिने प्रवृत्ति पहिलेदेखि कै हो। त्यो प्रवृत्ति यहाँ पनि देखा परेको छ। पार्टीले सरकार संचालनका लागि समन्वय समिति बनेको सार्वजनिक जानकारी गराउने कांग्रेसी नेताहरूलाई कही कतै आलोचना गरेको छैन। तर उसले मिडियालाई भ्रामक टिप्पणी गरेको भनेर आरोप लगाएको छ। वक्तव्यमा भनिएको छः'कतिपय सामाजिक संजाल,पत्रपत्रिका वा व्यक्तिले त्यो समितिलाई सरकारको संचालन सम्बन्धी संयन्त्र नै भएको बताइरहेका छन्। तर त्यो भ्रामक टिकाटिप्पणी हो।'

मसालको यो सुतुरमुर्गी प्रवृत्तिले सधै के देखाउन खोज्दछ भने आफु नेताहरू सधै ठीक, कहिल्यै गलती नै नगर्ने, तर अरु सबै बेठीक र बेतुकका व्यक्ति हुन्। आफूलाई निकै स्वच्छ र चोखो छवि राख्न चाहनु राम्रो कुरा हो। तर त्यस्तो नेतृत्वले समय मै सही निर्णय गर्न सक्नु पर्दछ। निर्णय गलत गर्ने तर गल्ती भए पछि त्यसको दोष अरुको टाउको थोपर्ने, यो प्रवृत्तिले गर्दा आज पार्टी कार्यकर्ताहरू तितरवितर भइरहेका छन्। अन्य दलसित पनि यही प्रकारको प्रवृत्तिले गर्दा सम्बन्ध राम्रो रहेको पाइँदैन। मसालका नेताहरू यो गठबन्धनलाई 'अझ चुनावसम्मका लागि' भनेर प्रचार गरिरहनु भएकोछ। किनकि कार्यकर्ताहरूबाट विरोध आएको छ। त्यो विरोधलाई मत्थर पार्न यसो भन्न परिरहेको छ। तर यसबाट के कुरा झन् प्रष्ट भएको छ भने यो गठबन्धनमा टाँसिनुको कारण आगामी निर्वाचनमा नेपाली कांग्रेसको भोटबाट १/२ सिट हात पार्न सकिन्छ कि भन्ने हो। यो चुनावपरस्त प्रवृत्तिले मसाललाई कांग्रेसपरस्त राजनीति गर्न बाध्य तुल्याएको छ। चोलेन्द्र प्रकरणमा मसालले कांग्रेसपरस्त नीति अपनाउनुको कारण त्यही थियो।

हरेक व्यवहारका पछाडि व्यक्तिको दृष्टिकोण, विचार र नीतिले काम गरेको हुन्छ। विचार विना कुनै काम हुँदैन। पार्टीमा पनि त्यही कुरा लागु हुन्छ। कुनै पार्टीले हतियार उठाउँछ, त्यो भन्दा अगाडि उसले नीति निर्माण गर्छ। एक्कासी उठाउँदैन। कुनै पार्टी प्रतिक्रियावादीसित सम्झौता गर्छ, त्यो भन्दा अगाडि उसले नीति निर्माण गर्छ। एक्कासी सम्झौता गरिएको हुँदैन। आज मसाल नेपाली कांग्रेसको सहयोगी दल वा भातृ संगठन जस्तो भएर काम गर्नुका पछाडि पार्टीको नीति नै जिम्मेवार छ। यो अहिले एक्कासी विकास भएको प्रवृत्ति होइन। पार्टीले आठौं महाधिवेशनमा दक्षिणपन्थी नीति यसरी पारित गरेको थियो। 'विद्यमान राजनीतिक र आर्थिक व्यवस्थामा आमूल परिवर्तनका लागि सशस्त्र संघर्ष अनिवार्य भए पनि त्यो सिद्धान्तलाई कुनै खास बेलाको स्थितिमाथि ध्यान दिएर नै प्रयोग गर्नुपर्छ। कुनै खास परिस्थितिमा कुनै देशको स्थिति अनुसार सशस्त्र संघर्षको सट्टा शान्तिपूर्ण आन्दोलन वा संसदीय प्रणालीलाई पनि उपयोग गर्न सकिन्छ।' अहिले मसालले संसदीय प्रणालीलाई उपयोग गर्दैछ। त्यसका लागि प्रतिक्रियावादीसित घाँटी जोड्न पुगेको छ।

कुरो त्यही मात्र सीमित छैन, सरकारमा जाने सपना पनि मसालको जीवित छ। दस्तावेजमा भनिएको छः'का. केसीको भूमिकाबाट सरकारमा गएपछि जो पनि भ्रष्ट हुन्छन् वा बिग्रन्छन् भन्ने आम रूपमा प्रचलित मत पनि गलत सावित भएको छ। सरकारमा जाने हाम्रो नीति अहिले पनि खुल्ला छ।' सरकारमा जाने सवाललाई पार्टीले यसरी रणनीति बनाएको छ। दस्तावेजमा का. के.सी. को प्रशंसा गरिएको छ। दस्तावेजमा लेखिएको भनाईबाट के बुझ्न सकिन्छ भने का. केसीलाई सरकारमा पठाउनुको उद्देश्य देश र जनताको पक्षमा नीति बनाउने वा कुनै नयाँ काम गर्नु थिएन। मात्र के थियो भने उहाँले भ्रष्टाचार नगरिकन पदमा रहनु हुनेछ। त्यो काम का. के.सी.ले गरेर देखाउनु भएको छ। त्यसकारण हाम्रो पार्टी सरकारमा गयो भने भ्रष्टाचारको आरोप खेप्नु पर्दैन। का. केसीको उदाहरण दिएर पार्टीले सरकारमा जाने कुरालाई रणनीति बनाएको छ।

अहिले शेरबहादुर देउवाको सत्तालाई चुनावसम्म स्थायी र दिगो बनाउन पार्टीले जुन मेहनत गरेको छ, त्यो क्रान्तिकारी परिवर्तनका लागि होइन, देशमा अमेरिकी साम्राज्यवादको जग बलियो पार्नका लागि हो भन्ने कुरा पुष्टि हुँदै गएको छ। आगामी उपनिर्वाचन र राष्ट्रिय सभा निर्वाचन तथा त्यसपछि स्थानीय र संघीय निर्वाचनमा एमसीसी पक्षधरहरूलाई विजयी गराउन नेकाले समन्वय समिति बनाएको कुरा प्रष्ट छ। राष्ट्रिय जनमोर्चा त्यसको गोटी बनेको छ। यो गोटी बन्नुमा उसको आफै दक्षिणपन्थी नीति जिम्मेवार छ। हामीले त्यो नीति परिवर्तन गर्न माग गर्दा पार्टीले अस्वीकार गर्दै आएको छ। मसालका हजारौंका कार्यकर्ताहरूले नेपाली कांग्रेसको दमन, हत्या, जेलनेलको सामना गरेर पार्टीलाई यो अवस्थासम्म विकास र विस्तार गरेका हुन्। अहिले पनि शहीद परिवारका आँसु ओभाएका छैनन्। कुटपिटबाट अंगभंग भएका साथीहरू आधा जीवन बिताइरहेका छन्। तर पार्टी नेतृत्व नेपाली कांग्रेसको सपना साकार पार्न दौडिरहेको छ। आठौ महाधिवेशनको नीति विपरीत कांग्रेससित यसप्रकारको कार्यनीतिक संयुक्त मोर्चा बनाउँदा पनि पार्टीभित्रका अन्य नेता र कार्यकर्ताहरू अनुशासनका नाममा र नेतृत्वलाई प्राधिकार सम्झेर चुँसम्म बोल्दैनन्। पार्टीलाई दक्षिणपन्थी बनाउन र सामाजिक जनवादी वा पुँजीवादी दिशातिर लैजाने कार्यमा नेतृत्वको आलोचना गर्न नसक्नेहरू थोरै धेरै जिम्मेवार छन्। त्यो कुरा इतिहासले एक दिन प्रमाणित गर्नेछ।

म स ा ल नेतृत्वले हामी दक्षिणपन्थी होइनौं। निष्काशितहरूले हामीलाई दक्षिणपन्थी भने पनि प्रमाणित गर्न सक्दैनन् भनिरहेका छन्। २०३९ सालको श्रावणमा सम्पन्न केन्द्रीय समितिको बैठकमा पाँचौं महाधिवेशनमा प्रस्तुत गर्नका लागि पारित मस्यौदा प्रस्ताव, जसलाई क. मोहनविक्रम सिंहले तयार पार्नु भएको थियो, त्यसमा दक्षिणपन्थीबारे भनिएको कुरालाई उद्धृत गर्न चाहान्छुः ''. बेग्लाबेग्लै देश वा कालमा तिनीहरू मध्ये कुनै एउटा वा अर्को प्रवृत्ति मुख्य भएर आउँछ वा तिनीहरू अन्य बेग्लाबेग्लै रूपहरूमा पनि देखा पर्दछन्। तैपनि यिनीहरूका मुख्य विशेषताहरूको ज्ञान भए पनि जुनसुकै रूप र अवस्थामा आए पनि तिनीहरूलाई ठम्याउन कुनै खास कठिनाई हुन्न।

(१) सर्वहारावर्गको नेतृत्वदायी भूमिकाको महत्व कम र गौण पार्दै लैजानु। (२) सर्वहारा अन्तर्राष्ट्रवादको महत्वलाई गौण पार्दै लगेर अन्धराष्ट्रवादलाई प्राथमिकता दिंदै जानु (३) सशस्त्र संघर्षको भुमिका वा त्यसको संगठन भूमिगत तयारीलाई कमजोर पार्दै लगेर जनआन्दोलन, वैधानिक आन्दोलन वा चुनावको राजनीतिमा जोड दिनु। (४) पार्टीको नेतृत्वमा क्रान्तिकारी वर्गसितको संयुक्त मोर्चा नीतिलाई गौण बनाउँदै लगेर दुश्मन राजनीतिक शक्तिहरू वा उनीहरूका दलालहरूसितको गठबन्धन, सम्झौता र कार्यगत एकतामा जोड दिनु। (५) मिहेनतकश मजदुर, किसान वर्गहरूको वर्गसंघर्षको भूमिकालाई कम र महत्वहीन पार्दै लगेर उच्च वर्गहरूप्रति समन्वयवादी दृष्टिकोण अपनाउँदै जानु। (६) जनवादी केन्द्रीयतालाई कमजोर पार्दै लगेर पार्टी संगठन र अन्तर पार्टी संघर्षलाई अनुशासनविहीन, उदार, अर्ध अराजकतावादी, सम्झौतावादी दृष्टिकोण अपनाउँदै जानु। (७) सर्वहारावर्ग र सबै मिहेनतकश जनताका व्यापकहित, वर्गसंघर्ष, उच्चप्रकारको त्याग र बलिदान तथा क्रान्तिकारी मनोबलमाथि आधारित कम्युनिस्ट नैतिकताका ठाउँमा पारिवारिक स्वार्थहरू वा व्यक्तिगत स्वार्थ परायणतालाई प्राथमिकता दिने पुँजीवादी वा निम्न पुँजीवादी दृष्टिकोण अपनाउनु। ८ पार्टीका दीर्घकालीन र रणनैतिक उद्देश्यहरू तथा तिनीहरूका लागि क्रान्तिकारी परिस्थिति तयार पार्न जोड दिनुको सट्टा तात्कालिन आन्दोलन, नीति र सफलताहरूलाई प्राथमिकता दिनु। (९)सबै प्रकारका आन्दोलन र नीतिहरूको निर्धारणमा राजनीतिको पक्ष गौण पार्दै लगेर आर्थिक वा व्यवहारिक उपयोगिता र लाभहरूमा बढी जोड दिनु तथा (१०) जनतामा अन्तरनिहित महान् क्रान्तिकारी सम्भावना र भविष्यमाथि कम विश्वास गरेर वा निराश भएर तात्कालिक वस्तुस्थिति र प्रतिकुल परिस्थितिलाई बढी महत्व दिनु। पार्टीमा देखा पर्ने माथिका मध्ये कुनै पनि विचारले दक्षिणपन्थी भड्कावलाई जन्म दिन सक्दछन्। त्यसकारण उपरोक्त वा यही प्रकारका अन्य कुनै पनि प्रवृत्ति देखिने वित्तिकै क्रान्तिकारी शिक्षा, संघर्ष तथा आत्मालोचना, आलोचना र अन्तर पार्टी संघर्षद्वारा तिनीहरूलाई समाधान र निवारण गर्ने प्रयास गर्नुपर्दछ।' (रातो तरवार पृष्ठ १७५)

माथि उल्लेखित नीति सही मार्क्सवादी प्रस्थापनामा आधारित छ। मसालको नेतृत्व दक्षिणपन्थी दिशा समातेपछि अल्पमत पक्षले यही नीतिका आधारमा आलोचना र अन्तरसंघर्ष चलाएपछि फरक विचार राख्नेहरूको सफाया गरेर भएपनि माथि उल्लेखित दक्षिणपन्थी नीतिसित मेल खाने प्रकारको नीति अपनाउँदै मसाल नेतृत्व हिंडिरहेको छ। प्रचण्ड र माधवहरूले जस्तो मार्क्सवाद लेनिनवाद र माओ-त्सेतुङ विचारधारा, विशेषतः माओ-त्सेतुङ विचारधारालाई छाडेको भए हामी मसाल नेतृत्वलाई आलोचना गर्ने पट्टी लाग्ने थिएनौं। किनकि उनीहरूले सामाजिक जनवादी कार्यदिशा समातिसकेका छन्। अब उनीहरू फेरि क्रान्तिकारी कार्यदिशा समात्ने सम्भावना अत्यन्त न्यून छ। मसाल नेतृत्वले मालेमा विचार अनुसारको नीति मान्दासम्म हामीले सुधार्न प्रयत्न गरेका छौं। सुध्रिनै नसकिने अवस्थामा पुगेपछि हामीले सुधार्न प्रयत्न गर्नुको कुनै अर्थ हुने छैन। (मार्गदर्शन अनलाइनबाट)

*२०७८ कार्तिक २८ गते*

# सांगठनिक फाँटका समस्याबारे



● मोहन वैद्य किरण ●

आज विश्व साम्राज्यवाद पहिलेदेखि चुलिदैं आएका समस्या र कोभिड- १९ को महामारीका कारण गम्भीर प्रकारका आर्थिक, राजनीतिक तथा सांस्कृतिक सङ्कटको भुमरीमा फस्दै गएको छ। वर्तमान नेपाली प्रतिक्रियावादी राज्यसत्ता पनि एकातिर साम्राज्यवाद तथा विस्तारवाद परस्त चरित्र र अर्कोतिर सरकार संचालक पार्टीमा पैदा भएको अन्तःकलह तथा असक्षमताका कारण चौतर्फी संकटमा परिरहेको छ।यो बेला विश्व झैं नेपालमा पनि क्रान्तिका लागि वस्तुतग परिस्थिति अनुकूल बन्दै गएको छ। परन्तु, आत्मगत स्थिति भने विभिन्न समस्याका कारण कमजोर नै छ।

तसर्थ, यो बेला हामीले मार्क्सवाद-लेनिनवाद-माओवादको आलोकमापार्टीमाविद्यमानसमस्याहरूको ठोस रूपमा अध्ययन गरी तिनको सही समाधान खोज्न, आत्मगत तयारीका काम सम्पन्न गर्दै जान र सांगठनिक फाँटमा एउटा गुणात्मक फड्को हान्न जरूरी छ। अनि मात्र नेपालमा नयाँ जनवादी क्रान्ति सम्पन्न गरी वैज्ञानिक समाजवाद हुँदै साम्यवादतर्फ अगाडि बढ्नका लागि आत्मगत तयारीका काम पुरा गर्न सकिन्छ।

***१. कम्युनिस्ट पार्टीका मूल मान्यता***

कम्युनिस्ट पार्टी निश्चित, सैद्धान्तिक, राजनीतिक तथा सांगठनिक आधार एवम् मान्यताहरूको जगमा निर्मित भएको हुन्छ। हामीले कम्युनिस्ट पार्टी सम्बन्धी यस प्रकारका मूल आधार तथा मान्यतालाई सही ढङ्गले आत्मसात गर्न जरूरी छ। यस सन्दर्भमा अहिले ध्यान दिनुपर्ने विषय मूलतः यी हुन् :

(क) कम्युनिस्ट पार्टीलाई परिभाषित गर्ने प्रश्न। मार्क्स र एङ्गेल्सले कम्युनिस्ट पार्टीको घोषणापत्रमा कम्युनिस्ट पार्टीलाई सर्वहारा वर्गको पार्टीका रूपमा सङ्गठित गर्नुपर्ने कुरा बताउनु भएको थियो। लेनिन र माओले यो मान्यतालाई विकसित तुल्याउनु भएको छ। तदनुसार कम्युनिस्ट पार्टी भनेको सर्वहारा वर्गको राजनीतिक पार्टी हो। हरेक वर्गले जस्तै सर्वहारा वर्गले पनि आफ्ना हक, हित तथा उद्देश्यको प्रतिनिधित्व गर्ने राजनीतिक पार्टी बनाउन आवश्यक हुन्छ।

त्यति मात्र होइन, कम्युनिस्ट पार्टी भनेको सर्वहारा वर्गका सवैभन्दा उन्नत, लडाकु र क्रान्तिकारी तत्वहरूद्वारा निर्मित पार्टी हो। कम्युनिस्ट पार्टीलाई परिभाषित गर्ने उक्त मान्यताबारे हामी स्पष्ट हुन जरूरी छ।

(ख) पार्टी सदस्यताका शर्त र तिनको महत्व। लेनिनले मेन्सेविकहरूसितको वैचारिक सङ्घर्षको क्रममा भन्नु भएको थियो– 'पार्टी सदस्य त्यो हो जसले पार्टीको कार्यक्रम मान्दछ र पार्टीलाई आर्थिक रूपमा तथा पार्टीको कुनै सङठनमा व्यक्तिगत रूपमा सम्मिलित भएर सहायता गर्दछ'। (एक कदम आगे, दो कदम पीछे पृ.६० प्रगति प्रकाशन मास्को १९८५)। यहाँ पार्टी सदस्यताका लागि कार्यक्रम मान्नु, आर्थिक सहायता गर्नु र कुनै समितिमा आबद्ध हुनु भनी तीन शर्तहरूको उल्लेख गरिएको छ। विश्वका सबै कम्युनिस्ट पार्टी र नेपाल कम्युनिस्ट पार्टीद्वारा पनि उक्त शर्तहरू स्वीकार गरिदै आएका छन्। हाम्रो पार्टीको विधानमा पनि यी तीन शर्तहरूको पालन गर्नु पर्ने कुराबारे उल्लेख गरिएको छ। तसर्थ, हामी पार्टी सदस्यताका शर्तहरूको पालन गर्नेबारे गम्भीर बन्न जरूरी छ।

(ग) पथप्रदर्शक सिद्धान्त। क्रान्तिका लागि क्रान्तिकारी सिद्धान्त अनिवार्य रूपमा आवश्यक हुने कुराबारे लेनिन र माओले स्पष्ट पार्दै आउनु भएको छ। मार्क्सवाद कम्युनिस्ट पार्टीको पथप्रदर्शक सिद्धान्त हो र आज त्यो मार्क्सवाद-लेनिनवाद-माओवादका रूपमा विकसित भएको छ। हामीले यस सिद्धान्तलाई दृढतापूर्वक अवलम्बन गर्दै त्यसको रक्षा, प्रयोग र विकास गर्दै जानु पर्दछ।

(घ)कार्यक्रम, नीति र कार्यदिशा। पार्टीले क्रान्तिका लागि कार्यक्रम, नीति र कार्यदिशाको निर्धारण गर्दछ। आन्दोलनको वस्तुगत पक्ष अनुरूप कार्यक्रम र आत्मगत पक्षमाथि ध्यानदिंदै नीति निर्धारण गरिन्छ। कार्यक्रम, नीति र योजनाको समग्रतामा कार्यदिशाको निर्धारण हुन्छ। कार्यक्रममा सर्वहारा वर्ग र उत्पीडित जनसमुदायका हक, हित र उद्देश्यलाई समेटिएको हुन्छ। देशको अर्धसामन्ती, अर्धऔपनिवेशिक र नवऔपनिवेशिक अवस्था अनुरूप हाम्रो न्यूनतम वा आधारभूत कार्यक्रम नयाँ जनवाद हो। हाम्रो अधिकतम कार्यक्रम समाजवाद हो।

हाम्रो अन्तिम उद्देश्य वा गन्तव्य साम्यवाद हो। आन्दोलनको विशेष अवस्था अनुसार विशिष्ट वा तात्कालिक कार्यक्रम पनि बनाउने गरिन्छ। कार्यक्रमका प्राप्तिका लागि नीतिको आवश्यकता पर्दछ। नीति दुई प्रकारका हुन्छन् – रणनीति र कार्यनीति। आवश्यकता अनुसार तात्कालिक वा विशिष्ट नीति पनि बनाउने गरिन्छ।

कार्यदिशा क्रान्तिको बाटो अर्थात् मार्गचित्रमा आधारित हुन्छ। कार्यदिशालाई विचारधारात्मक, राजनीतिक, सामरिक आदिका रूपमा वर्गीकृत गर्न सकिन्छ। हाम्रो सामरिक कार्यदिशा नेपाली विशिष्टतामा आधारित सशस्त्र जनविद्रोह हो।

(ङ) अन्तसङ्घर्ष/दुईलाइन सङ्घर्ष। पार्टी भनेको विपरीतहरूको एकत्व हो। एउटा सजीव पार्टीमा अन्तःसङ्घर्ष वा दुईलाइन सङ्घर्ष निरन्तर चलिरहन्छ र त्यसो हुनु स्वाभाविकै हो। दुईलाइन सङ्घर्षको प्रारम्भ बिन्दु अन्तःसङ्घर्ष हो भने अन्तःसङ्घर्षको विकसित बिन्दु दुईलाइन सङ्घर्ष हो। हामी यस प्रकारका सङ्घर्षहरूबाट डराउनु हुँदैन। अपितु, यिनलाई स्वस्थ तथा मैत्रीपूर्ण रूपमा एकता-सङ्घर्ष-एकताको पद्धतिद्वारा समाधान गर्दै र रूपान्तरित हुँदै जानु पर्दछ।

(च) तीन गर र तीन नगरको मान्यता। क्रान्तिकारी कम्युनिस्ट पार्टीका सदस्यहरूले तीन गर र तीन नगरको सैद्धान्तिक मान्यतालाई दृढतापूर्वक अवलम्बन गर्नु पर्दछ। ती मान्यता हुन् – मार्क्सवाद लागु गर संशोधनवाद होइन, एकताबद्ध होऊ नफुट, खुला र स्पष्ट होऊ छलछाम र षड्यन्त्र नगर। यी माओद्वारा चीनी कम्युनिस्ट पार्टीमा चलेका ठुला दुईलाइन सङ्घर्षका बीचबाट संश्लेषित गरिएका मान्यता हुन्।

***२.जनवादी केन्द्रीयता र अनुशासनको प्रश्न***

जनवादी केन्द्रीयता पार्टीको साङ्गठनिक सिद्धान्त हो। यस अन्तर्गत जनवाद, केन्द्रीयता, कमिटी प्रणाली, अनुशासन लगायतका विषयहरू पर्दछन्। हामीले यिनको वास्तविक मर्मलाई बुझ्न र तदनुरूप व्यवहारमा जान आवश्यक छ। हाम्रो पार्टी विधानमा भनिएको छ – 'पार्टीको सङ्गठनात्मक सिद्धान्त जनवादी केन्द्रीयता हुनेछ।

यस अनुसार व्यक्ति सङ्गठनको मातहत, अल्पमत बहुमतको मातहत, तल्लो कमिटी उपल्लो कमिटीको मातहत, सिङ्गो पार्टी केन्द्रीय समितिको मातहत र केन्द्रीय समिति राष्ट्रिय सम्मेलन तथा राष्ट्रिय महाधिवेशनको मातहत हुनेछन्।(नेपाल कम्युनिस्ट पार्टी(क्रान्तिकारी माओवादी) विधान : २०७४ असोज)। यो पार्टीको जनवादी केन्द्रीयता संबन्धी आधारभूत मान्यता हो।

जनवादी केन्द्रीयतालाई बुझ्ने र लागु गर्ने क्रममा जनवाद र केन्द्रीयता दुबैलाई निरपेक्ष र स्वायत्त ठान्नु हुँदैन। जनवादमा अतिशय जोडदिंदा अराजकतावादी र केन्द्रीयतामा अतिशय जोड दिंदा नोकरशाही प्रवृत्तिको खतरा पैदा हुन्छ। तसर्थ, हामीले जनवादमा आधारित केन्द्रीयता र केन्द्रीयतामा आधारित जनवादको मान्यतालाई दृढतापूर्वक अवलम्बन गर्नु पर्दछ।

हाम्रो पार्टीमा जनवादी केन्द्रीयतालाई सही ढङ्गले बुझ्ने तथा लागुगर्ने सन्दर्भमा अतिजनवाद, नोकरशाही केन्द्रीयता, बैठकमा लिइएका निर्णयहरूको कार्यान्वयनमा उदासीनता, पार्टीविधानको मर्म तथा भावना विपरीत आचरण जस्ता समस्या देखिदै आएका छन्। हामीले यी समस्याबारे गम्भीरतापूर्वक आत्मसात गरी सही समाधान निकाल्नु पर्दछ।

***३.कमिटी परिचालनका समस्या***

कमिटी परिचालनका समस्या एकातिर जनवादी केन्द्रीयता र अर्कोतिर कार्यशैलीसित गाँसिएका छन्। यी समस्या मूलतः तीन साङ्गठनिक क्षेत्रका तीन प्रकारका सम्बन्धमा आधारित छन्, ती हुन् :

प्रथम, यो उपल्ला र तल्ला कमिटीका बीच सम्बन्धको समस्या हो। उपल्ला र तल्ला कमिटीहरूका बीच जुन सजीव सम्बन्ध भइरहनु पर्ने हो त्यो हुन सकिरहेको छैन। यस निम्ति रिपोर्टिङ्ग र निरीक्षण प्रणालीलाई नियमित बनाइराख्नु पर्दछ।

द्वितीय, यो सम्बन्धित कमिटीमा सेक्रेटरी र सदस्यहरूका बीच संबन्धको समस्या हो। यस प्रकारको संबन्ध वास्तविक रूपमा कायम हुन सकिरहेको छैन। हरेक तहका कमिटीहरूमा सेक्रेटरी र सदस्यहरूका बीचमा निरन्तर सजीव सम्बन्ध कायम राखिरहनु पर्दछ।

तृतीय, यो पार्टी, संयुक्त मोर्चा र जवसमोर्चाहरूका बीचको संबन्धको समस्या हो। कतिपय प्रदेश तथा जिल्लाहरूमा पार्टी कमिटीहरू बनाउने तर संयुक्त मोर्चा र जवस मोर्चाका कमिटीहरूको निर्माण तथा परिचालन भने नगर्ने देखिएको छ। फलतः विभिन्न प्रदेश तथा जिल्लाहरूमा आवश्यकता र सम्भावना अनुसार जवस मोर्चाका काम हुन सकिरहेका छैनन्।

साथै, कैयौं जवस मोर्चाहरूको केन्द्रीय नेतृत्व र स्थानीय नेतृत्वका बीच पनि आवश्यकता अनुसार सम्बन्ध/सम्पर्क हुन सकिरहेको छैन। कतिपय ठाउँमा पार्टी र जवसमोर्चाका बीच अधिकार क्षेत्रको विषयलाई लिएर केही प्रश्न पनि उठ्न थालेका छन्।

यस समस्याको समाधानका लागि एकातिर सबै तहमा पार्टी, फ्याक्सन तथा जवस मोर्चाका बीचको सजीव सम्बन्धमा आधारित संयोजन प्रणालीलाई व्यवस्थित बनाउन र अर्कोतिर होरिजोन्टल (तेर्सो) तथा भर्टिकल (ठाडो) सम्बन्धलाई सुचारू तुल्याउन जरूरी छ।

***४.कार्यशैली र चिन्तन शैलीबारे***

कार्यशैली र चिन्तनशैली परस्पर सम्बन्धित छन्। कार्यशैलीसित जोडिएका समस्या चिन्तनशैलीसित जोडिएका हुन्छन्। हामीमा यस प्रकारका शैलीसित सम्बन्धित विविध समस्या रहिआएका छन्।

निर्णय गर्ने, योजना बनाउने तर तिनको कार्यान्वयन गर्न नसक्ने, समान्यीकरणमा त जाने तर विशिष्टीकरणमा नजाने– यो जडसूत्रवादसित पनि सम्बन्धित एउटा गम्भीर प्रकृतिको समस्या हो।

यसले सिद्धान्तमा जोड दिन्छ, तर व्यवहार वा सिद्धान्तको प्रयोगमा जोड दिदैंन। काम गर्ने, व्यवहारमा जाने, तर पार्टीका नीति, निर्णय, योजना वा सिद्धान्तमा ध्यान नदिई आफ्नै सुरले हिड्ने, विशिष्टीकरणमा त जोड दिने तर सामान्यीकरणमा जोड नदिने– यो अनुभववादसित संबन्धित गम्भीर प्रकृतिको समस्या हो। यी दुबै चिन्तन तथा प्रवृत्ति मनोगतवादमा आधारित छन्।

यसैगरी हामीसित कार्यशैली र चिन्तनशैलीसित सम्बन्धित अन्य समस्या पनि छन्, ती हुन्–जनवाद वा स्वतन्त्रताको बढी पक्षपोषण गर्ने, तर केन्द्रीयता वा अनुशासनमा ध्यान नदिने, आफूले जिम्मा लिएको भूगोल, क्षेत्र, पार्टी वा जनवर्गीय मोर्चासित संबन्धित काम मात्रमा जोडदिने तर अन्य काममा भने उपेक्षा गर्ने, जिम्मेवारी लिई अर्को क्षेत्रबाट आएका कमरेडहरूलाई तिरस्कार गर्ने– आदि, आदि। यी सबै समस्या बेग्लाबेग्लै प्रकारका सङ्कीर्णतावादसित सम्बन्धित छन्। आफ्नो स्वतन्त्रता वा जनवादमा मात्र जोडदिनु तर केन्द्रीयता वा अनुशासनलाई उपेक्षा गर्नु सङ्कीर्ण व्यक्तिवाद हो। आफ्नै भूगोल, जिम्मा वा समिति मात्रका कामलाई जोडदिनु अन्य ठाउँ, जिम्मा वा समितिका कामलाई उपेक्षा गर्नु सङ्कीर्ण विभागवाद हो।

आफ्नै ठाउँ वा क्षेत्रका कमरेडहरूलाई महत्व दिनु अन्य ठाउँ वा क्षेत्रका जिम्मेवारी लिई आएका कमरेडहरूलाई उपेक्षा गर्नु स्थानीय वा क्षेत्रीय सङ्कीर्णतावाद हो। हामीले यस प्रकारका गलत चिन्तन तथा प्रवृत्तिजन्य समस्याहरूको सम्बन्धित समितिहरूमा आवश्यक छलफल गरी समाधान गर्नु पर्दछ।

माओले तीन प्रकारका कार्यशैलीमा जोड दिनु भएको थियो, ती थिए – सिद्धान्तलाई व्यवहारसित मिलाउनु, जनसमुदायसित घनिष्ठ सम्बन्ध राख्नु र आत्मालोचना-आलोचनाको विधिलाई प्रयोगमा ल्याउनु। सिद्धान्तलाई व्यवहारसित मिलाउनु भनेको एकातिर सिद्धान्तलाई प्रयोगमा ल्याउनु हो भने अर्कोतिर सिद्धान्त र व्यवहारका बीच एकरूपता कायम गर्नु हो।

जनतासित घनिष्ठ संबन्ध राख्नुको अर्थ जनदिशाको मान्यता अवलम्बन गरी जनताबाट लिएर जनतालाई दिनु हो। आत्मालोचना-आलोचनाको विधि भनेको कमरेडहरूमा विद्यमान कमी तथा कमजोरीहरूलाई सच्याउने, रूपान्तरण गर्ने र पार्टीमा विद्यमान अन्तर्विरोधहरूको हलगर्ने पद्धति हो।

***५.प्रधान तथा सहायक कामको निर्धारणमा समस्या***

हामीमा पार्टी, संयुक्त मोर्चा, जवस मोर्चा, विभाग लगायत सङ्गठन र सङ्घर्षका सबै कामलाई समानान्तर ढङ्गले ग्रहण गर्ने, त्यसमा पनि सहायक वा दैनिक भैपरिआउने कामलाई प्रधानता दिने र दीर्घकालीन महत्वका कामलाई उपेक्षाका दृष्टिले हेर्ने प्रवृत्ति जान वा अनजानमा बढ्न थालेको पाइन्छ। फलतः क्रान्तिको तयारीका दृष्टिले प्राथमिक महत्वका कामहरू पछाडि पर्न गएका छन्। यसप्रति गम्भीर बन्दै प्राथमिक महत्वका कामहरू सम्पन्न गर्ने तर्फ आवश्यक दृष्टिदिनु पर्दछ।

***६.कार्यकर्ता समस्याबारे***

कार्यकर्ता समस्याका विभिन्न पक्ष छन्। यी वस्तुतः नेतृत्वका पनि समस्या हुन्। हामीले यो बेला ध्यान दिनु पर्ने समस्या मूलतः यी हुन् :

पहिलोः पूर्णकालीन कार्यकर्ताको पहिचानको समस्या। अहिले हाम्रो पार्टीमा तीन प्रकारका कमरेडहरू हुनुहुन्छ – साधारण सदस्य, पार्ट टाइमर र होल टाइमर। यो सामान्य वर्गीकरण मात्र हो, तर कुन कमरेड कुन प्रकारको तहमा हुनुहुन्छ भन्नेबारे हाम्रो लेखाजोखा हुन सकेको छैन। हामीसित यो लेखाजोखा हुनु पर्दछ। यस सन्दर्भमा साधारण पार्टी सदस्य, पार्ट टाइमर, होल टाइमर सबैका ठोस सङ्ख्या र तहको निर्धारण गर्न जरूरी छ।

दोस्रोः अध्ययनको समस्या। कतिपय कमरेडहरूले अध्ययनमा रूचि राख्नु हुन्छ र गम्भीर अध्ययन पनि गर्नु हुन्छ। यो राम्रो कुरा हो। तर, एउटा ठुलो तप्काले अध्ययनको महत्वलाई राम्रोसित बुझेको पाइदैन। अध्ययन दुई प्रकारका हुन्छन् – किताबी अध्ययन र व्यावहारिक अध्ययन। हामीले यी दुबै अध्ययनमा जोड दिनु पर्दछ। क्रान्तिका लागि आज दार्शनिक, अर्थशास्त्री, राजनीतिज्ञ, प्रविधिविद लगायत प्रशस्तै बौद्धिक तथा क्रान्तिकारी प्रतिभाहरूको खाँचो छ। हामीलाई दैनिक अखबार र फेसबुके अध्ययनले मात्र कदापि पुग्दैन। यसबारे सिङ्गो पार्टी पङ्क्तिले गम्भीरतापूर्वक सोच्नु पर्दछ।

तेस्रोः व्यवस्थापनको समस्या। कार्यकर्ताहरूको व्यवस्थापन एक अनिवार्य आवश्यकता हो। परन्तु, हामीले त्यसतर्फ ध्यान दिन सकेका छैनौं। कार्यकर्ताहरूको व्यवस्थापन गर्न नसक्दा पार्टी हुने खानेले भरिने र नहुनेहरू पाखालाग्ने अवस्था पैदा भई गम्भीर समस्या पैदा हुन सक्दछ। त्यसैले व्यवस्थापन पक्षबारे गम्भीर बन्न जरूरी छ।

चौथोः मूल्याङ्कनको समस्या। कार्यकर्ताहरूको मूल्याङ्कनमा पनि केही समस्या पैदा हुँदै आएका छन्। कार्यकर्ता मूल्याङ्कनका कसीका रूपमा क्रान्ति, पार्टी तथा सिद्धान्त प्रतिको निष्ठा, निरन्तरता, काममा खटाइ तथा लगनशीलता, त्याग तथा बलिदानी भावना, अध्ययनको स्तर आदिलाई लिनु पर्दछ। तदनुसार कार्यकर्ताहरूको पदोन्नति र अवनति गरिनु पर्दछ। ज्येष्ठता मात्र पदोन्नतिको आधार बन्न सक्दैन। मूल्याङ्कनको प्रश्नमा न्याय गरिनु पर्दछ।

पाँचौः उत्तराधिकारी तयार पार्ने समस्या। यो समस्या जटिल र गम्भीर प्रकारको छ। यो कसैलाई तोकेर हल गर्ने विषय पनि होइन। पार्टी समितिहरूमा एकातिर वृद्ध, प्रौढ र युवाहरूको सन्तुलन मिलाउनु पर्दछ भने अर्कोतिर प्रशिक्षित तथा पदोन्नति गर्नेतर्फ जोड दिनु पर्दछ। यसनिम्ति कुनै विशेष उत्तराधिकारी नभई उत्तराधिकारीहरूको फौज तयार पार्नु पर्दछ।

***७.पार्टी स्कुल सञ्चालनबारे***

पार्टी स्कुल सञ्चालन एक अनिवार्य आवश्यकता हो। यो काम अझै नियमित र व्यवस्थित बन्न सकेको छैन। स्कुल सञ्चालनमा व्यवस्थापन, निरन्तरता, मूल्याङ्कन लगायतका समस्या रहिआएका छन् र तिनको समाधान गर्दै जानु पर्दछ।

यस सन्दर्भमा ध्यान दिनुपर्ने विषय मूलतः यी हुन् – पाठ्यक्रममा परिमार्जन, शास्त्रीय ज्ञान, विकसित ज्ञान र व्यावहारिक आवश्यकताका बीच एकरूपता, केन्द्रीय तहमा प्रशिक्षकहरूको प्रशिक्षण, प्रदेश तथा जिल्ला तहमा स्कुल सञ्चालन र त्यसको निरन्तरता, सरल तथा राम्रो व्यवस्थापन आदि। पार्टीका विविध कामको कारण स्कुल सञ्चालनमा आवश्यक ध्यान जान सकेको छैन, परन्तु स्कुलिङ्लाई पनि पार्टीकै एउटा महत्वपूर्ण कामका रूपमा लिनु पर्दछ।

***८.पार्टी प्रकाशनबारे***

पार्टी प्रकाशन कतिपय मुस्किलले चल्दै र कतिपय चल्नै नसक्ने अवस्थामा छन्। पार्टी प्रकाशनका समस्यालाई मूलतः यसरी प्रस्तुत गर्न सकिन्छ :

पहिलोः प्रकाशनको आवश्यकता र महत्वलाई बुझ्ने समस्या। पार्टीमा एकथरी कमरेडहरूले प्रकाशनको महत्वलाई बुझ्दै आउनु भएको छ भने अर्कोथरी कमरेडहरू पुरै उदासीन र असहयोगी रहेको पाइन्छ। सर्वप्रथम हामीले यस स्थितिलाई अन्त्य गर्नु पर्दछ। पार्टी प्रकाशन नभए सबै प्रचारात्मक र जनसम्बन्ध तथा सम्पर्क लगायतका काम ठप्प हुन पुग्दछन्। त्यो बेला पार्टीकै अस्तित्वमाथि प्रश्नचिन्ह खडा हुन पुग्दछ। तसर्थ, प्रकाशनको कामलाई हामीले वर्गीय विश्वदृष्टिकोण र वर्गचेतनाको एउटा प्रमुख मापनका रूपमा ग्रहणगर्नु पर्दछ।

दोस्रोः आर्थिक व्यवस्थापनको समस्या। यो अति जटिल समस्या अवश्य नै हो, तर प्रकाशनको आवश्यकता र महत्वलाई सिङ्गो पार्टी पङ्क्तिले बुझ्न सकेमा यस समस्याको हल गर्न सकिन्छ। लेनिन भन्नुहुन्छ – 'कम्युनिस्ट अखबारको अस्तित्वका लागि अति विशाल भौतिक र आर्थिक बलिदानको आवश्यकता निरन्तर रहिरहने छ।

जबसम्म कम्युनिस्ट आन्दोलनको स्वयं बलियो आधार बन्ने गरी यो त्यस्तो दृढ सङ्गठनको स्थितिमा पुग्ने छैन र कानुनी जन पार्टी बीच त्यस्तो व्यापक प्रसारमा पुग्ने छैन त्यतिखेर सम्म यसको विकास र आन्तरिक सुधारका साधनहरू आम पार्टी सदस्यहरूबाट नै निरन्तर आपूर्त्ति हुनु पर्नेछ।(पार्टी संगठनका सिद्धान्तहरूः सन् १९२१ मा कम्युनिस्ट इन्टरनेस्नलको तेस्रो महाधिवेशनमा पारितः अनु। निनु चापागाईं, सिर्जनशीन प्रकाशन काठमाडौं, २०५७)। स्मरण रहोस्, रूसमा सन् १९१२-१३ को अति जटिल स्थितिमा त्यहाँका मजदुरहरूले आफ्ना तलबबाट आर्थिक सहयोग गरी 'प्राब्दा' पत्रिकाका प्रकाशनमा महत्वपूर्ण भूमिका निर्वाह गरेका थिए।

तेस्रोः अन्य समस्या। साथै, प्रकाशनका क्षेत्रमा स्तरीयता, ग्राहक, बिक्री वितरण, विज्ञापन, सम्वाददाता आदिसित सम्बन्धित अनेकौं समस्या पनि छन्। परन्तु, पार्टी पङ्क्ति सचेत र एकढिक्का भई लाग्ने बित्तिकै हामीले प्रकाशनका समस्यालाई समाधान गर्न सक्तछौं र अनिवार्य रूपमा गर्नु पर्दछ।

***९.आर्थिक व्यवस्थापनको समस्या***

पार्टीमा आर्थिक व्यवस्थापनको समस्या जटिल र गम्भीर बन्दै गएको छ। समस्याका कारण र समाधानका उपायबारे गम्भीर प्रकारको छलफल चलाउन जरूरी छ। आर्थिक समस्याको कारण पार्टीका कार्यालयहरूको सञ्चालन र प्रकाशन लगायत विविध प्रकारका समस्या पैदा हुँदै आएका छन्।

आर्थिक व्यवस्थापनको समस्याका मूलतः दुई ओटा कारण रहेका छन्। पहिलो कारण पार्टीमा आर्थिक अनुशासन कमजोर बन्दै जानु हो। दोस्रो कारण विभिन्न प्रकारका वैकल्पिक उपायहरूको खोजी तथा तिनको कार्यान्वयनमा जोड दिन नसक्नु हो।

आर्थिक समस्या वस्तुतः आर्थिक मात्र नभई वैचारिक समस्या हो। आर्थिक समस्याको समाधानका लागि यसरी सोच्न जरूरी छः पहिलो, आर्थिक अनुशासनको प्रश्नमा आवश्यक छलफल गरी निष्कर्षमा पुग्नु पर्दछ। दोस्रो, आत्मनिर्भरताको बाटो अवलम्बन गर्न तथा त्यसका विविध पक्षबारे ठोस प्रस्ताव ल्याउन जरूरी छ। र तेस्रो, विविध प्रकारका वैकल्पिक योजना बनाउनु आवश्यक छ।

आर्थिक विषयसित सम्बन्धित प्रश्नमा केन्द्र, प्रदेश र जिल्लाहरूमा व्यापक बहस तथा छलफल चलाई सार्थक तथा परिणाममुखी निष्कर्ष निकाल्नु पर्दछ।

***१०.आत्मालोचना-आलोचना***

पार्टीलाई गतिशील, जुझारू तथा क्रान्तिकारी रूपान्तरण गर्नका लागि आत्मालोचना र आलोचना पद्धतिको विशेष महत्व छ। तर, यस पद्धतिलाई व्यवस्थित र प्रभावकारी बनाउन भने सकिएको छैन।

यसो हुनुको एउटा मुख्य कारण कमिटीहरू आकारका दृष्टिले अलि ठुला हुनु पनि हो। तर यति भनेर मात्र पुग्दैन। यस पद्धतिको उपादेयता र महत्व बुझ्नेबारे हामीमा अझै एकरूपता पैदा हुन सकेको छैन।

आत्मालोचना र आलोचना पद्धतिको महत्व यस प्रकार रहेको छ – ९१० यसले सम्बन्धित कमरेडहरूमा विद्यमान कमी, कमजोरी तथा सीमालाई सच्याउन र हटाउन राम्रो मद्दत गर्दछ। ९२० आत्मालोचना-आलोचना पद्धति भनेको पार्टीमा विद्यमान अन्तर्विरोधहरूको समाधान गर्ने एउटा प्रमुख साधन हो। ९३० यो पद्धति शुद्धीकरण आन्दोलनको एउटा महत्वपूर्ण प्रारम्भिक रूप हो।

शुद्धीकरण आन्लदोलनमा एकता-आलोचना-एकताको प्रक्रिया अवलम्बन गरिन्छ र त्यसो गर्दा आलोचना-आत्मालोचनाको विधिलाई प्रयोगमा ल्याइन्छ।

उक्त कुराहरूमाथि ध्यानदिदै हामीले आत्मालोचना-आलोचना गर्ने पद्धतिलाई केन्द्रीय समितिदेखि तलसम्म नियमित प्रक्रियाका रूपमा प्रयोगमा ल्याउन सक्दो प्रयन्त पर्दछ।

*साभार : नेकपा (क्रान्तिकारी माओवादी)को केन्द्रीय मुखपत्र, पूर्णाङ्क १५, भाद्र २०७७*

अध्ययन प्रतिवेदन

# नवउदारीकरणले धनीलाई झन् धनी र गरिबलाई झन गरिब बनायो

*(धनी र गरिबबीचको अन्तर विश्वव्यापीरूपमै चरम विन्दुमा पुगेको छ। यो अझ तीव्ररूपमा बढिरहेको छ। उदाहरणका लागि विश्वका १ प्रतिशत मानिससँग बाँकी ९९ प्रतिशतसँग भन्दा बढी सम्पत्ति छ। सन् २०१७ मा मात्र यस्ता सम्पन्न मानिसको सम्पत्ति ८२ प्रतिशतले वृद्धि भयो जबकि विश्वका आधाभन्दा बढी विपन्न जनसङ्ख्याको सम्पत्ति भने वृद्धि भएन। यसप्रकारको अत्यधिक असमानताले विश्वकै आर्थिक वृद्धि तथा गरिबी न्यूनीकरणमा अवरोध सिर्जना गर्छ भन्ने तथ्य अध्ययन/अनुसन्धानहरूले प्रमाणित गरिरहेकामा कुनै विमति छैन। एसियाली विकास बैङ्कले गरेको आँकलनअनुसार आर्थिक असमानता यसरी नबढेको भए सन् १९९० देखि २०१० बीचमा दक्षिण एशियाका २४ करोड जनसङ्ख्यालाई चरम गरिबीबाट मुक्त गर्न सकिन्थ्यो। यसरी नै सन् २०२५ सम्ममा लैङ्गिक असमानता सामना गर्न विश्व अर्थतन्त्रमा १२ खरब अमेरिकी डलरको बोझ थपिने अर्को तथ्य आकलन गरिएको छ। चरम असमानताले धनी र शक्तिशाली मानिसलाई नीति निर्माणमा अनुचित प्रभाव पारी आफ्नो स्वार्थअनुसार मोड्ने अवसरमात्र प्रदान गर्दैन, जसले राजनीतिलाई समेत विकृत पार्छ। यो प्रतिवेदन मानवीय जवाफदेहिता अनुगमन अभियान ९ज्ब्ः०, दक्षिण एशिया गरिवी निवारण मञ्च ९क्ब्एभ० र अक्सफाम नेपालद्वारा प्रकाशित ँभ्जतष्लन क्लभत्रगबष्तिथ ष्ल ल्भउबिः तजभ च्यबम तय एचयकउभचष्तथ अनुसन्धान प्रतिवेदनको भ्ष्भअगतषखभ क्गककबचथ को अनुवाद हो। करिब चार बर्ष अगाडिको यो अध्ययन प्रतिवेदन अहिले पनि सामयिक लागेकोले यहाँ प्रस्तुत गरिएको हो। पछिल्ला दुई वर्षमा त कोभिडका कारण धनी र गरिबबीचको अन्तरको ग्राफ अझ व्यापक बनेको छ। जसको अध्ययन हुनै बाँकी छ।- सं.)*

नेपालको सन्दर्भ हेर्ने हो भने ८१ लाख जनसङ्ख्या गरिबीको रेखामुनि जीवन यापन गरिरहेका छन्। देशको अर्थतन्त्रमा अत्यन्त महत्वपूर्ण योगदान पुऱ्याए तापनि अधिकांश महिला तथा बालबालिका अवैतनिक घरायसी कामकाजमा लाग्नुपरेको छ। यही कारण अरुका लागि समर्पित हुने क्रममा आफू भने गरिबीको सिकार बनेका छन्। नेपालमा पाँच वर्षमुनिका एकतिहाइ बालबालिका शारीरिक वृद्धिको रोकावटबाट पीडित छन्। यसैगरी १० प्रतिशत बालबालिका अत्यधिक कुपोषणबाट प्रताडित छन्। बढ्दो आर्थिक असमानता नियन्त्रण गर्न सङ्गठित प्रयास नगर्ने हो भने तथा सीमित धनीहरूको पक्षमा भन्दा बहुसङ्ख्यक गरिब तथा सीमान्तीकृत नेपालीलाई प्रत्यक्ष फाइदा पुग्ने प्रकारका नीति निर्माण नगर्ने हो भने यस प्रकारको जनसङ्ख्या विकासबाट सदैव वञ्चित रहनेमा शङ्का छैन। नेपालमा धनी र गरिबबीचको अन्तर नेपालमा अत्यधिक आर्थिक असमानता रहेको र सो असमानता दिनानुदिन वृद्धि भइरहेको यथार्थ आय र सम्पत्तिबीच केही दशकयता देखिएको उतारचढावले प्रष्ट पार्छन्। सन् २०१०/११ मा विश्वमा नै नेपालको गिनी कोअफिसेन्ट ९न्ष्लष ऋयभाााअष्भलतक० अधिक (४९.४२) थियो। त्यसअघिका १५ वर्षमा आयको विषमताको दर अत्यधिक मात्रामा बढेको थियो। माथिल्ला १० प्रतिशत र तल्ला ४० प्रतिशत जनसङ्ख्याको आय तुलना गर्ने पाल्मा रेसियो ९एबक्ष्ब च्बतष्य० ले पनि असमानताको यस्तो प्रवृत्ति पुष्टि गर्छ। आज १० प्रतिशत धनी नेपालीको आय ४० प्रतिशत गरिब नेपालीको आयभन्दा तीन गुणाले बढी छ।

वास्तवमा सन् २००३/०४ देखि २०१०/११ सम्ममा नेपालको जनसङ्ख्यामध्ये पाँच प्रतिशत धनी मानिसको मात्र आय वृद्धि भएको देखिन्छ जबकि अन्य सम्पूर्ण जनसङ्ख्याको आय भने घट्यो। सबैभन्दा बढी आय आर्जन गर्नेहरू र अन्य जनसङ्ख्याको पारिश्रमिक विभाजनको स्केल तुलना गर्ने हो भने ठूलो खाडल देखिन्छ। उदाहरणका लागि नेपालमा बैङ्किङ क्षेत्रमा काम गर्ने माथिल्लो तहका प्रबन्धकहरूले औसत कामदारको भन्दा १०० गुणा बढी वेतन आर्जन गर्छन्। नेपालको आय आर्जन भौगोलिक क्षेत्रअनुसार पनि फरक पाइन्छ। सन् १९९५/९६ देखि २०१०/११ को बीचमा ग्रामीण क्षेत्रको तुलनामा सहरी क्षेत्रको औसत आय दोब्बरभन्दा बढी थियो। पहाडीभन्दा हिमाली र तराई प्रदेशको औसत प्रतिव्यक्ति आय न्यून छ। न्यून आय भएका अल्पसङ्ख्यक मानिस बसोबास गर्ने यस्ता क्षेत्रमा उच्च गरिबी छ। साथै यी क्षेत्रका आधारभूत संरचना कमजोर छन् भने सेवा/सुविधा पनि अपर्याप्त छन्। यी यस्ता ठाउँ हुन् जहाँ आर्थिक तथा पारस्परिक असमानता मिलेर संयुक्तरूपमा गरिब तथा सीमान्तीकृत जनसङ्ख्यालाई अझ गरिबी र पछौटेपनतर्फ धकेलिरहेका छन्।

नेपालमा सम्पत्तिको असमानता पनि अधिक छ। प्रतिव्यक्ति वेल्थ गिनी (Wealth Gini) इन्कम गिनी (Income Gini) भन्दा उल्लेखनीयरूपले उच्च (०.७४) छ जसले पैसा कसरी तल्लो वर्गबाट माथिल्लो वर्गतिर बिस्तारै सर्दैछ भन्ने प्रष्ट पार्छ। नेपालका १० प्रतिशत धनी मानिससँग ४० प्रतिशत गरिब जनसङ्ख्यासँग भन्दा २६ गुना बढी सम्पत्ति छ। अत्यधिक धनी व्यक्तिहरूको सम्पत्ति हेर्ने हो भने सम्पत्ति असमानताको स्केलले अझै चरम अन्तर देखाउँछ। सन् २०१८ मा नेपालको सबैभन्दा धनी व्यक्तिको सम्पत्ति २० करोड अमेरिकी डलर बराबर वृद्धि भयो। यो सन् २०१७ को भन्दा १४ प्रतिशतले बढेर १ अरब ५० करोड अमेरिकी डलर बराबर पुग्यो। यी व्यक्तिहरूको सम्पत्तिमा भएको वृद्धिले मात्र पनि नेपालको सामाजिक सुरक्षाको आधाभन्दा बढी खर्च धान्न सक्ने रहेछ। जबकि एकजना औसत नेपालीलाई यति रकम कमाउन १ लाख वर्षभन्दा बढी समय लाग्छ। जमिनको असमान वितरण सबैभन्दा पुरानो तथा सम्पत्ति वितरणको असमानताको आधारभूत नमुना हो। नेपालमा ६६ प्रतिशतभन्दा बढी जनसङ्ख्या जीविकोपार्जनका लागि जमिनमा निर्भर छन् यद्यपि जमिन भने सीमित सङ्ख्याका धनीको नियन्त्रणमा छ। उदाहरणका लागि ७ प्रतिशत धनी परिवारको स्वामित्वमा झण्डै ३१ प्रतिशत कृषियोग्य जमिन छ। आधाभन्दा बढी नेपाली किसानको स्वामित्वमा भने ०.५ हेक्टरमात्र कृषियोग्य जमिन छ, जबकि २९ प्रतिशत जनसङ्ख्यासँग भूमि नै छैन। नेपाली महिलाले लामो समय कृषियोग्य जमिनमा काम गर्ने भए तापनि ८१ प्रतिशत महिला भूमिहीन छन्। अल्पसङ्ख्यक समुदायहरूसँग पनि कमैमात्र भू-स्वामित्व छ। तराईका ४४ प्रतिशतभन्दा बढी दलित भूमिहीन छन्। राजनीतिक दलका पटक-पटकका चुनावी प्रतिबद्धताहरूका बाबजुद देशकै महत्वपूर्ण सम्पत्तिका रूपमा रहेको भूमिको पुनर्वितरण गर्ने बहुप्रचारित भूमि सुधार कार्यक्रम प्रतीक्षाकै घडीमा छ।

यसरी नै आर्थिक असमानताले जीवन जिउने अवसरलाई पनि प्रभावित पार्छ। नेपालमा एकजना धनी परिवारको बच्चाभन्दा गरिब परिवारको बच्चा पाँच वर्ष पुग्नुअगावै मर्ने सम्भावना ३ गुना बढी छ। त्यस्तै धनी परिवारका १०० मध्ये १ जना महिलाको तुलनामा गरिब परिवारका आधाभन्दा बढी महिलाको शिक्षामा पहुँच छैन।

***नेपालमा लैङ्गिक असमानता***

आर्थिक असमानताको असरमा लैङ्गिक असमानताले जटिलता थप्छ। एकजना गरिब महिलाभन्दा धनी महिलाको विद्यालय जाने सम्भावना ४ गुणा बढी रहन्छ जबकि धनी पुरुषको यस्तो सम्भावना पचास गुणाभन्दा बढी रहन्छ। ञद्द नेपाली समाजमा पितृसत्तात्मक मूल्य/मान्यताको प्रभाव गहिरो छ। यस्ता मूल्य/मान्यतालाई कानुन र सामाजिक संस्थाहरूले पनि बढावा दिने हुँदा यिनीहरू महिला र बालिकाका लागि प्रतिकूल हुन्छन्। बालविवाहले सहज जीवन जीउने सम्भावनालाई कमजोर पार्छ भन्ने प्रमाणका बाबजुद पनि नेपालमा बालविवाह अझै व्याप्त छ। ञघ यसरी नै महिलाको पहुँच सीमित गर्दै न्यायिक संस्थाहरूको अधिकांश पद पुरुषले ओगटेका छन्। राजनीतिक क्रान्तिको उपलब्धिसँगै निर्माण भएका प्रगतिशील कानुनहरूको कार्यान्वयन पक्ष ज्यादै फितलो छ। अर्थात व्यवहारमा यस्ता कानुनी प्रावधानको सर्वथा बेवास्ता गरिन्छ। उदाहरणस्वरूप, महिलालाई जमिन दर्ताका लागि प्रोत्साहन गर्न दिइएको कर छूट प्रावधान दुरूपयोग गरी पुरुष नातेदारले महिलाको नाममा जमिन खरिद गरेका प्रशस्तै सूचना भेटिन्छन्। यसरी नै नेपालका कतिपय भेगमा अझसम्म पनि अवैधानिक तथा हानिकारक संस्कारहरू विद्यमान छन् जसले महिला तथा बालिकाको जीवनलाई थप जोखिमपूर्ण बनाएको छ। उदाहरणका लागि, महिनावारी भएका बेला उनीहरूलाई अछूत मानेर गाई गोठ वा टहरामा राख्ने छाउपडी प्रथा विद्यमान छँदैछ। सर्वोच्च अदालतले यस्तो प्रचलनमाथि प्रतिबन्ध त लगाएको छ तर पनि यो प्रथा पश्चिम नेपालका कतिपय जिल्लामा कायमै छ। उदाहरणका लागि अछाम जिल्लामा मात्रै सो प्रथाका कारण विगत १० वर्षमा १२ जना महिलाले ज्यान गुमाइसकेका छन्। ञद्ध यसरी नै जातीय विभेदका कारण सार्वजनिक अस्पतालहरूमा दलित महिलाले सुत्केरी अवस्थामा राम्रो स्वास्थ्य उपचार तथा हेरचाह नपाएका प्रमाण पनि छन्। ञछ यी महिलाको राजनीतिक तथा सामाजिक अवस्था सुधार गर्न आधारभूत उपाय प्रयोग गरिएन भने महिला तथा बालिकाको आगामी पिँढी पनि गरिब तथा पछौटेपनमै सीमित रहने निश्चित छ।

***नेपालमा असमानताका कारक तत्वहरू***

असमानताविरुद्ध अपनाइएका नीतिहरूका आधारमा राष्ट्रहरूको श्रेणी निर्धारण गर्ने संस्थाहरू अक्सफाम र डिभलपमेन्ट फाइनान्स इन्टरनेसनलको असमानता न्यूनीकरण प्रतिबद्धता सूचकाङ्क (CRI) - २०१८ ले देखाएअनुसार नेपालको असमानता न्यूनीकरणको अवस्था अत्यन्त नाजुक छ। अक्सफामका अनुसार १५७ राष्ट्रमध्ये नेपाल १३८ औँ स्थानमा छ। आम्दानीमा असमानता र सम्पत्तिमा असमान पहुँचले असमानताको दायरा फराकिलो भइरहेको छ। त्यसमा लैङ्गिक असमानताले आर्थिक असमानता अझ बढाउने काम गरिरहेको छ जसका कारण लैङ्गिक असमानता आफैँमा झन् तीव्र बनेको छ। यी मीथिका कारणबाहेक अरु दुई कारक तत्व विचारणीय छन्। पहिलो, नेपालको आर्थिक नीति पुरातन तथा अव्यावहारिक विचारधाराद्वारा निर्देशित छ। सन् १९८० को दशकमा अन्तर्राष्ट्रिय मुद्रा कोष र विश्व बैङ्कको संरचनात्मक समायोजन कार्यक्रमका आधारमा निर्मित नवउदारीकरण नीतिले गर्दा राज्यद्वारा गरिने लगानी तथा नियमनलाई बजारोन्मुख आर्थिक नीतिले प्रतिस्थापन गरेको छ। यदि राज्यले हस्तक्षेप नगर्ने हो भने यस प्रकारका बजार सुधार कार्यक्रमहरूले सम्पत्ति र शक्तिलाई निश्चित व्यक्तिहरूको हातमा मात्र सीमित गरेर असमानता न्यूनीकरण गर्नुको सट्टा यसलाई अझै वृद्धि गर्दछ। नेपालमा नवउदारीकरण नीतिले सार्वजनिक खर्चमा कटौती गर्दै निजीकरणलाई टेवा पुऱ्याएको छ। सन् १९६३ यता ३० वटा राज्य सञ्चालित उद्योग नाफामा हुँदाहुँदै निजीकरण गरिएका छन् जसमध्ये अहिले ११ वटामात्र सञ्चालनमा छन्। केवल ५ वटाले मात्र नाफा गरिरहेका छन्।

अर्थ मन्त्रालयद्वारा प्रकाशित सार्वजनिक उद्यमहरूको वार्षिक समीक्षा २०१४ अनुसार निजीकरणले गर्दा सरकारलाई ४ अर्ब ९३ करोड (४.९३ बिलियन) रुपियाँ घाटा लागिसकेको छ। साथै हजारौँले रोजगारी गुमाउनुपरेको छ जसले गर्दा बेरोजगारी समस्यासमेत बढेको छ। नेपालमा शिक्षा र स्वास्थ्य जस्ता सार्वजनिक सेवाका क्षेत्रमा पनि दिनानुदिन निजीकरण तथा व्यपारीकरण हाबी भइरहेको छ। यसप्रकारको उदारिकरण नीतिले समाजमा दुईवर्गीय प्रणाली ९त्धय त्ष्भच क्थकतभ० सिर्जना गरेको छ जहाँ धनीहरूले निजी क्षेत्रमा लगानी गरेर महंगो सेवा प्रदान गर्छन् तर गरिवहरू भने सार्वजनिक क्षेत्रका सेवामा पैसाकै अभावमा र राजनीतिक सहयोग नपाएर छट्पटिइरहेका हुन्छन्। यति हुँदाहुँदै पनि गरिब तथा निम्न आय भएका व्यक्तिका लागि सार्वजनिक सेवाको विकल्प छैन्। निजीकरणले असमानतालाई बढावा दिने हुँदा गरिब महिला तथा अल्पसङ्ख्यकहरूले अत्यन्त महँगो मूल्य तिर्नुपर्ने हुन्छ। दोस्रो, राजनीतिक हस्तक्षेप असमानताको अर्को मुख्य कारक तत्व हो। जब सम्पति र शक्ति मुठीभर व्यक्तिको हातमा पर्छ त्यस्ताले आफ्नो स्वार्थका पक्षमा प्रयोग गरी संस्थाहरूको मर्यादा खस्काइदिने गरी आफूअनुकूल नीति निर्माणमा पकड जमाएका हुन्छन्। नेपालमा उच्च कर भुक्तानी गर्ने कम्पनी तथा व्यक्तिहरूलाई पारदर्शिताका आधारमा राज्यले प्रोत्साहन गर्ने व्यवस्था गरेको छैन। सन् १९९० र २००८ को अवधिमा गैरकानुनी आर्थिक निर्यात प्रवाहमा नेपाल अति गरिब देशहरूमध्ये छैटौँ स्थानमा थियो। यसबाट राज्यले ९.१ अर्ब डलर घाटा बेहोर्नुपऱ्यो। यो रकम नेपालले त्यस अवधिमा प्राप्त गरेको आधिकारिक विकास सहयोग (ODA) भन्दा आठ गुणा बढी थियो। नेपालमा प्रत्युत्पादक मौद्रिक तथा आर्थिक नीतिका कारण हजुरिया पुँजीवाद (Crony Capitalism) मौलाउँदै गएको छ। भ्रष्ट कर्मचारीतन्त्र तथा मनपरि मूल्यवृद्धि नियन्त्रण अभावमा निश्चित व्यक्तिहरूमा व्यापार केन्द्रित सम्पति सञ्चित भएको छ। आर्थिक तथा शक्ति असमानता नै भ्रष्टाचारको ऊर्वर भूमि हो भने भ्रष्टाचारले शक्ति असमानतालाई झन तीव्र पारिरहेको हुन्छ। नेपाल अति भ्रष्टाचारयुक्त देशमध्येको एक हो। ट्रान्सपरेन्सी इन्टरनेसनलको भ्रष्टाचार सूचकाङ्क ९ऋएक्ष० २०१७ का अनुसार नेपाल १८० देशमध्ये १२२ औँ स्थानमा छ। द्दण हालसालै आएर आर्थिक सम्पन्नताका आधारमा निर्वाचनमा उमेदवार छनोट हुने प्रचलन देखिएको छ। गैरकानुनी आर्थिक सङ्कलनलाई निरुत्साहित पार्ने काम भएको छैन। सुझबुझपूर्ण तथा साझा कदमले मात्र नेपालको वर्तमान राजनीतिक हस्तक्षेप कम गर्न सकिन्छ। अनिमात्र आम जनसमुदायको आवश्यकताले प्राथमिकता पाउने हुन्छ।

***प्रकोप : गरिब तथा अल्पसङ्ख्यकलाई थप पीडा***

नेपाल विश्वमै प्रकोपका दृष्टिकोणले जोखिमपूर्ण राष्ट्रमा पर्छ। भूकम्पीय जोखिमको दृष्टिकोणबाट नेपाल विश्वमा ११औँ स्थानमा र अन्य प्रकोपका दृष्टिकोणबाट २० औँ स्थानमा छ। प्राकृतिक प्रकोपका कारण सन् २०११ देखि २०१५ बीच १२,००० भन्दा बढी मानिसले ज्यान गुमाए। २६,४५३ मानिस घाइते भएका विभिन्न प्रतिवेदनले देखाएका छन्। यो अवधिमा यस्ता प्रकोपका कारण नेपाललाई ७ अरब ८० करोड अमेरिकी डलर बराबरको आर्थिक घाटा अनुमान गरिएको छ।

यस प्रकारका प्रकोपले विद्यमान असमानता बढाउनुका साथै थप जोखिम निम्त्याउँछन्। यस्ता घटनाबाट सबैभन्दा बढी गरिबहरूले मृत्यु, चोटपटक, सम्पत्ति विनाश जस्ता क्षति झेल्नुपर्ने हुन्छ किनकि बढी जोखिमपूर्ण क्षेत्रमा बस्नेमा गरिबको सङ्ख्या अधिक छ। अभावका बीच बाँचिरहेका उनीहरू जोखिम न्यूनीकरणका उपाय पनि कमैमात्र अपनाउँछन्। यस्ता प्रकोपबाट महिला तथा बालबालिकाको मृत्यु हुने सम्भावना पुरुषको भन्दा १४ गुणा बढी छ भने प्रकोपपछिको अवस्थामा महिलाले कम सहयोग प्राप्त गर्ने हुनाले उनीहरू घरायसी तथा लैङ्गिक हिंसाको सिकार हुने सम्भावना बढी छ। द्दद्द अल्पसङ्ख्यक समुदायले पनि यसै प्रकारका समस्या झेल्नुपर्ने हुन्छ। उदाहरणका लागि २०७२ साल वैशाखको भूकम्पमा उद्धारकर्मीहरूद्वारा अत्यावश्यक आकस्मिक सामग्री वितरणका क्रममा दलित समुदायलाई जानी जानी बेवास्ता गरिएको प्रमाण ताजै छ। द्दघ यसको विपरित तथाकथित उच्च जातका मानिस तथा राजनीतिक पहुँच भएकाले आफ्नो शक्ति प्रयोग गरेर उपलब्ध सीमित स्रोत/साधन आफैँ उपयोग गरेका पाइएको छ। असमानता सामना गर्ने नीतिहरू कर प्रणाली आर्थिक असमानता सामना गर्न जुनसुकै सरकारले प्रयोग गर्न सक्ने सबैभन्दा महत्वपूर्ण साधन कर प्रणाली हो। प्रगतिशिल कर प्रणाली र यसको उपयुक्त कार्यान्वयनले प्राप्त स्रोत/साधन पुनर्वितरण गरी असमानता न्यूनीकरण गर्ने कार्यक्रममा लगानी गर्न आवश्यक रकम सङ्कलन गर्न सकिन्छ। तथापि न्यून कर तथा भन्सार दरका साथै उल्लेख्य कर छूटलगायत गैरप्रगतिशील कर (Regressive tax) नेपालको कर प्रणालीका प्रवृत्ति हुन्। व्यक्ति, कर्पोरेट क्षेत्र तथा बैङ्क र वित्तीय संस्थाहरूले तिर्नुपर्ने उच्च आयकर क्रमशः १५, २५ र ३० प्रतिशत निर्धारण गरिएकाले यो कर दर अत्यन्त न्यून देखिन्छ। द्दद्ध यसमा पनि कतिपय उद्योगधन्दालाई कर छूट र अनुदान दिने प्रावधान छन्। उदाहरणका लागि सन् २०१८ को बजेटले निर्माण, वन उद्योग र खनिज उत्खनन जस्ता उद्योगलाई २५ प्रतिशत कर तोक्नुको सट्टा विशेष छुट दिँदै १५ प्रतिशतमात्र कर लागु हुने व्यवस्था गऱ्यो। यसरी नै भन्सारमा लाग्ने करको दर पनि अत्यन्त न्यून छ भने यसलाई पनि विश्व व्यापार सङ्गठन को सदस्यता प्राप्त गर्न आवश्यक सर्तहरू पूरा गर्ने उद्देश्यले सन् २००४ मा अझ घटाइएको छ। यसप्रकारका प्रावधानले उच्च आयकर्ता र नाफामूलक कम्पनीहरूले गर्नुपर्ने करको योगदानलाई सीमित गरी देशको असमानता सामना गर्ने क्षमता घटाउँछन्। करको दायरा फराकिलो पार्ने केही प्रयास गरिएका भए तापनि कर सङ्कलनमा धेरै छिद्र छन्। साथै नेपालको कुल गार्हस्थ्य उत्पादनको अनुपातमा संयुक्त राष्ट्र सङ्घले विकासका लक्ष्यहरू प्राप्त गर्न तोकेको न्यूनतम २० प्रतिशत करको अनुपातभन्दा न्यून छ। नेपालले आर्थिक वर्ष २०११/१२ का प्रथम ४ महिनाको अवधिमा कर नतिरेका कारण ३ अरब ४४ करोड रुपियाँ बराबरको घाटा बेहोर्नुपरेको एक अध्ययनले देखाएको छ। अर्को प्रतिवेदनका अनुसार सोही अवधिमा ३८५ भन्दा बढी फर्म कर छल्ने उद्देश्यले नक्कली भ्याट बिल बनाउने काममा संलग्न पाइयो। यस्ता नक्कली भ्याट बिल बनाउने बहुसङ्ख्यक संस्था नेपालका सबैभन्दा ठूला व्यापारिक संस्था ९ऋयचउयचबतभ ज्यगकभक० थिए। द्दछ द्दट यी तथ्यका आधारमा हेर्दा नेपालको कर प्रणाली अझै प्रगतिशील हुनु जरुरी छ। प्रत्यक्ष करको अनुपात बढे तापनि नेपालमा करबाट प्राप्त हुने कुल वार्षिक आम्दानीको दुईतिहाइ (६८.४ प्रतिशत) भन्दा बढी भाग अझै पनि अप्रत्यक्ष करले धानेको छ। भ्याट (सन् १९९५, अगाडि बिक्री करका रूपमा) ले मालसामान र सेवा शुल्कबाट प्राप्त हुने करको हिस्सा सन् १९८९/९० मा ३०.४ प्रतिशतबाट सन् २०१४/१५ मा ४७ प्रतिशतमा उक्लेको छ। यो गैरप्रगतिशील कर प्रणाली हो जसले सबभन्दा विपन्न समुदायमा असमानुपातिक करको बोझ थुपार्छ। केही अत्यावश्यक मालसामान र सेवाहरूमा कर छूटको व्यवस्था गरिएको भए तापनि गरिब परिवारले अझै पनि अप्रत्यक्ष करको महत्वपूर्ण हिस्सा बेहोर्नुपरेका प्रमाण छँदैछन्।

नेपालले कर प्रणालीलाई अझै प्रगतिशील बनाउँदै लग्नुपर्नेमा यसो नगरेकै कारण वार्षिक आम्दानी वृद्धि गर्ने अवसर गुमाउँदैछ। नेपालले सन् १९९० को दशकमा सम्पत्ति करसम्बन्धी प्रावधान बनाएको भए तापनि उद्योग तथा व्यापारिक क्षेत्रको वर्षौं लामो विरोधपछि यस्तो प्रावधान खारेज गरिएको छ। क्रान्तिकारी सुधारका लागि राजनीतिक पकड कसरी बाधक बन्न सक्छ भन्ने यो ज्वलन्त उदाहरण हो। सार्वजनिक खर्च जुनसुकै सरकारका लागि गरिबी र असमानता दुवैसँग मुकाविला गर्ने महत्वपूर्ण साधन भनेकै जनताको सेवा/सुविधा र सामाजिक कार्यक्रमहरूमा लगानी/खर्च गर्नु हो। हालैका वर्षमा नेपालले सार्वजनिक खर्च वृद्धि गर्न संरचनागत समायोजन गरी खर्च कटौतीलाई सम्बोधन गर्ने प्रयास गरेको छ। सन् २००१/०२ मा रहेको १०.४ प्रतिशतको कुल गार्हस्थ्य उत्पादनलाई बढाएर सन् २०१६/१७ मा ३१.७ प्रतिशत पुऱ्याइएको छ। यसप्रकारको सार्वजनिक खर्चले उल्लेखनीय सफलता हासिल गरेको पुष्टि हुन्छ। यद्यपि गरिबी र असमानता नियन्त्रण गर्न अत्यावश्यक क्षेत्रहरूमा अत्यन्त न्यून बजेट वितरण गरिएको देखिन्छ। उदाहरणका लागि स्वास्थ्य क्षेत्रमा छुट्याइएको रकम सन् २०११/१२ मा कुल खर्चको ७.८ प्रतिशतबाट घटेर सन् २०१६/१७ मा केवल ४.७ प्रतिशतमा सीमित गरियो। यसैगरी सो अवधिमा शिक्षा क्षेत्रमा छुट्याइएको रकम कुल बजेटको १८.३ प्रतिशतबाट झारेर ११.४ प्रतिशतमा ल्याइयो। सन् २०१४/१५ बाँकी ६ पेजमा

हार्दिक शुभकामना
शुभदीपावली तथा छठ पर्व २०७८ को अवसरमा सम्पूर्ण नगरपालिकावासीहरुमा कोरोनाको प्रोटोकल (सामाजिक दुरी कायम राख्ने, मास्कको प्रयोग गर्ने, स्यानेटाइजर वा साबुन पानीले मिचीमिची हात धुने आदि) भित्र रही चाडवाड मनाउन अनुरोध गर्दछौं।
जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना समयमै दर्ता गरौं
व्यक्तिगत दर्ता कहाँ गर्ने ?
जन्म, मृत्यु, विवाह, बसाइँसराइ, सम्बन्धबिच्छेदजस्ता व्यक्तिगत घटनाहरू घटना घटेको ३५ दिनभित्र आफू बस्ने नगरपालिका वा गाउँपालिकाको स्थानीय पञ्जीकाधिकारीकहाँ गई दर्ता गराउनु हुन अनुरोध गरिन्छ।
दिपक लामा
अध्यक्ष
भरतपुर महानगरपालिका
वडा नं. १८ कार्यालय परिवार
चितवन

हार्दिक शुभकामना
शुभदीपावली तथा छठ पर्व २०७८ को अवसरमा सम्पूर्ण नगरपालिकावासीहरुमा कोरोनाको प्रोटोकल (सामाजिक दुरी कायम राख्ने, मास्कको प्रयोग गर्ने, स्यानेटाइजर वा साबुन पानीले मिचीमिची हात धुने आदि) भित्र रही चाडवाड मनाउन अनुरोध गर्दछौं।
जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना समयमै दर्ता गरौं
व्यक्तिगत दर्ता कहाँ गर्ने ?
जन्म, मृत्यु, विवाह, बसाइँसराइ, सम्बन्धबिच्छेदजस्ता व्यक्तिगत घटनाहरू घटना घटेको ३५ दिनभित्र आफू बस्ने नगरपालिका वा गाउँपालिकाको स्थानीय पञ्जीकाधिकारीकहाँ गई दर्ता गराउनु हुन अनुरोध गरिन्छ।
ललितमान तामाङ
अध्यक्ष ९८५५०१३१५७
भरतपुर महानगरपालिका
वडा नं. १७ कार्यालय परिवार
चितवन

हार्दिक शुभकामना
शुभदीपावली तथा छठ पर्व २०७८ को अवसरमा सम्पूर्ण नगरपालिकावासीहरुमा कोरोनाको प्रोटोकल (सामाजिक दुरी कायम राख्ने, मास्कको प्रयोग गर्ने, स्यानेटाइजर वा साबुन पानीले मिचीमिची हात धुने आदि) भित्र रही चाडवाड मनाउन अनुरोध गर्दछौं।
जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना समयमै दर्ता गरौं
व्यक्तिगत दर्ता कहाँ गर्ने ?
जन्म, मृत्यु, विवाह, बसाइँसराइ, सम्बन्धबिच्छेदजस्ता व्यक्तिगत घटनाहरू घटना घटेको ३५ दिनभित्र आफू बस्ने नगरपालिका वा गाउँपालिकाको स्थानीय पञ्जीकाधिकारीकहाँ गई दर्ता गराउनु हुन अनुरोध गरिन्छ।
विजय कुमार भुजेल
अध्यक्ष ९८५५०१३१६५
भरतपुर महानगरपालिका
वडा नं. २५ कार्यालय परिवार
चितवन

हार्दिक शुभकामना
शुभदीपावली तथा छठ पर्व २०७८ को अवसरमा सम्पूर्ण नगरपालिकावासीहरुमा कोरोनाको प्रोटोकल (सामाजिक दुरी कायम राख्ने, मास्कको प्रयोग गर्ने, स्यानेटाइजर वा साबुन पानीले मिचीमिची हात धुने आदि) भित्र रही चाडवाड मनाउन अनुरोध गर्दछौं।
जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना समयमै दर्ता गरौं
व्यक्तिगत दर्ता कहाँ गर्ने ?
जन्म, मृत्यु, विवाह, बसाइँसराइ, सम्बन्धबिच्छेदजस्ता व्यक्तिगत घटनाहरू घटना घटेको ३५ दिनभित्र आफू बस्ने नगरपालिका वा गाउँपालिकाको स्थानीय पञ्जीकाधिकारीकहाँ गई दर्ता गराउनु हुन अनुरोध गरिन्छ।
ज्ञानप्रसाद खनाल
अध्यक्ष ९८५५०१३१६६
भरतपुर महानगरपालिका
वडा नं. २६ कार्यालय परिवार
चितवन

हार्दिक शुभकामना
विजयादशमी, शुभदीपावली तथा छठ पर्व २०७८को उपलक्ष्यमा यस विद्यालयका विद्यार्थी तथा अभिभावकहरुको सुख, शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै मादक पदार्थको सेवनको कुलतबाट आफू पनि बचौं ! अरूलाई पनि बचाऔं !
लोकबहादुर ऐरी
अध्यक्ष
धनसिंह महरा
प्रधानाध्यापक
श्री सिद्धबैजनाथ माध्यामिक विद्यालय परिवार
बशाह शुक्लाफाँट-१, कञ्चनपुर

# अक्टोबर क्रान्ति र मजदुर आन्दोलनको दिशा



● ईश्वर तिमिल्सिना ●

पुरानो पात्रो अनुसार सन १९१७ अक्टोबर १० मा रुसी जनताहरू सशस्त्र आन्दोलनको लामो प्रतीक्षा गरिरहेका र यो बोल्सेभिकले सत्ता लिने समय भएको लेनिनको भनाइ सँगै अगाडि बढाइएको विद्रोहको दृढ प्रस्ताव १० का बिरुद्ध २ मत सहित पारित भयो। कामेनेब र जिनोविभहरूले विद्रोहका बिरुद्ध करेन्स्की समक्ष गुप्त सामरिक सुचना पुऱ्याइनाले २४ अक्टोबरका दिन बिहान ९ बजे बोल्सेभिक पत्रीका ँमजदुरको बाटो'को कार्यालयमा करेन्स्की सरकारका सैनिक द्वारा कब्जामा लिइ सम्पादक लगायत संचारकर्मीहरू माथी विद्रोह गर्न खोजेको आरोप सहितको अपराधीक मुद्दा दायर गरियो। लिओन ट्राटस्किको नेतृत्वमा रहेको सशस्त्र मजदुर तथा सेना सम्मिलित क्रान्तिकारी सैन्य समितिले करेन्स्की सरकार समर्थित सेनाद्वारा गरिएको उक्त कार्यको बिरोध मात्रै गरेन बरु १० बजे सो कार्यालय बोल्सेभिकहरूको नियन्त्रणमा लियो। सोही दिन ३ बजे सम्पुर्ण पुलहरू कब्जामा लिएर यातायात अबरुद्ध पार्ने आदेश अनुसार अगाडि बढेका करेन्स्किका सैन्य शक्तिसँग शृङ्खलाबद्ध झडप गर्दै क्रान्तिकारी सैन्य समितिद्वारा टेलिग्राम कब्जा गर्नुका साथै संचार प्रणाली नियन्त्रणमा मात्रै लिइएन १९१७ अक्टोबर २५ ( अर्थात ७ नोभेम्बर ) राजधानी पेत्रोग्राद का सरकारी भवन, मुख्य संचार केन्द्र तथा सामरिक केन्द्रहरू सहित रेलमार्ग ,रेल स्टेसन तथा सरकारी गाडीहरू कब्जा गर्दै अगाडि बढेको बिद्रोही शक्ति सितकालिन दरवार प्रवेश गर्नु अगावै सरकार प्रमुख करेन्स्की भाग्न पुगे।

२६ डिसेम्बरका दिन दरवारमा सुरक्षा गर्न बसेका डेढसय सैनिक तथा ३ हजार कार्यकर्ता लाई नियन्त्रणमा लिएर बन्दी बनाउदै दिउँसो १० बजे प्रवेश गरेर ३ घण्टाको कारबाही पश्चात्सशस्त्र मजदुर तथा सेना सम्मिलित क्रान्तिकारी सैन्य समितिद्वारा अन्तरिम सरकारलाई बिस्थापित गरियो। अखिल रुसी कंग्रेसको अधिवेशनमा लेनिनले उक्त ऐतिहासिक घोषणा गर्नुभएको थियो।ँसाथिहरू ! हामीले समाजवादी राज्य रचनाको काम हाम्रो हातमा लिनुपर्छ' लेनिनले यो उद्गार व्यक्त गरिरहदा अक्टोबर क्रान्तिका उथलपुथलकारी परिघटनाका साक्षि जोन रिडले यसलाइ शताब्दिकै महान र युगान्तकारी भनाइका रूपमा उल्लेख गरेका थिए।

विद्रोहमार्फत सत्ता कब्जा गरेको घोषणा गर्ने उक्त क्रान्तिकारी सरकारद्वारा तत्काल निम्न कानुनहरू जारी भए

१) निजी जमीनको पुनर्वितरण

२) निजी सम्पत्तिको राष्ट्रियकरण

३) रुसी बैंकहरूको राष्ट्रियकरण

४) निजी बैंक खाताहरू जफत

५) गिर्जाघरका सबै सम्पत्ति जफत

६) सबै वैदेशिक ऋणहरू र सहायता अस्वीकार र परित्याग

७)उद्योग कलकारखानाको नियन्त्रण तथा सोभियतमा हस्तान्तरण

८) कार्य दिवस ८ घण्टा र ज्याला निश्चित

सर्वहारावर्गको नेतृत्वमा मजदुर, किसान तथा देशभक्त सेना सम्मिलित विद्रोहमार्फत सत्ता कब्जा गरि समाजवादको ऐतिहासिक पहलकदमी लिएको १०४ बर्ष पूरा भएको छ।१७८९ को फ्रान्सेली क्रान्तिको स्वतन्त्रता, समानता र भातृत्वको नारामा आधारित पुँजीपतिवर्गको नेतृत्वमा भएको सामान्तवाद बिरोधी क्रान्तिलाई आधुनिक युगको प्रजातान्त्रिक विचारधारामा आधारित पुँजीवादी युगको शुत्रपात मान्ने हो भने अक्टोबर क्रान्ती सर्वहारावर्गको नेतृत्वमा भएको समाजवादी युगको सबैभन्दा नवीन क्रान्तिको युगान्तकारी पहलकदमी हो।

अक्टोबर क्रान्तिपछि विश्वमा चलेको जनवादी र समाजवादी क्रान्तिका लहरले चीन, कोरिया, क्युवा लगायत चौथाई विश्वमा सत्ता कायम गर्दै पुँजिवादी विश्व व्यवस्थालाई चुनौती सिर्जना गर्न सफल भयो। समाजवादी क्रान्तिको लहरले भयभीत पुँजीपतिवर्गको समाजवादी शिविर भित्र र बाहिरबाट गरिएको हमला तथा सर्वहारा आन्दोलन भित्र विद्यमान सिमा र कमजोरीका कारण ती व्यवस्थाहरू ढल्न पुगे।

'आजको युग साम्राज्यवाद तथा सर्वहारा क्रान्तिको युग हो' कमरेड लेनिनको यो संश्लेषण आज पनि उत्तिकै सान्दर्भिक छ र विश्वमा उठ्दै गरेका जनवादी र समाजवादी क्रान्तिका शृङ्खलाहरूले फेरि पनि क्रान्तिको ढोका ढकढक्याइ नै रहेको छ। आज विश्वको प्रमुख अन्तरविरोध मध्य श्रम र पुँजी बीचको अन्तरविरोध पनि हो। राज्य सत्ता र उत्पादनका साधनमाथि पुँजीपतिवर्गको एकाधिकारका कारण श्रमिकहरू माथिको शोषण र उत्पीडनले तिव्रता पाएको छ। सस्तो श्रम, प्राकृतिक श्रोत साधन कब्जा गर्दै आजको पुँजीवाद देशीय सीमाहरू छिचोल्दै विश्व परिभ्रमण गरिरहेको छ। यसरी भूमण्डलिकृत हुन पगेको विश्वपुँजीवाद खुल्ला बजार तथा उदारीकरणमार्फत प्रस्तुत छ। खुल्ला बजार र उदारीकरणमार्फत पुँजीवादले श्रमको दोहन र नाफा मात्रै केन्द्रीत गरेको छैन श्रमिकहरूलाइ विश्व श्रमबजारमा भौतारिनु पर्ने बाध्यात्मक परिस्थिति समेत निर्माण गरेको छ। हाम्रो जस्ता देशहरूबाट भौतारिने लाखौंको संख्यामा रहेका वैदेशिक श्रमिकहरूको कमारोतुल्य जीवनका उदेक लाग्दा परिघटना यसैका प्रतीक हुन।

हामीलाई थाह छ वैदेशिक श्रम बजारमा ५० लाख नेपाली मजदुरहरू छन। औद्योगिकरणले विकास गर्न नसक्दा स्वदेशी श्रम बजारमा देशको श्रमशक्ति परिचालन हुन सम्भव भएन। संकुचित नेपाली श्रमबजार मजदुरपक्षीय छैन। उदारीकरणका नाममा अस्थायी, करार र ज्यालादारी प्रथा अगाडि बढाएको लामो समय भैसकेको छ। न्यूनतम पारिश्रमिक अन्तर्राष्ट्रिय र राष्ट्रिय बजार मूल्यभन्दा निकै तल छ र तोकिएको तलब ज्याला पनि लागू भैरहेको छैन।

सामाजिक सुरक्षाको आश्वासन दिएर नो वर्क नो पे / हायर एण्ड फायर जस्ता मजदुर बिरोधि कानुन सक्रिय बनाइएको छ। सामाजिक सुरक्षा कार्यान्वयन भएका छैनन। पुँजीपतिवर्गका लगानीमा मजदुर आन्दोलनलाई प्रभावित गर्न ट्रेड युनियनहरूलाइ लगानी गर्न राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू सक्रियतापुर्वक लागिरहेका छन। फलस्वरूप मजदुर आन्दोलनले गति लिन सकिरहेको छैन। यस्तो अबस्थामा मजदुर आन्दोलनलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पुँजीपतिवर्गको प्रभावबाट मुक्त गर्नु मात्रै छैन अर्थवाद, ट्रेड युनियनवाद र वर्ग समन्वयवादको प्रभावबाट समेत मुक्त गरेर मजदुरवर्गको सहभागिता सहितको राजनीतिक व्यवस्था स्थापनाका निमित्त मजदुर आन्दोलनलाई त्यस दिशातिर अग्रसर गराउनु आजको आवश्यकता भएको छ।

*('अक्टोबर क्रान्तिको सन्दर्भ र मजदुर आन्दोलनको दिशा' विषयक अन्तरक्रिया कार्यक्रममा अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघका अध्यक्ष तिमिल्सिनाले प्रस्तुत गरेको अवधारणा पत्र)*

# लेनिन र अक्टोबर समाजवादी क्रान्ति

❑ **धुबराज कार्की**


१९१७ अप्रिल ३ को राती दशक लामो आफ्नो निर्वासित जीवन त्याग्दै लेनिन रुसको पेट्रोगाड सहर फर्के। उनको स्वागत गर्न लालफन्डा बोकेका हजारौं श्रमिकहरू फिनल्यान्ड स्टेसनमा भेला भए। क्रान्तिकारी फौज र नौसेनाले गार्ड अफ अनर को व्यवस्था गरेको थियो। आफ्नो स्वागत गर्न भेला भएका जनसमूहबीच लेनिनले बोल्दै श्रमिक तथा नौसैनिकहरूलाई नयाँ सर्वहारा क्रान्ति र सोभियत सत्ता स्थापनाको लागि संघर्ष गर्न जोडदार आह्वान गरे।

लेनिनले रुसको अस्थायी सरकारले पूँजीपति तथा बिर्तावालहरूको स्वार्थरक्षार्थ काम गरिरहेको कुरा प्रस्ट पार्दै उसलाई असहयोग गर्न आमजनतालाई आह्वान गरे। साथै उनले 'सम्पूर्ण सत्ता सोभियतहरूलाई' भन्नेजस्ता नाराहरू अघि सारे। उनले स्पष्ट पार्दै सोभियत सत्ताले मात्र आमजनतालाई शान्ति, किसानहरूलाई जमिन, भोकाहरूलाई रोटी दिन सक्छ भने। उनले बिर्ताहरू बिनामुआब्जा जफत गरिनुपर्छ, देशको समस्त जमिनको राष्ट्रियकरण हुनुपर्छ र सम्पूर्ण कलकारखाना सामाजिक उत्पादन तथा वाणिज्य व्यवस्थामाथि मजदुर नियन्त्रण कायम गर्ने प्रस्ताव राखे।

यसैबीच लेनिनले महाधिवेशन डाकेर पार्टीको नाम बदलेर बोल्सेभिकबाट कम्युनिस्ट पार्टी बनाए। केरेन्स्कीको अस्थायी सरकारले लेनिन र बोल्सेभिकहरूविरुद्ध घृणा तथा दुष्टतापूर्ण आरोपहरू लगाउन थाल्यो। उनीहरूले लेनिनलाई गिरफ्तार गर्न पुर्जी काटे। लेनिनले करिब साढे तीन महिना भूमिगत भएर काम गरे।

सन् १९१७ मा लेनिनले भूमिगत अवस्थामा लेखेको कृति 'राज्य र क्रान्ति' प्रकाशित भयो। त्यस पुस्तकबाट लेनिनले राज्यसत्तामा सर्वहारा अधिनायकत्व किन आवश्यक छ र यसको ऐतिहासिक भूमिका के हो भन्ने कुरा खुलस्त पारे। यस पुस्तकमा उनले समाजवाद र साम्यवादलाई साम्यवादी समाजको दुई खुड्किलाको रूपमा व्याख्या गरे। उनले क्रान्तिमा कम्युनिष्ट पार्टीको भूमिकाबारे पनि महत्वपूर्ण विचार प्रकट गरेका थिए। जनता बिस्तारै बोल्सेभिकहरूतर्फ ढल्कन थाले। सोभियतहरूको पुनःनिर्वाचनमा बोल्सेभिकहरूले बहुमत पाए। उनीहरूले पेट्रोग्राड र मास्कोका सोभियतहरूमाथि आफ्नो वियन्त्रण कायम गरे। सोभियतहरूको प्रतिष्ठा बढ्यो र उनीहरू फेरि प्रमुख शक्तिको रूपमा देखा परे। लेनिनले विद्रोहको लागि विस्तृत योजना तयार गरे। लेनिनको नेतृत्वमा पार्टी केन्द्रीय समितिले विद्रोहको तयारी गर्दै देशभर सुनियोजित क्रियाकलाप सुरु गर्यो।

२४ अक्टोवरको दिन बेलुकीपख आफ्नो जीवनलाई खतरामा पार्दै पेट्रोग्राडका ती सुनसान सडक हुँदै लेनिन स्मोलिन आए र विद्रोहको प्रत्यक्ष नेतृत्व गर्न थाले। भोलिपल्ट २५ अक्टोबरमा पेट्रोग्राडका टेलिफोन, टेलिग्राफ तथा रेडियो स्टेसनका कार्यालयहरू, नेभा नदीका पुलहरू, रेल स्टेसन र राजधानीका अन्य मुख्यमुख्य अड्डामाथि विद्रोही मजदुर, सिपाही र नौसैनिकहरूले कब्जा गरे। त्यस्तै क्रान्तिकारी सेनाले आकस्मिक प्रहारद्वारा अस्थायी सरकारका मन्त्रीहरू बसेको शिशिरप्रासाद कब्जा गरे। त्यसपछि कम्युनिष्ट पार्टीले फेब्रुअरी क्रान्तिपछि गठित अस्थायी



सरकारलाई अपदस्थ गरेको घोषणा गर्यो। र, लगतै लेनिनको नेतृत्वमा रुसमा सर्वहारावर्गको पहिलो सरकार गठन भयो, जसले समाजवादी शासन प्रणालीको स्थापना र विकासको लागि सर्वहारावर्गको अधिनायकत्व भएको समाजवादी राज्यसत्ताको सुरुवात गर्यो। यो क्रान्ति नै अक्टोबर क्रान्तिको रूपमा विश्वप्रसिद्ध छ।

***लेनिनको हत्या प्रयास***

सन् १९१९ मा अमेरिकी बेलायती र फ्रान्सेली सेनाहरूले मुर्मन्सर्क कब्जा गरे। यस प्रकारले साम्राज्यवादीहरूले सोभियत राष्ट्रविरुद्ध युद्ध सुरु गरे। अपदस्थ बिर्तावाल तथा पूँजीपतिवर्गले विदेशी आक्रमणकारीहरूको सहायताद्वारा गृहयुद्ध सुरु गरे। कम्युनिष्ट पार्टी र सोभियत जनताले छाती फर्काएर मातृभूमिको रक्षा गरे। क्रान्तिबिरोधीहरूको योजनामा लेनिनलाई गोली हानियो।

साम्राज्यवादीहरूको निर्देशन र उनीहरूकै पैसामा बाँचेका रुसका क्रान्तिविरोधी शक्तिहरूले सोभियत सरकारविरुद्ध षड्यन्त्र रच्न थाले। लेनिन र उनका सहयोगीहरूको हत्या गर्ने योजना बनाउन थाले। सन् १९१८ अगस्ट ३० मा एसेर पार्टीकी सदस्य काप्लानले लेनिनमाथि गोली चलाइन् र लेनिन सख्त घाइते भए। रातदिन डाक्टरको उपचार र उहाँको आफ्नै धैर्यताको कारणले गर्दा लेनिनको स्वास्थ्य बिस्तारै सुध्रिँदै गयो। सम्पूर्ण सोभियत जनताले गरेको शिघ्र स्वास्थ्य लाभको कामनाले पनि लेनिनलाई आफ्नो स्वास्थ्य सुधार गर्न थप बल प्रदान गर्यो। सन् १९१९ को अन्त्यतिर लालसेनाले झन्डै सबैजसो मोर्चाहरूमा विजय हासिल गरिसकेको थियो। र, यसबाट राष्ट्रले सास फेर्ने मौका पायो। लेनिनको नेतृत्वमा बोल्सेभिक कम्युनिष्ट पार्टीले तुरुन्तै देशको अधिकाँश शक्ति आर्थिक निर्माणतर्फ लगायो। यातायात, इन्धन, उद्योग तथा अन्य महत्वपूर्ण आर्थिक क्षेत्रहरूको पुनरुत्थान सुरु भयो। समाजवाद तथा साम्यवाद निर्माणको लागि बृहत् उद्योगको विकास गर्नुपर्छ, देशकलाई बिजुलीकरण गर्नुपर्छ भन्ने कुरामा लेनिनले जोड दिए। मास्को नजिकैको सानो गाउँ कासिनोमा आफ्नो उपस्थितिमा बिजुलीबत्तीको उद्घाटन हुँदा लेनिन असाध्यै रमाए।

लेनिनले अर्थव्यवस्थाको पुनरुत्थान कार्य कृषिबाट सुरु गर्नुपर्छ भन्ने कुरामा जोड दिए। कम्युनिष्ट पार्टी र सोभियत सरकारद्वारा प्रस्तुत नयाँ आर्थिक नीति पूँजीवादबाट समाजवादतर्फको संक्रमणकालको लागि एक मात्र सही नीति थियो। लेनिनले राष्ट्रमा विज्ञान र प्रविधिको क्षेत्रमा भैरहेको विकासप्रति गम्भीर रूपमा चासो दिन्थे। नयाँ आविष्कारप्रति उनी जिज्ञासा राख्थे र आविष्कारकहरूलाई प्रोत्साहित गर्थे। उनी जनतालाई सरकारको सेवा सर्वसुलभ रूपमा दिन र आर्थिक अनुशासनको कठोरतापूर्वक पालना गर्न ध्यान दिन्थे।

***अलविदा लेनिन***

कडा परिश्रमको कारणले सन् १९१८ मा गोली लागेर भएको घाउ बल्झिँदा लेनिनको स्वास्थ्य निकै बिग्रिन गयो। सन् १९२१ को जाडोदेखि डाक्टरहरूको अनुरोधमा उनी अक्सर आराम र उपचारको लागि आफ्नो काम रोक्न बाध्य भए। सन् १९२४ मा उनको स्वास्थ्य झन् बिग्रियो। तर, अस्वस्थ भए पनि लेनिनले हरेक दिन सरकारी कामकाजको रेखदेख गर्न छाडेनन्। सोही वर्ष नोभेम्बरमा ग्लुखोभको कारखानाका मजदुरहरूको एक प्रतिनिधिमण्डलले गोर्की सहरमा लेनिनलाई भेट गर्यो। उनीहरूले १८ वटा चेरीका रुखहरू लेनिनलाई उपहारस्वरूप दिनको लागि लिएर आएका थिए। आत्मीय रूपमा भएको यस भेटघाटमा लेनिनलाई मजदुरहरूले महान् सोभियत संघको निर्माणमा उहाँले तयार पारेको विकासको रूपरेखा पूरा गर्न सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे। प्रतिनिधि मण्डल फर्केपछि लेनिनले आधा रातसम्म ग्लुखोभ कारखानाका मजदुरहरूले पठाएको शुभकामना पत्र बारम्बार पढेर बसे। मजदुरहरूसँग यो उनको अन्तिम भेट थियो। सन् १९२४ जनवरी २१ मा बेलुकी छ बजेर ५० मिनेट जाँदा विश्व सर्वहारा आन्दोलनका महान् नेता र मार्क्सवादका सिर्जनात्मक प्रयोगकर्ता लेनिनको निधन भयो।

***लेनिनको निधन***

सन् १९२४ जनवरी २१ को दिन राती सोभियत कम्युनिस्ट पार्टीको केन्द्रीय समितिको आकस्मिक प्लेनम बस्यो। केन्द्रीय समतिले जनताको नाममा एक अपिल जारी गर्यो। उक्त अपिलमा भनिएको थियो, 'त्यस व्यक्तिको निधन भएको छ, जसको वीरतापूर्ण नेतृत्वमा हाम्रो पार्टीले युद्धको राँकोबीच दृढतापूर्वक सम्पूर्ण देशभरि अक्टोवर क्रान्तिको रातो झण्डा फहराएको छ, शत्रुहरूको विरोधको बाढी रोकेको छ र भूतपूर्व जारशाही रुसमा श्रमिकहरूको प्रभुत्व कायम गरेको छ। कम्युनिस्ट इन्टरनेसनलका संस्थापक, विश्व साम्यवादका नेता, अन्तर्राष्ट्रिय सर्वहारावर्गको प्रेम र गौरव, पददलित पूर्वेली जनताका झण्डावाहक, रुसी सर्वहारा अधिनायकवादका अगुवा आज हाम्रो बीचमा छैनन्।'

२३ जनवरीको दिन महान् नेताको देह गोर्की सहरबाट मास्को ल्याइयो र संघीय भवनको स्तम्भ हलमा राखियो। अति जाडो भए तापनि चारदिनसम्म लाखौं मजदुर तथा किसानहरू, लालसेनाका जवानहरू र कर्मचारीहरू, बुढाबुढी तथा बच्चाबच्चीहरू र सोभियत भूमिको कुनाकुनाबाट आएका प्रतिनिधिमण्डलले आफ्ना प्यारा नेतालाई अन्तिमपटक भावपूर्ण श्रद्धाञ्जली अर्पण गरे। २७ जनवरीको दिन दिउँसो ४ बजे लेनिनको अन्त्येष्टी जुलुस निस्क्यो। लेनिनको शव लालमैदानमा विशेष रूपमा बनाइएको समाधिमा राखियो। शोकमा डुबेका सोभियत जनताले आफ्ना नेतासँग विदा लिए। अन्त्येष्टीमा पाँच मिनेटसम्म मौनधारणा गर्ने घोषणा गरियो। मोटर र रेलहरू रोकिए, कलकारखानाहरूमा काम रोकियो। विश्वभरिका श्रमिक जनताले आफ्ना महान् नेता शिक्षक एवं मित्र लेनिनसँग अन्तिम बिदा लिए।

## गम्भीर...

एमसीसीको पक्षमा मतदान नगरेपनि दुई तिहाइ बहुमतबाट एमसीसी पास हुने देखिन्छ। माओवादी केन्द्र समर्थित सभामुख अग्नी सापकोटाले टेबल नगरेकाले नै यो अहिलेसम्म पास नभएको हो। संसदबो गणितमा एमसीसी पास गर्नुपर्छ भन्ने सांसदहरूको बहुमत रहेकोले यसलाई मतदानको प्रक्रियामा लैजानुको अर्थ पास गर्न सहमति दिनु हो। माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड एमसीसी संसदमा टेबल गर्न सहमत हुनुको अर्थ पास गर्न सहमत हुनु नै हो।

अरु नेताहरूसँग एक्लाएक्लै भेट गरेका डोनाल्ड लुले प्रचण्डमाथि दबाब बढाउन भेट्न जाँदा राजदुतलाई समेत लिएर गएका थिए।

सिंहदरबारस्थित संसदीय दलको कार्यालयमा भएको भेटमा प्रचण्डले दलहरूले आफनो मत संसदमै राख्ने अवस्था आउनसक्छ भनेर सार्वजनिक अभिव्यक्ति दिइसकेका छन्।

***गम्भिर राष्ट्रघात***

एमसीसी जस्तो राष्ट्रघाती सम्झौतालाई संसदमा टेबल गर्ने सहमति गरेर प्रचण्डले राष्ट्रघातमाथि लालमोहर लगाइदिएका छन्। अमेरिकी अधिकारीहरूले नै बारम्बार भन्दै आएका छन् कि एमसीसी सम्झौता हिन्द प्रशान्त रणनीतिको नै अभिन्न अंग हो। हिन्द प्रशान्त रणनीतिको मिसनमा आधारित भएर नै एमसीसी जस्ता परियोजनाहरू सञ्चालन गर्ने नीति रहेको छ। स्पष्ट छ हिन्द प्रशान्त रणनीति भनेका सैन्य रणनीति हो, जसको उद्देश्य भनेको चीनलाई घेरा हाल्नु, उसको बढ्दो प्रभावलाई रोक्नु, धराशायी बनाउनु र सिध्याउनु हो। त्यसका लागि अमेरिकाले नेपालको भूमि, यहाँको कच्चा पदार्थ र सस्तो श्रमलाई त्यो मिसनमा उपयोग गर्न चाहन्छ। उसले गर्ने हरेक गतिविधिमा नेपालको कानुन तथा संविधान बाधक नबनोस् भनेर नै एमसीसी सम्झौतालाई नेपालको संसदबाट अनुमोदन गराउन खोजेको हो।

एमसीसी सम्झौतामा भएका प्रावधानहरू राष्ट्रघाती छन्। हुबहु पारित गरिनु हुन्न भन्ने निष्कर्ष तत्कालीन डबल नेकपाका नेता झलनाथ खनाल नेतृत्वको अध्ययन प्रतिवेदनको पनि रहेको छ। एमसीसी सम्झौताका अध्येता तथा विज्ञहरूले पनि सार्वजनिक फोरमहरूमा नै यो राष्ट्रघाती छ। एमसीसी पास गर्नुको अर्थ अमेरिकी सैन्य गठबन्धनमा आबद्ध हुन पुग्नु हो। परिणामतः नेपालको असंलग्न परराष्ट्र नीति समाप्त हुन पुग्दछ। र, नेपाल अमेरिकाको पत्यक्ष परोक्ष उपनिवेश बन्न पुग्दछ भन्ने तर्क विज्ञ बुद्धिजीबीहरूको रहेको छ।

***क्रान्तिकारी माओवादीको विरोध***

एमसीसी सम्झौता पास भए नेपालको स्वाधीनता र सार्वभौमिकतामाथि गम्भिर संकट उत्पन्न हुने भन्दै नेकपा (क्रान्तिकारी माओवादी), देशभक्त जनगणतान्त्रिक मोर्चा, नेकपा (विप्लव), नेकपा (मसाल), नेकपा (माले) लगायतका २२ राजनीतिक संगठनहरू एमसीसी खारेजीको माग गर्दै निरन्तर रूपमा आन्दोलित रहेका छन्। अमेरिकाका सहायक विदेशमन्त्री लुको नेपाल भ्रमणको विरोधमा शुक्रबार नेकपा (क्रान्तिकारी माओवादी)ले विरोध प्रदर्शन गऱ्यो। अमेरिकी दुतावास अगाडि कालो झण्डा र व्यानरसहित गरेको विरोध प्रदर्शनलाई प्रहरीले हस्तक्षेप गऱ्यो र सो पार्टी सम्बद्ध युवा संगठन क्रान्तिकारी युवा लिगका अध्यक्ष अमिर महर्जनसहित १० जना नेता कार्यकर्ताहरूलाई प्रहरीले गिरफ्तार गरेर साँझ मात्र रिहा गऱ्यो।

शुक्रबारै माइतीघर मण्डलामा पनि क्रान्तिकारी माओवादीले विरोध प्रदर्शनसहित विरोधसभा सम्पन्न गऱ्यो। विरोधसभालाई नेकपा (क्रान्तिकारी माओवादी)का स्थायी समिति सदस्य तथा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका महासचिव परि थापाले सम्बोधन गर्नुभएको थियो।

***भारतको दादागिरी***

विगत लामो समयदेखि भारतले नेपालको भूमि अतिक्रमण गर्दै आएको छ। त्यति मात्र होइन नेपालको आन्तरिक राजनीतिको समेत उसले हस्तक्षेप गर्दै आएको छ।

भारतले पछिल्लो पटक दुई बर्ष अघि जारी गरेको नयाँ राजनीतिक तथा प्रशासनिक नक्सामा नेपालको लिम्पियाधुरा, लिपुलेक, कालापानीसहितको करिब ४ सय वर्ग किमि क्षेत्रफल आफ्नो नक्सामा गाभ्यो। त्यसको व्यापक रूपमा विरोध भयो। सडकको दबाबका कारण नेपाल सरकारले पनि उक्त भूमि समेटेर नेपालको चुच्चे नक्सा जारी गऱ्यो। तर उक्त भूमिमा अहिले भारतीय सेनाले कब्जा जमाएको छ र उसले त्यस क्षेत्रमा मनलाग्दी भौतिक संरचनाहरू निर्माण गरिरहेको छ।

उक्त भूमि नेपालको कायम गर्न भारतसँग कुटनीतिक तथा राजनीतिक रूपमा जुन पहल गर्नुपर्ने हो, यहाँको सरकारले त्यस्तो कुनै पहल गरेन। हुँदा हुँदा अहिले भारतले उक्त क्षेत्रमा जनगणना गर्न जान समेत रोक लगाएको छ। यहाँसम्म कि नेपालकै प्रशासनिक नियन्त्रणमा रहेको क्षेत्र छाङरु र टिंकरमा समेत जनगणना गर्न जान दिएन। तीन पटकसम्म भारतीय प्रशासनलाई उक्त भूभागमा जान बाटो माग्दा समेत अनुमति दिएन। तर शेरबहादुर देउवा नेतृत्वको सरकारले त्यसका लागि कुनै कुटनैतिक पहल गर्ने आँट समेत गरेन।

भारतको नियन्त्रणमा रहेको कालापानी क्षेत्रको जनगणना नगर्दा उक्त भूमिमाथिको नेपाली दाबी कमजोर हुने भन्दै जनगणनाका लागि क्रान्तिकारी माओवादी लगायतका राजनीतिक पार्टीहरूले सार्वजनिक दबाब दिए पनि त्यसको सरकारले कुनै सुनुवाइ गरेन।

बरु स्याटलाइटबाट तथ्यांक संकलन गर्ने भन्दै आफ्नो नालायकीपनको प्रदर्शन गरिरहेको छ। आफ्नै भूमिको संरक्षण गर्न अहिलेको सत्ता, व्यवस्था र यिनका सञ्चालकहरू निकम्मा, असक्षम साबित हुन पुगेका छन्।

बरु उल्टै उनीहरू भारत र अमेरिकी शासकहरूको दलाली गरेर सत्तामा पुग्ने र सत्तामा टिकिराख्ने खेलमा नाङ्गै दौडिइरहेका छन्।

जब नयाँ स्थानमा सिमाना अतिक्रमण हुन्छ, त्यसले केही समय सडक र संसद तताउँछ अनि केही समयपछि जब देशको ध्यान अन्य कुनै मुद्दामा आकर्षित हुन्छ यो विषय स्वतः निस्तेज भएर जाने गरेको छ।

त्यसपछि भारतले अतिक्रमित भुमिमा आफ्नो नियन्त्रण कायम गर्दै विधिवत आफ्नो क्षेत्रमा मिसाउने गर्दै आएको छ। १८८० किमीमा फैलिएको नेपालको सीमा भारतले पटकपटक गरेर ७१ स्थानमा मिचिसकेको छ। यस अतिक्रमणबाट नेपालले १२६ वटा जंगे पिलर र करिब ६३ हजार हेक्टर जमिन गुमाइसकेको स्थिति छ र यो स्थितिले निरन्तरता पाइरहेको छ। जसको जौ खानु उसैको जुँगा मोल्नु भनेजस्तै नेपालकै भूमि अतिक्रमण गरेर नेपालीहरूमाथि नै दादागिरी देखाइरहेको छ।

लामो समयदेखि नेपाली भूमिमा वसी नेपालको नागरिकता प्राप्त गरी जग्गाधनी प्रमाण-पूर्जा लिएका नेपाली नागरिकहरू रातारात विदेशी बनेका छन, लालपुर्जा तिरोभरण नेपालमा, जग्गा र बस्ती भारतको भएको छ।

भारतले नेपाललाई योजनावद्ध हिसाबले हिमाल नै भारतको उत्तरी सिमाना भएको मान्न बाध्य बनाउने रणनीतिका साथ अघि बढिराखेको देखिन्छ।

सशक्त राष्ट्रिय प्रतिरोध संघर्षको खाँचो

राष्ट्रको स्वाधीनता र सार्वभौमिकता जोखिममा परेको बेला सम्पूर्ण देशभक्तहरू एकताबद्ध भएर सशक्त राष्ट्रिय प्रतिरोध संघर्षलाई संगठित र सुदृढ तुल्याउन जरुरी छ।

नक्कली कम्युनिस्ट र नक्कली राष्ट्रवादीहरूको विगविगी रहेको नेपालमा सच्चा देशभक्त र सच्चा कम्युनिस्ट क्रान्तिकारीहरू एकढिक्का भएर प्रतिरोध संघर्षलाइ प्रभावकारी रूपमा अगाडि बढाउन आवश्यक देखिन्छ।

दलाल संसदवादीहरूबाट देशको स्वाधीनता र सार्वभौमिकताको रक्षा हुने स्थिति देखिन्न। उनीहरू सत्ता स्वार्थका लागि देशै विदेशीको जिम्मा लगाउन पनि तयार देखिन्छन्। अझ अमेरिका र भारतको कसले बढी दलाली गर्ने र कसरी खुशी तुल्याउने भन्ने प्रतिस्पर्धा चलिरहेको आजको बिडम्बनापूर्ण अवस्थामा सच्चा देशभक्त र कम्युनिस्ट क्रान्तिकारीहरूबीचको सुदृढ एकताको विकल्प छैन।

भारत र अमेरिकाको नेपालमाथि बढ्दो हस्तक्षेपले नेपालमा राष्ट्रिय स्वाधीनताको आन्दोलन रणनीतिक रूपमा उठाउनुपर्ने देखिएको छ।

# चितवनदेखि दार्चुलासम्म–एक



● मोदनाथ मरहट्टा ●

२०७२ सालको साउन १९ गते खाना खाइवरी म घर अगाडिको चोकको पसलमा कान्तिपुर पत्रिका पढिरहेको थिएँ। खल्तिमा रहेको मोबाइलमा कसैको फोन आयो। उठाएँ।

'सर म लेखनाथ न्यौपाने, सञ्चै हुनुहुन्छ ?'

'अँ, मैले चिनिसकें, सञ्चै छु।'

'अनि ज्ञवाली सरको फोन आयो ?'

'खै के हो छैन।' मेरो जवाफ थियो।

'हामी लिपु लेक जाने भयौं। सञ्चो र फुर्सद भए जाउँ न त।' लेखनाथको आग्रह।

म घुम्न मन पराउने मान्छे कुनै बेला खल्तिमा एउटा कविता बोकेर काँकडभिट्टासम्म पुगेको छु र कविता वाचन नगरी, फिर्ता भएको छु। त्यसैगरी एउटा कविता बोकेर दाङको घोराहीसम्म पुगेको छु। त्योभन्दा पर जाने अवसर खोजिरहेको बेला, नयाँ स्थलको प्रस्ताव आएपछि उत्साहित भएर सोधें - 'खर्चपर्च के हो ?'

'बसको व्यवस्था गरिएको छ। पकेट खर्च खोज्नुस्न।' लेखनाथले भने र कहाँ कहिलेको निर्क्योल गरैं। योजना रहेछ २०७२ साउन २३ गते काठमाडौंबाट दार्चुला जाने। नाम रहेछ -'काठमाडौं दार्चुला अभियान।'

म दार्चुला जाने भएँ।

मन फुरफुर हुन थाल्यो।

साँझ कान्छी छोरीलाई भनें 'पर्सि म दार्चुला जान्छु'।

उ पिरिई - 'घुँडा दुख्छ, रोगी मान्छे '.।'

'बसमा जाने हो म जान्छु।' मेरो अठोट जारी भयो। जाने त जाने भइयो तर २३ गते तीनवटा कार्यक्रम जुध्यो। एउटा त्यही दिन जगतदाइ कि श्रीमतीको शोकसभा थियो। शोकसभापछि जनसांस्कृतिक महासङ्घको जिल्ला भेला अनि शारदा घर दैलोको निम्ता। तीनवटै विषयलाई मैले ओझेलमा पारैं र यात्रामा जान तम्सिएँ।

साउन २३ गते बिहान नौ बजेतिर खाना खाईवरी निस्कने तयारी गरैं। बुढीया हिजैदेखि बेखुसी थिइन। कान्छी छोरी पनि अँध्यारी भई।नारायणगढको पुल्चोकमा पुग्दा दिनको ११ बजिसकेको थियो। म सरासर जगत दाइकोमा पर्से। कोरा बसेको घरमा झिनो चहल पहल बाहेक अरू केही छैन। रहँदा पर्खदा दिनको १२ बजे काठमाडौंबाट हिंडेको टोली नारायणगढ आइपुग्यो। सेता टोपीको पालीमा- 'लिपुलेक हाम्रो हो, अखिल (क्रान्तिकारी)', लेखिएको नारा सहित सयौं युवा चोकमा उभिए। चितवन जिल्ला पार्टीले अविर र खादाले स्वागत गऱ्यो। कोणसभा र बिहानीको खानापछि पश्चिमी यात्राको सुरुवात भयो। लम्जुङबाट आउनु भएका मोहनहरि पौडेल र म एउटै सिटमा बस्यौं। अभियानका लागि ल्याइएका दुबै बस खचाखच थिए हामी हिड्यौं। बसभित्र सबैजसो युवाहरू छन्। दाह्री फूलेको एकजना म र तिलचामले मोहन बाहेक सबै तन्देरी। अझ नवलपरासीमा बस गुडिरहँदा अभियानका एक भाइले मुखै फोरे - 'के तपाईंहरू बुटवल जाने हो ?' सोध्नुको तात्पर्य बसमा सिटको अभाव थियो। हामीले भन्यौं- 'होइन हामी यो अभियानमा सँगै हो।' सेतै फुलेको कपाल देखेर सायद भाइहरूलाई अनौठो लाग्यो होला।

सवा २ मा नारायणगढबाट गुडेको गाडी साढे चारमा बुटवल पुग्यो। छोटो कोणसभापछि गाडी फेरि अघि बढ्यो। यो अभियानको मूल उद्देश्य नेपाली भु-भागमाथि हुने विदेशी हस्तक्षेपको बिरुद्ध जनचेतना जगाउनु थियो। नेपाली भूमिमाथि भारतीय हस्तक्षेपको पीडा त छँदै थियो। अझ जेठ २ गते भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र चिनियाँ समकक्षीबीच भएको सम्झौतामा लिपु भञ्ज्याङलाई व्यापरिक नाका बनाउने निर्णयले चिनियाँ पक्ष पनि नेपालप्रति इमान्दार छैन भन्ने बुझाउनु थियो र अभियान मार्फत् लिपुमा नेपाली झण्डा फहराउनु थियो। आफ्नो मुलुकमाथि असैह्य पीडा परेको बेला कुनै पनि देशभक्त चुप लाग्नु हुन्न भन्ने मान्यताले म पनि पछि लागेको थिएँ। बुटवल बजारको अस्पताल अगाडिको चोकमा छोटो कोणसभा भयो। सभामा अखिल क्रान्तिकारीका उपाध्यक्ष शेवन्त भण्डारीले अभियानको उद्देश्यबारे छोटो मन्तव्य दिए।

साँझको ६ बजेपछि गाडी पश्चिम तर्फ गुडे। रूपन्देहीको पश्चिमी भु-भाग कटेपछि धर्तिमा अँध्यारो बाक्लियो। हाम्रो बसभित्रका साथीहरूबीच अन्ताक्षरी गीत, गजल र मुक्तक बाचनको सिलसिला चल्यो। कुचुक्क दोब्रिएका मोहन र म घरी हाँस्छौं, घरी इतिहासका दुर्दिन तिर पुग्छौं।

मोहनहरि पौडेल जतिबेला गोरखा जिल्लाको सदरमुकामतिर पार्टीको जिम्मेवारी बोकेर आएका थिए म सदरमुकाममा थिएँ। त्यो समय २०५४ को थियो। गोरखा जिल्लाको शिक्षक सङ्गठनमा त्यस समय माओवादी साथीहरूको बाहुल्यता थियो र म शिक्षक सङ्गठनको कार्यालय सचिव थिएँ। हो मोहनहरि र मेरो चिनाजानी र सहकार्य त्यहींबाट सुरु भयो। अहिले उनी माओवादी आन्दोलनप्रति गद्दारी गर्दै एमालेमा पसेका छन्। म भने पुनः मुसिको भवः भएको छु। म भूँइमान्छे, भूँइमै रमाएको छु।

रातको नौ बजे हामी लमही पुग्यौं। राजमार्गका धेरैजसो होटलहरू सेवामुखी भन्दा नाफामुखी हुन्छन्। अझ एकैपटक आइपरेका पाहुनाहरूका लागि दिनुपर्ने आधारभुत सेवा पनि पुऱ्याउन हम्मे पर्ने हाम्रो टीमका लागि जसोतसो खानाको मेसो मिल्छ। अब हाम्रो अगाडि ओच्छ्यानको समस्या आइलाग्छ। होटेलको सिह्रान तलामा रहेको हलमा सुत्ने प्रबन्ध त छ तर ओच्छ्यान देख्दै दिग्मिग लागेर आउँछ।

प्रायः सबै मानिसको आधा आयु सुतेर बित्छ। दिनभरको थकाई, तनाव वा मोजमस्ती जे जे भएपनि ओच्छ्यान आरामदायी होस् भन्ने सबैको चाहाना हुन्छ र मेरो पनि छ। मेरी ठूली छोरीको घर दाङकै गोवरडियामा पर्छ। उनका ठूला जेठाजू लमहीमा बस्नुहुन्छ। मैले पनि मौकाको फाइदा लिने दाउमा फोन गरैं। ल उहाँ त आइहाल्नु भो हामीलाई लिन। साथी मोहन र म लाग्यौं त्यतातिर।

भन्न त मान्छेहरू सादा जीवन र उच्च विचार भन्छन् तर हरेक व्यक्तिको जीवनशैली भने उसकै निजत्वमा भर पर्छ। खाने, पिउने वा आराम गर्ने आआफ्नै तरिका हुन्छन्। पाएसम्म मिठो खान पाइयोस्, ढुक्कले सुत्न पाइयोस्। प्राचिन चिनियाँ धर्म गुरु कङ्फुशियसले भन्ने गरेका थिए - 'ढिडो वा रोटी एक पेट खाएर पाखुराको सिरान हाली सुत्न पाए पुग्छ', तर हामी त्यो विचार मान्न कहाँ तयार हुन्छौं र ! हामी बेग्ला बेग्लै खाटमा ढुक्कले सुत्यौं।

लमही बजारमा बिहानीको घाम एकजूवा माथि चढ्यो। घामसँगै गर्मी चढ्यो। साउन महिना भएर पनि बादलको लस्को कतै देखिँदैन। यसो उसो गर्दा आठ त बजिहाल्यो। सानो कोणसभाको तयारी रहेछ।

कोणसभामा पूर्व सभाषद् इन्द्रजीत थारुले केही गम्भीर सवाल उठाए। मस्यौदा संविधानमा उत्पीडित वर्गको हक अधिकारप्रति चार दलका नेताले देखाएको उदासिनता विरुद्ध आवाज उठाउनु पर्ने कुरा राखे। कोणसभामा एउटा गीतपछि कविता वाचनका लागि मेरो नाम बोलाइयो। मैले 'अगस्ति दक्षिणतिर बस्छ' कविता वाचन गरैं। अभियानका अभियन्ता रत्न ढकालको सम्बोधनपछि हामी पश्चिम हानियौं।

दाङ क्षेत्रभरि बसमा गुडिरहँदा थुप्रै विषयहरूले मन घाइते भयो। दाङ जनयुद्धको उद्गम थलो रोल्पाको बेसी र २०५८ को फौजी कारबाहीको निशाना पनि हो। अझ २०६४ को चुनाव प्रचारमा जुटेका माओवादी युवाहरूको सामुहिक हत्याको घटनाले विक्षिप्त छ। मन भारी भएर आयो। दाङभित्र कति वीरहरूको शहादत भएको छ, त्यसको लेखा विस्तारै विस्मृत बन्दै गएको छ। ती योद्धाहरूको सपना कहिले साकार होला त्यो महाअभियानका अगुवा नै बाटो हगुवा भएपछि यसको जवाफ कहाँ पाउनु ?

अमिलियाबाट केही बेर गुडेपछि बाँके जिल्ला प्रवेश गरिएछ। छिटफुट बस्ती र घना वनको यात्रा गर्दै जाँदा अघिल्लो साँझ भालुवाङ्मा छोडेको राप्ती नदी हाम्रो बाटोसँगै समानान्तर पो बगिरहेछ। बसको झ्यालबाट हात फैलाउँदा पानीसँग मितेरी लगाउन सकिने जस्तै नजिकै बग्दो छ।जङ्गलको बीचमा सानो बजार रहेछ। कुसुम बजार। त्यहाँ सबै सवारी साधन लामबद्ध छन्। प्रहरीले अघि जान दिएन। सुनियो- 'हिन्दू अतिवादीले बाँके बन्द गरेका छन्।' कुसुम बजार नजिकैको प्रहरी चौकीमा २०५८ सालमा जुम्लाका मोहन भण्डारीको शाहदत भएको रहेछ। अघि बसमा आउँदा हाम्रो पछाडि बसेका उनका भाइ सुकेश भण्डारीले जानकारी दिए। हाम्रो मुलुकमा कयौं प्रहरी चौकी यस्ता छन् जहाँ उत्खनन् गरियो भने दर्जनौं कङ्काल भेटिन्छन् तर 'तेल पानी मिल्छ, पिना बाइलो' भएझैं भएको छ।

हाम्रो बस कुसुम बजारमा रोकियो। म सँगैको साथी मोहन पौडेल भन्दैछन् 'दाइ पानी पिउनुस्।' तर सार्वजनिक वा रिजर्भ गरिएका सवारी साधनमा यात्रा गर्दा धेरै पानी पिउनु मेरो लागि कष्टकर हुन्छ किनकि त्यो साधन मेरो वशभर हुँदैन।

कुसुमको चौतारोमा भोको पेटमा चुरोट चुस्दै छु। चौतारो नजिकैको गोठमा पालिएका मोटा मोटा खसी देखेर साथी मोहन भन्नु हुन्छ, 'दाइ, यस्तो खसीको मासु पेटभर खाने रहर छ। उफ ! पार्टीको एउटा पूर्णकालीन नेताको यस्तो गुनासो ! मैले मेरा पिताज्यूको बाल्यकाल सम्झिएँ। उहाँ भन्नुहुन्थ्यो- 'हाम्रो लागि मासुभात भनेको दशैंको मात्र हो।' एउटा कम्युनिस्ट पार्टीका होनाहार कार्यकर्ता र १९औं शताब्दीका मेरा पिताजीको अवस्थाले नेपालको वर्तमान आर्थिक विषमताको चित्र उतारे जस्तो लाग्यो।

कुसुम बजारमा अडिएको हाम्रो साधन विना अनुमति अघि बढ्न निषेध थियो। बल्ल बल्ल १ बजेतिर हाम्रो यात्राको सुरक्षार्थ एउटा भ्यान अघि लाग्यो। बाँके जिल्लाको लोकमार्गभरि झैं हामी प्रहरीको निगरानीमा कोहलपुर पुग्यौं।

'अगाडि गाडि जाँदैन।'

'बाँके बन्द छ।'

'हिन्दूवादीको बन्द हो।' बिहानै सुनिएको थियो।

बसहरू रोकिएपछि हामी सबै ओर्लियौं।

कोहलपुर चोकमा पीत बस्त्रधारी महिला पुरुषको विरोध कार्यक्रम रहेछ। हेर्दै जाँदा देखियो पँहेलो कछाड बेरेको पुरुषको कम्मर समातेर केही अर्धनग्न युवतीहरू नाच्दै थिए। 'यो पनि रामको, त्यो पनि रामको सारा संसार रामको म पनि रामको' धन्य छन् हाम्रा चेलीहरू सारा संसार रामको हो भने रामराज्यमा किन धर्ना किन जुलुश ?

हामीलाई त्यहाँ बहस गर्नु थिएन। हाम्रो यात्राका सदस्यहरू लामबद्ध भएर नारा घन्कियो। 'लिपुलेक हाम्रो हो'- 'हाम्रो हो। हाम्रो हो।' 'भारत चीन होसीयार' - 'होसियार, होसियार।' बस, हाम्रो टोलीको नारा र शक्ति देखेपछि बाटो खुल्ला भयो। हामी नेपालगञ्ज पुग्यौं। मैले सुनेको थिएँ, पश्चिम नेपालको तराईमा गर्मी महिनामा तातो हावाले 'लु' ल्याउँछ तर हामी साउनको अन्त्यतिर पुगेका छौं। हप्पपी गर्मी नभए पनि शितल चाहिं कतै भेटिएन। बजार पूर्ण बन्द थियो। धम्बोजी चोकमा कोणसभा भयो। वरपर बसेका स्रोताहरू थुप्रै थिए। खाना खाएर पश्चिम लाग्दा दिनको चार बजेको थियो।

## ❑ साताको कविता

### समय सीमा



❑ दीपक विश्वकर्मा ❑

*१.*
*भित्तामा बिज्ञापन टाँगियो*
*धुपमा ननिक्लनुहोला*
*वा देहायको लोसन*
*अप्लाई गर्नु होला*
*त्वचा*
*सहिसलामत रहला*
*नजिकै गरिबी निबाकरणको*
*पोष्टर पनि सँगै थियो*
*टन्टलापुर घाममा*
*बगरमा गिट्टी कुटिरहेका*
*दुधे बालकलाई काखमा च्यापेका*
*आमाहरूको फोटो सहित।*

*२.*
*भुलभुलैयामा*
*चम्पाकली आकाश चढिन्*
*सररर् बाकसमा बसेर*
*र सातहला पुगिन्*
*मिटिङ्गमा भागलिइन्*
*भोजन गरिन अनेक परिकारको*
*नेपकिनले वा टिसुपेपरले*
*आँखीभौ पोछिन्*
*चिसोमा तातो*
*तातोमा चिसो पानी पिइन्*
*दाताको मिटिङ्ग सकियो*
*चम्पाकली घर फर्किइन्*
*र छोरीलाई कम्लरी पठाइन्।*

*३.*
*हाम्रो टोलमा नि मन्दिर छ*
*भक्तको भिड तछाडमछमड हुन्छ*
*श्रमदान मैले नि गरैं*
*निर्माणको बेला*
*मुट्ठीदान गरैं मन खोलेर*
*उद्घाटन वाचक श्रीसन्तबाट भयो*
*टोलवासी सबैलाई बोलाए*
*बोलाएनन् वा सायद भुलभो निम्ता गर्न*
*तर पनि म भिडमा सामेल भएँ।*

*४.*
*मन्दिरमा पुजारीले*
*सुशासन र पापपुण्यको कुरो गरे*
*गिर्जाघरमा*
*विश्वासीले पवित्रताको कुरो गरे*
*मस्जिदमा*
*मुल्लाहले जन्नतको कुरो गरे*
*चौराहमा नेताले*
*समानता र स्वभिमानको कुरो गरे*
*यी सबको भपाई मैले*
*जग्गा किन्दा अमिनलाई*
*लालपुर्जा लिँदा सेवकलाई*
*ऋण लिँदा रोक्का फाँटलाई*
*बिमारी हुँदा डाक्टरलाई*
*पासपोर्ट किन्दा दलाललाई*
*रासन किन्दा मिलावटलाई*
*धर्म गर्दा दान पेटिकालाई*
*धत्*
*कतिको नाम लिनु ?*
*समग्रमा*
*जनही सबैलाई*
*दान गरेर मुक्ति प्राप्त गरैं।*

*५.*
*जीवनको किस्सा*
*जीवनको भोगाई*
*बडो बिचित्रको छ*
*जहाँ जाला जीवन*
*वा*
*जसरी नि चल्ला भनेर नचल्दो रहेछ*
*नपाएसी मनको मान्छे*
*जस्ले देखाओस् घामको उज्यालो*
*अन्धकार हट्न समय लाग्दो रहेछ॥*

## नवउदारीकरणले...

मा निवृत्तिभरण र सामाजिक सुरक्षासँग सम्बन्धित कतिपय क्षेत्रमा खर्च बढाएर ६० अरब ६० करोड रुपियाँ त पुऱ्याइयो तापनि सो खर्चको दुईतिहाइ हिस्सा कर्मचारीको निवृत्तिभरणमा खर्च भएको थियो जुन रकम धेरैभन्दा धेरै जनताको हितमा उपयोग गर्न सकिएन। असमानता सामना गर्ने सार्वजनिक सेवाहरू आर्थिक असमानता न्यूनीकरणका लागि निःशुल्क शिक्षा र स्वास्थ सेवा उपलब्ध गराउने व्यवस्थाले महत्वपूर्ण भुमिका निर्वाह गर्छ भन्ने तथ्यहरूले पुष्टि गर्छन्। द्दड शिक्षाले जीवन जिउने अवसर र भविष्यमा प्राप्त गर्ने पारिश्रमिक प्रवर्द्धन गर्न सघाउँछ। साथै महिला तथा बालिकालाई आफ्नो जीवनको व्यवस्थापन आफैं गर्ने क्षमता प्रदान गरेर लैङ्गिक असमानतासँग जुध्नसमेत मद्दत गर्छ। नेपालमा शिक्षा क्षेत्रमा महत्वपूर्ण प्रगति हासिल भए तापनि धेरै काम गर्न बाँकी नै छ। हाल कक्षा १ मा भर्ना हुने बालबालिकामध्ये १७ प्रतिशतले मात्र प्राथमिक शिक्षा पूरा गर्छन् र एकतिहाइभन्दा कममात्र १० कक्षासम्म पुग्छन्। द्दढ गरिब परिवारका ६ प्रतिशत बालिकाले मात्र प्राथमिक तहको शिक्षा पूरा गर्छन्। घण भौगोलिक जटिलता, कमजोर पूर्वाधार तथा संरचना, सामाजिक/सांस्कृतिक मूल्य/मान्यता र तालिम प्राप्त शिक्षकको अभाव जस्ता समस्याले शिक्षामा हुनुपर्ने पहुँच कुण्ठित गर्छन् जुन कुरा गुणस्तरीय शिक्षाका लागि अति आवश्यक छन्। गरिब बालबालिका विद्यालय शुल्क तिर्न नसकेकै कारण पनि शिक्षाको अवसरबाट वञ्चित हुन्छन्। अभिभावकले शिक्षामा लाग्ने कुल खर्चको ५६.६ प्रतिशत बेहोर्नुपर्ने तथ्यले पनि सो कुरा प्रमाणित हुन्छ। निःशुल्क प्राथमिक शिक्षाको नीति त छ तर पनि शैक्षिक सामग्री, विद्यालय पोशाक र अनौपचारिकरूपमा उठाइने शुल्कबापत अभिभावकले प्राथमिक शिक्षाका लागि आवश्यक कुल खर्चको एकतिहाइ भाग बेहोर्नुपरेको छ। घज्ञ नेपालमा गुणस्तरीय शिक्षा प्राप्त गर्ने अवसरबाट वञ्चित हुनेहरूमा सबैभन्दा बढी बालिका र ग्रामीण क्षेत्रमा बसोबास गर्ने मानिस छन्। बालकहरूको भन्दा बालिकाको साक्षरता प्रतिशत २० अङ्कले पछाडि छ। यो अन्तर ग्रामीण क्षेत्रमा अझ बढी छ। बालिकाहरूले घरमा काम गर्नुपर्ने वा बाल्यवस्थामै विवाह गरी जानुपर्ने अवस्था कायमै छन्। उच्च शिक्षा हासिल गरेका बालिकाले १८ वर्षमुनि विवाह गर्ने सम्भावना अत्यन्त न्यून रहेको तथ्यले बालिकामा शिक्षाको महत्व उजागर गर्छ। आर्थिकरूपले विपन्न वर्गमा लैङ्गिक असमानता अझ टड्कारो रहेको तथ्य विपन्न र अति विपन्न वर्गका समुदायमा छात्र र छात्राबीच विद्यालय भर्नामा देखिएको ठूलो अन्तरले पुष्टि गर्छ जबकि सम्पन्न वर्गमा छात्र र छात्राबीच विद्यालय भर्ना हुने सन्दर्भमा भिन्नता देखिँदैन। नेपालको सन्दर्भमा आर्थिक तथा लैङ्गिक असमानताले संयुक्तरूपमा बालिकालाई शिक्षाको अवसरबाट वञ्चित गराएका छन्।

भर्खरै नेपाल सरकारले जनताको पूर्ण स्वास्थ्यको प्रत्याभूति (Universal Health Coverage) मा प्रतिबद्धता जनाए तापनि हाल एकतिहाइभन्दा बढी जनसङ्ख्याको स्वास्थ्य उपचारमा सहज पहुँच छैन। धेरैभन्दा धेरै स्वास्थ्य संस्थामा निःशुल्क प्रदान गरिने औषधि आवश्यक मात्रामा छैन। अर्कोतर्फ तालिम प्राप्त स्वास्थ्यकर्मीको अभाव पनि उत्तिकै टड्कारो छ। नेपालमा १,७३४ जनसङ्ख्या बराबर १ जना मात्र चिकित्सक छन्। घद्द सरकारले आकलन गरेअनुसार देशको जनसङ्ख्याको स्वास्थ्योपचारको वर्तमान आवश्यकता धान्न थप ११,००० भन्दा बढी चिकित्सक तथा स्वास्थ्यकर्मी आवश्यकता पर्छ। गरिब समुदाय, अल्पसङ्ख्यक र दुर्गम क्षेत्रमा बसोबास गर्ने मानिस स्वास्थ्योपचारको सुविधाबाट सदैव वञ्चित छन्। स्वास्थ्य क्षेत्रमा महिला असमानुपातिक ढङ्गले प्रभावित छन् भन्ने तथ्य सन् २०१६/१७ मा अनुमानित २ लाख ७७ हजार ३४४ गर्भवती महिला असुरक्षित तरिकाबाट सुत्केरी भएको र १५ हजार ७६० महिला तालिम प्राप्त स्वास्थ्यकर्मीको अनुपस्थितिमै सुत्केरी हुनुपरेको तथ्यबाट पुष्टि हुन्छ। नेपालको मातृ मृत्यु दरको अनुपात प्रति १ लाख जीवित जन्ममा २३९ छ भने बाल मृत्यु दर प्रतिहजार जीवित जन्ममा ३२ छ। घघ ९० प्रतिशत धनी महिलाको तुलनामा ३० प्रतिशत गरिब महिलामात्र स्वास्थ्य संस्थामा गएर बच्चा जन्माउँछन्। यस्ता महत्वपूर्ण चुनौती विचार गर्दा सरकारले उपयुक्त नीति बनाइ लगानी गर्नु आवश्यक देखिन्छ। यसको तात्पर्य निःशुल्क स्वास्थ्य र शिक्षाको व्यवस्था बिस्तार गरी हरेक नेपालीको स्वास्थ्य र शिक्षाको अधिकार सुनिश्चित गर्दै विद्यमान असमानताविरुद्ध लड्नु हो। अत्यन्त विपन्न वर्गका लागि सार्वजनिक सेवा/सुविधा ज्यादै महत्वपूर्ण हुन्छन्। नेपालमा २१ प्रतिशत सम्पन्न महिलाको तुलनामा २ प्रतिशत मात्र गरिब महिलाले निजी अस्पतालमा बच्चा जन्माउँछन्।

स्वास्थ्य शिक्षा क्षेत्रमा देखापरेको बढ्दो व्यापारीकरण र निजीकरणका लक्षण र स्वास्थ्य बिमा गरिबहरूका लागि आर्थिक हिसावले पहुँचबाहिर रहनु चिन्ताजनक विषय बनेको छ। यस्तो प्रवृत्तिले गरिबहरूलाई जीवन रक्षा तथा परिवर्तनकारी सेवा/सुविधाबाट वञ्चित गराएर असमानताको खाडल अझै गहिरो बनाउने जोखिम बढाएको छ। काम र पारिश्रमिक वैतनिक काम बहुसङ्ख्यक जनताको जीविकोपार्जन गर्ने, आधारभूत आवश्यकताहरू परिपूर्ति गर्ने तथा भविष्यको जीवन जिउने सम्भावना सुधार गर्ने प्रमुख स्रोत हो। यसकारण विद्यमान असमानता अन्त्य गर्नका लागि सुरक्षित काम तथा उचित पारिश्रमिकको व्यवस्था गर्ने हस्तक्षेपकारी नीति आवश्यक हुन्छ। नेपालमा प्रत्येक वर्ष ५ लाख मानिस श्रम बजारमा प्रवेश गर्छन् तर पनि देशमा रोजगारीका अवसर सीमित भएका कारण ८० प्रतिशतभन्दा बढी यस्ता मानिस रोजगारीको खोजीमा विदेशिन्छन्। देशभित्रै रोजगारी पाएर बसेकामध्ये पनि अधिकांशले असुरक्षित काम र अर्धरोजगारी (under employment) जस्ता समस्यासँग जुध्नुपर्ने बाध्यता छ। ३१.८ प्रतिशत नेपाली कामदार हप्ताको ४० घण्टाभन्दा पनि कम काम गर्छन्। यो उनीहरूको विकल्प नभएकाले उब्जिएको बाध्यता हो। विशेष गरेर युवाहरू कामको खोजीमा सङ्घर्षरत छन्, वयस्कहरूभन्दा १५ वर्षदेखि २४ वर्षभित्रका युवा दुई गुणा बढी बेरोजगारीको सिकार बनेका छन्। हालैका वर्षहरूमा श्रमिकको पारिश्रमिकमा वृद्धि भएको भए तापनि औसत कामदारको पारिश्रमिक अझै न्यूनतम नै छ। पुरुषको तुलनामा महिलाले झनै कम पारिश्रमिक आर्जन गर्छन्। न्यूनतम पारिश्रमिक तोक्ने प्रावधान बनाएर यसलाई सुधार गर्ने हो भने यसले असमानता न्यूनीकरण गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ। न्यूनतम पारिश्रमिक तोक्ने गरेको भए तापनि एकातिर वास्तविक पारिश्रमिक न्यूनतम तोकिएकोभन्दा कम पाइएको छ भने अर्कोतर्फ महिला र पुरुषको पारिश्रमिकमा भेदभाव भएको तथ्यहरूले पुष्टि गर्छन्। ९६ प्रतिशतभन्दा बढी कामदारले अनौपचारिक क्षेत्रमा काम गर्ने भएकाले यी ठाउँमा न्यूनतम पारिश्रमिक, सामाजिक सुरक्षा कोषलगायत सुविधा आवश्यकताका विषय नै नठानिने हुँदा यस्ता प्रावधान निर्माण गरी लागु गर्न कठिन छ। घट असमानता न्यूनीकरण प्रतिबद्धता सूचक ९ऋच्क्ष क्ष्लमभह० ले देखाएअनुसार नेपालमा मजदुर सङ्गठनको सम्मान र कार्यक्षेत्रमा महिला अधिकारको अवस्था अत्यन्तै खराब छ। सो सूचकमा मजदुर अधिकारको सन्दर्भमा नेपाललाई सबैभन्दा तल्लो श्रेणीमा पर्ने राष्ट्रहरूसँगै राखिएको छ। लिङ्गका आधारमा गरिने भेदभाव तथा कार्य थलोमा भएको यौन हिंसासम्बन्धी कानुन निर्माणकै चरणमा छ। घठ यसैगरी नेपालमा बालबालिका तथा जोखिममा रहेका समूहहरूको शोषणका प्रमाणहरू पनि चिन्ताजनक विषय बनेका छन्। अन्तर्राष्ट्रिय श्रम सङ्गठन (ILO) का अनुसार नेपालमा ६२ लाख बालबालिका बालश्रममा संलग्न छन् जसमध्ये २१ लाख जोखिमपूर्ण अवस्थामा काम गरिरहेका छन्। घड बँधुवा श्रमिक उन्मूलन भनिए पनि पनि नेपालमा यस्तो कुसंस्कार पूर्णरूपमा हट्न सकेको छैन। १ लाखभन्दा बढी यस्ता श्रमिकका परिवार कृषि कार्यमा संलग्न छन्। यस्ता श्रमिक आफ्ना अधिकारबाट मात्र नभई समृद्धिको अवसरबाट समेत वञ्चित छन्। सुझाव यस प्रतिवेदनमा प्रस्तुत तथ्यहरूका आधारमा असमानता अन्त्य गरी नेपाल र नेपालीलाई समृद्ध भविष्यतर्फ अग्रसर गराउन सरकारले तत्काले चाल्नुपर्ने धेरै महत्वपूर्ण कदम छन्। असमानता अन्त्य गर्ने प्रतिबद्धता जाहेर गर्न सरकारले निम्न कदम चाल्नुपर्छ :

➢ आर्थिक तथा समानान्तर ९ज्यचषायलतर्बा० असमानताको तथ्याङ्क सङ्कलन गरी सार्वजनिकरूपमा प्रतिवेदन प्रस्तुत गर्ने तथा यस्ता प्रकारका असमानता न्यूनीकरण गर्न आवश्यक नीति निर्माणसम्बन्धी निर्णय गर्ने प्रतिबद्धता जाहेर गर्ने।

➢ गरिब, किसान तथा भूमिहीनलाई फाइदा पुग्नेगरी न्यायोचित भूमि पुनर्वितरण गर्न प्रगतिशील भूमि सुधार कार्यक्रमलाई प्राथमिकताका साथ कार्यान्वयन गर्ने। कर प्रणालीमा सुधार गर्न प्रगतिशील कर प्रणाली कार्यान्वयन गर्ने, कर छूटको प्रावधानहरू घटाउने, पारदर्शिता सुनिश्चित गर्ने तथा कर छल्ने, कर नतिर्ने र कर चुहावट जस्ता कमजोरी रोक्न आवश्यक दबाब सिर्जना गर्ने।

➢ शिक्षा, स्वास्थ्य तथा सामाजिक सुरक्षा जस्ता असमानता न्यूनीकरणमा योगदान दिने क्षेत्रहरूमा प्राथमिकताका साथ लगानी गर्ने।

➢ शिक्षा र स्वास्थ्य क्षेत्रमा भएको व्यापारीकरण र निजीकरणलाई निरुत्साहित गर्दै हरेक नागरिकका लागि निःशुल्क स्वास्थ्य, शिक्षा तथा आधारभूत सामाजिक संरक्षण (Basic Social Protection Floor) को व्यवस्था गर्ने।

➢ श्रमिकहरूको तोकिएको न्यूनतम पारिश्रमिक कार्यान्वयन गराउने तथा अनौपचारिक क्षेत्रहरूमा समेत सम्पूर्ण श्रमिकको संरक्षणको व्यवस्था मिलाउने।

➢ महिला, बालबालिका तथा अल्पसङ्ख्यकमाथि भइरहेको शोषण अन्त्य गर्न आवश्यक कदम चाल्ने।

**यी जनपक्षीय मिडियाहरू खोजी खोजी पढौं !**

- www.moolbato.com
- www.daunnenews.com
- www.isthaniyapatra.com
- www.navadristi.com
- www.hamrokalapani.com
- www.hamroonline.com
- www.newsabhiyan.com
- वर्गदृष्टि साप्ताहिक
- दाउन्ने साप्ताहिक
- स्थानीयपत्र साप्ताहिक
- छापामार साप्ताहिक
- नयाँ कोशी मासिक
- दायित्वबोध त्रैमासिक

## संकटमा...

राष्ट्रघाती सम्भौता पनि सदनबाट पास गर्न मरिहते गरिरहेको छ। र, योजनाबद्ध रूपमा कहिले एमसीसीका पदाधिकारी त कहिले अमेरिकी सरकारका सदस्यहरूलाई बोलाएर संसदमा प्रतिनिधित्व गर्ने दलहरूलाई र सांसदहरूलाई दबाब सिर्जना गरिरहेको छ।

बुधबार मात्रै अमेरिकी सहायक विदेशमन्त्री डोनाल्ड लु एमसीसी पास गराउन दलहरूलाई भेटेर थप दबाब सिर्जना गर्ने उद्देश्यले नेपाल भ्रमण गरेर फर्किएका छन्। र, एमसीसी पास गर्न मंसिर २८ को अल्टिमेटम नै दिएर गएका छन्। प्रचण्डले एमसीसी टेबल गर्न सहमति दिइसकेको अवस्थामा एमसीसी पास हुने सम्भावना प्रबल बनेर गएको छ।

एमसीसी परियोजना अमेरिकाको साम्राज्यवादी मिसनसँग जोडिएको परियोजना हो। अमेकिरी अधिकारीहरूकै अनुसार यो हिन्द प्रशान्त रणनीतिको अभिन्न अंग हो। हिन्द प्रशान्त रणनीति भनेको चीनलाई घेरा हाल्ने र चीनका विरुद्ध गतिविधि गर्ने हो। एमसीसी सम्भौता पास भए नेपाल अमेरिकाको हिन्द प्रशान्त रणनीतिको एक सदस्य राष्ट्र बन्न पुग्दछ र अमेरिकाले चीनका विरुद्ध नेपालको भूमि निर्वाध रूपमा प्रयोग गर्छ। नेपाल अमेरिकाको प्रत्यक्ष उपनिवेशको हैसियतमा पुग्छ। यसले नेपालको सार्वभौमसत्ता, राष्ट्रिय स्वाधीनता र क्षेत्रीय अखण्डता पूर्ण रूपमा गुम्ने स्थिति पनि आउन सक्छ। नेपालको अहित गर्ने एमसीसी सम्भौतामा भएका प्रावधानहरू र सदनबाट पास गराउन अमेरिकाले गरेको जोडबलले उल्लेखित स्थितितर्फ नै नेपालको परिस्थिति अग्रसर भइरहेको देखिन्छ।

## एमसीसी...

पहिलो काम भनेको विदेश भ्रमण गर्ने र कुनै न कुनै प्रकारका आर्थिक सहयोगको भीख माग्ने नै हुन्छ, भइरहेको पनि छ। तर यो एमसीसी परियोजना भने नेपालले मागेको नभई अमेरिकी सरकारले आफै दिएको र नेपाल सरकारले टोपी थापेर लिएको योजना हो। सन् १९९७ मा सम्भौता गरिएको यो परियोजना २०२० को मध्यसम्म नेपाली जनतालाई त के संसदमा भएका पनि कतिपय पार्टीका नेता र सांसदहरूलाई समेत थाहा थिएन। जब केपी ओली नेतृत्वको सरकार र कृष्णबहादुर महरा सभामुख भएको बेला यसलाई संसदबाट अनुमोदन गर्नका लागि टेबुल गर्न दबाब दिइयो तब यो प्रस्तावको कतिपय राष्ट्रघाती शर्तका कारण आम जनतामा सूचित हुन पुग्यो। त्यसपछि यो प्रस्तावका बारेमा देशव्यापी बहस सिर्जना भएको छ।

यतिबेला एमसीसी परियोजनालाई संसदबाट छिटो अनुमोदन गराउनका लागि अमेरिकी सरकारले सत्तासिन् दलहरूलाई चर्को दबाब र धम्की दिइरहेको छ। यो परियोजनालाई नेपाल सरकारले स्वीकार गरेदेखि नै नेपाल स्थित अमेरिकी दुतावासमार्फत् दबाब दिइँदै आएको थियो। भर्खरै मात्र पनि केही दिन अगाडि एमसीसी परियोजनाकी उपाध्यक्ष फातिमा सुमार नेपाल आएर संसदमा प्रतिनिधित्व गर्ने मुख्य दलका शीर्ष नेताहरूदेखि सरकारका मन्त्रीहरूलाई भेटेर धम्कीपूर्ण दबाब दिएर गएको सन्दर्भ सेलाउन नपाउँदै तीनदिन अगाडि मात्रै अमेरिकी सहायक विदेशमन्त्री डोनाल्ड लुको नेतृत्वमा आएको टोलीले संसदवादी दलका शीर्ष नेताहरू, प्रधानमन्त्री, मन्त्रीहरू र पूर्वप्रधानमन्त्रीहरूलाई भेटेर यही मङ्सिर महिनाभित्र जसरी पनि संसदबाट अनुमोदन गराउन धम्कीपूर्ण दबाब दिएका छन्। सहयोग भन्ने कुरा लिनेको स्वतन्त्र चाहनामा भर पर्ने कुरा हो। दिनेले दिएपनि लिनेले आफ्नो आवश्यकता, त्यसले पार्ने प्रभाव आदिका कारण लिन वा नलिन स्वतन्त्र रहन्छ। सहयोग लिनेले लिन्न भनेपछि दिनेले बारम्बार दबाब दिनु, विभिन्न दलाल र एजेण्टहरूमार्फत् लिनका लागि दलिल पेस गरिरहनुले यो सहयोगभित्र गम्भीर षड्यन्त्र लुकेको छ भन्ने कुरा सामान्य बुभाई भएको मानिसले सहजै बुभ्ने कुरा हो।

के हो त एमसीसी परियोजना? यो अमेरिकी सरकारको रक्षामन्त्रालयको मातहतमा रहेर परिचालन गरिने गरि सन् २००० पछि अगाडि सारिएको परियोजना हो। जतिबेला सोभियत रुस अस्तित्वमा थियो त्यतिबेला विश्व मुख्यतया दुई विशाल महाशक्ति राष्ट्र अमेरिका र सोभियत रुसका दुई ध्रुवमा बाँडिएका थिए। त्यतिबेला रुससित अमेरिकाको लामो समयसम्म शितयुद्ध चल्यो। जब १९९० मा सोभियत रुस विघटन भयो तबदेखि विश्वमा अमेरिकाको करिब एकछत्र राज चलिरहेको छ। सन् २००० पछि एशियाबाट चीनले महाशक्ति राष्ट्रको रूप धारण गर्न थालेपछि अमेरिकाको निदहराम हुन थाल्यो। त्यसपछि अमेरिकाले एशियन मुलुकहरूलाई आफ्नो सुरक्षा छातामा राखेर चीनलाई विभिन्न तरिकाले घेराउ गर्ने र आवश्यक परे फौजी रूपले पनि नजिकबाट भिड्ने योजना बनाउन थाल्यो। त्यस अन्तरगत भारतका सैनिक जनरल गुर्दिप गुरानाले सन् २००८ मा 'इण्डो-प्यासिफिक स्ट्रेटेजी' अवधारणा अगाडि सारे। त्यो परियोजनामा अमेरिकाको सैन्य रणनीति अन्तरगत अमेरिका, भारत, अष्ट्रेलिया र जापानको अगुवाइमा ती चार देशका वरपर रहेका अन्य देशहरूलाई समावेस गरेर विकासको आवरणमा फौजी रणनीतिलाई बलियो बनाउने र उदाउँदो शक्तिराष्ट्र चीनलाई घेरा हाल्ने, क्षतविक्षत पार्ने रणनीति बन्यो। यो परियोजना नेपाल भन्दा केही अगाडि श्रीलङ्कामा लागू गर्न खोजियो। तर त्यहाँको सरकार र संसदले यसलाई ठाडै अस्वीकार गरेर फिर्ता गरिदियो।

एमसीसीलाई सोभो र सपाट अर्थमा हेर्दा यो नेपालमा विद्युत र सडकमा विकास गरेर नेपाललाई आर्थिक रूपले सबल बनाउने भनेर ल्याइएको छ। यदि यो नेपालको विकास साभेदारीमा मात्रै केन्द्रीत थियो भने यसलाई अमेरिकाकै परियोजना यु.एस.एडमार्फत् लागु गरे नेपालले आपत्ती जनाउने कुरै हुँदैनथ्यो। किनकि यु.एस.एड त नेपालमा लागू भइरहेकै छ। तर यो परियोजनालाई संसदबाट अनुमोदन गराई यसलाई कानून सरह बनाएर लागू गर्न खोजिएको छ। यो परियोजनामा विकासको आवरण भित्र अमेरिकी सरकारको कुत्सित षड्यन्त्र लुकाइएको छ। किनकि एमसीसी र नेपालको कानुन बाभिएमा एमसीसीकै कानुन लागू हुने, यो परियोजनाको लेखा परीक्षणमा नेपालको महालेखा परीक्षक कार्यालयले हेर्न नपाउने, परियोजना लागू भएको स्थानको सुरक्षा एमसीसीले नै गर्न पाउने, यसबाट उत्पादित बौद्धिक सम्पत्तीमा नेपालको हक नलाग्ने, यो परियोजनाहरूमा भारत सरकारको अनुमति नलिई गर्न नपाउने, विद्युत ट्रान्समिसन् लाइन बनाउँदा लाग्ने खर्च प्रति मेगावाट १३ अर्ब लगाइने (जबकि नेपाल विद्युत प्राधिकरणले प्रति मेघावाट करिब ४ अरब मात्रै लगानीमा सम्पन्न गर्ने गरेको छ), यदि यो परियोजना खारेज गर्नु परेमा नेपालले गर्न नपाउने तर एमसीसीले चाहेमा तुरुन्तै खारेज गर्न सक्ने आदि जस्ता नेपालको राष्ट्रिय स्वाधीनता, सार्वभौमिक अधिकारका विरूद्धमा ल्याइएको छ। यो त भयो परियोजना नेपालको अहितमा छ भन्ने कुराको मुख्य शर्तहरू। त्यो भन्दा पनि खतरनाक कुरा यो परियोजनासँग जोडिएको अर्को पाटो छ।

जब चीनले 'बेल्ट एण्ड रोड'को अवधारणा अगाडि सारेर आफ्नो उदाउँदो शक्तिलाई विश्वव्यापी बनाउन थाल्यो तब अमेरिकाले सैन्य रणनीतिलाई विस्तार गर्न आफ्नो रक्षामन्त्रालयलाई अगाडि बढायो। चीनको 'बेल्ट एण्ड रोड' परियोजना त उसले आर्थिक सवलीकरणमा आधारित भएर ल्याएको थियो। यसमा कतै पनि सैन्य हस्तक्षेपको परियोजना छैन। परन्तु अमेरिकाको 'इण्डो प्यासिफिक रणनीति' एसियामा आफ्नो सैन्यशक्ति विस्तार गर्ने र कमजोर राष्ट्रहरूलाई विकासे चारो हालेर आफ्नो पञ्जामा कैद गर्ने अनि चीनलाई घेराउ गरेर आक्रमण गर्ने योजनासँग सम्बन्धित छ। चीन र अमेरिकाको जे जस्तो द्वन्द्व होस् त्यो सार्वभौम र स्वतन्त्र राष्ट्र नेपालका लागि चासोको विषय होइन तर यो द्वन्द्वमा अमेरिकाले नेपाललाई एउटा क्याम्पका रूपमा प्रयोग गर्न खोजेको छ, जो नेपालका लागि अनन्त कालसम्मको असुरक्षा हो। जसरी तालिवानलाई समाप्त पार्न अमेरिकाले अफगानिस्तामा अखाडा जमाएर आफगानी नागरिकको असुरक्षा भयो भोली नेपालमा हुने त्यही हो। नेपालका शाषकहरू तथा केही दलाल 'बौद्धिक'हरूले एमसीसी नितान्त विकासे योजना हो भनिरहेका छन् तर स्वयम् अमेरिकाले भने यो आईपिएसकै अङ्ग हो भनिरहेको छ। सम्भौता पत्रमा कतैपनि अमेरिकी सेना आउने भनेको छैन। यसैलाई आधार बनाएर नेपालका दलालहरूले 'कहाँ छ सेना ल्याउने कुरा? बेकारमा एमसीसी विरोधीहरूले जनतालाई भड्काएका छन्' भन्दै परियोजनाको वकालत गरिरहेका छन्। परियोजनाको शर्तमा भनिएको छ कि 'यो परियोजना लागु भएको स्थानको सुरक्षा आफै गरिनेछ'। यो शर्तले के जनाउँछ ? बृटिस कम्पनी भारतको कलकत्तामा आउँदा नितान्त ब्यापार गर्ने भनेर कलकत्तामा पसेको थियो। पछि आफ्नो व्यापार र उद्योगको सुरक्षा गर्न भन्दै सेना उतान्यो, त्यसैगरि नेपालमा अमेरिकाले सेना उतारेर सैन्य क्याम्प खडा गर्ने हो। यद्यपि उन्नाइसौँ शताब्दी अगाडिको जस्तो प्रत्यक्ष सैन्य हस्तक्षेप गर्ने अवस्था अहिले छैन र कसैले गर्दैन पनि, तर अमेरिकाले अफगानिस्तान, इरान, इराक, कुवेत, दक्षिण कोरिया लगायतका देशहरूमा के गरिरहेको छ ? अब उसले जहाँ आफ्नो पकड बनाएको छ त्यस्ता मुलुकहरूमा त्यहाँका राजनीतिक दलका नेताहरूलाई दलाल बनाएर सिँगार्ने र सत्तामा बसल्ने हो। जो कुरा आज नेपालमा लागू गर्न खोजिरहेको छ। जब अमेरिकी साम्राज्यवाद पस्छ तब उसले जाति, धर्म, लिङ्ग आदि क्षेत्रमा जनतालाई भड्काएर स्थायी द्वन्द्व चर्काइदिने र राजनीतिक दलहरूलाई आफ्नो दलाल बनाएर कठपुतली सरकार बनाउने हो। एमसीसीमार्फत् नेपालमा उसले गर्न खोजेको त्यही हो।

आज पचास करोड डलरको परियोजना (यसमा अमेरिकाले खुद दिने रकम सैंतीस करोड डलर हो) मा नेपालका संसदवादी पार्टीहरू काङ्ग्रेस, एमाले, जसपाका बाबुराम भट्टराईहरूले किन ऱ्याल काढिरहेका छन् ? यसमा प्रचण्ड र उनको पार्टी द्वैध मनस्थितिमा छ। उसले पनि घुमाउरो तरिकाले यो परियोजना स्वीकार गरेकै छ। जब कि यो रकम भन्दा बढि रकम त एनसेल कम्पनीले कर नतिरेर ठगिरहेको छ। त्यस बाहेकका दर्जनौ कम्पनीहरूले कर छलिरहेका छन् नेपालमा। ती सबै कर असुल्ने हो मात्रै भने पनि करोड होइन अरबौँ डलर नै उठ्ने अवस्था छ। त्यो रकम असुल्नेतिर नेपाल सरकार किन लाग्दैन ? कुरा प्रस्ट छ कि यी दलका नेताहरू साम्राज्यवादका सामु घुँडा टेकेर दलाल बनिसकेका छन्। कसैले ज्यान जोगाउन त कसैले सत्ता जोगाउन र आलोपालो सत्तामा बसिरहनका लागि यिनीहरू विस्तारवादी भारत र साम्राज्यवादी अमेरिकाको बफादार नोकर बनिसकेका छन्। यिनीहरूले यो परियोजनालाई आफ्नो प्रेस्टिजको विषय बनाएका छन्। यदि यो परियोजना लागू नभएर फिर्ता गयो भने आफ्नो नालायकीपन विश्वसामु जान्छ र भोलीका दिनमा आन्तर्राष्ट्रिय सम्बन्ध बनाउँदा आफ्नो विश्वास गुम्छ भन्ने भयले नेताहरू डराइरहेका छन्। यिनीहरूलाई देश र जनताको चिन्ता नभएर आफ्नो नेतृत्व क्षमता र शाषकीय क्षमता गुम्ने चिन्ताले सताएको छ। यसर्थ जताबाट जति पटक नापे पनि यो एमसीसी परियोजना नेपालका लागि विकासको स्थायी समाधान पनि होइन र नेपालको हितमा पनि छैन।

२०४७ सालपछि नेपालमा नवउदारवादी अर्थतन्त्र लागू गरेर देशलाई खोक्रो बनाइएको छ। पञ्चायतकालमा चलाईएका राष्ट्रिय उद्योगहरू सबै कौडिको मूल्यमा बेचेर आज बहुराष्ट्रिय कम्पनीका एसेम्बिल्ङ कम्पनीहरू खोल्न दिएर देशको ढुकुटी सबै रित्याइएको छ। युवाहरूलाई विधिवत रूपमा राज्यले बेचेर देशलाई श्रमशक्ति विहिन बनाइरहेको छ। देशको अर्थतन्त्र रेमिट्यान्सबाट चलाउने र वैदेशिक अनुदान, सहायता र ऋणबाट देश समृद्ध बनाइन्छ भनेर जनतामा भ्रम छर्ने काम संसदवादी पार्टीहरूले गरिरहेका छन्। विश्वमा एउटा पनि मुलुक वैदेशिक सहयताबाट समृद्ध भएको रेकर्ड छैन् तर नेपालका शाषक नेताहरूले समृद्ध बन्छ भनेर रटान लगाइरहेका छन्। त्यसैले यो एमसीसी परियोजनालाई खारेज गर्न सबै जनता आन्दोलनमा नउत्रने हो भने ढिलो चाँडो संसदवादी दलहरूले पास गराई छाड्छन्। देश सङ्कटमा परेको बेला अमुक अमुक दलको भण्डामा बसेर नेताहरूको चाकडि स्तुती गाउने होइन कि देशभक्त, क्रान्तिकारी शक्तिहरूको नेतृत्वमा गोलबन्द भएर आन्दोलनमा होमिनुको विकल्प छैन। आउनुहोस्- सबैले एमसीसीको विरोध सङ्गठित रूपले गरौं। २०७८/०८/०५

## बर्दियामा...

जग्गा धनि प्रमाण पूर्जा प्राप्त गर्नु भएको थियो। उक्त जमिन नेकपा (क्रान्तिकारी माओवादी) पार्टीले कब्जा गरेको छ।

शुक्रबार सो पार्टीका जिल्ला सचिव विपीनले एक प्रेस विज्ञप्ति जारी गर्दै उक्त जग्गा कब्जा गरेको घोषणा गर्नु भएको छ। उक्त पार्टीले हिजो सो जग्गामा भण्डा,व्यानर गाडेर कब्जा गरेको हो। साथै, पार्टीको ऐतिहासिक निर्णयका विरुद्धमा कुनै संस्था वा व्यक्तिले कुचेष्टा वा निर्णयको उलंघन गरेमा कडा संघर्ष गर्न बाध्य हुने प्रेस विज्ञप्तिमा जनाईएको छ।

उक्त जग्गा नेपाल सरकारको स्वामित्वमा रहेको र लामो समय देखि किसानहरूले जोतभोग गर्दै आएता पनि जालसाजी गरेर भूमाफिया र सरकारी कर्मचारीको मिलोमतोमा प्राप्त गरेका जग्गा धनि प्रमाण पूर्जा बदर गरी उक्त जमिन राष्ट्रियकरण गर्न सो पार्टीले नेपाल सरकारसंग जोडदार माग गरेको छ। साथै,गरिब किसानहरूलाई घरवारविहीन बनाउने र सामाजिक अस्तित्वबाट नै निषेध गर्ने जनविरोधी तत्वको र यस्ता प्रकृतिका हर्कतको पार्टीले घोर भर्त्सना एवं निन्दा गरेको कुरा विज्ञप्तिमा बताईएको छ। विज्ञप्तिको पूर्णपाठः-

**प्रेस विज्ञप्ति**

गुलरिया नगरपालिका वडा नं. १ चौधनम्बर खल्लापिरवत १२ विघाको प्लट मध्य तीन विघा जमिन नवराज अधिकारीले आफ्नो र आफ्नो परिवारको नाममा जग्गा धनि प्रमाण पूर्जा प्राप्त गरेको विषयले हाम्रो पार्टीको गम्भीर ध्यानाकर्षण भएको छ। उक्त जग्गा नेपाल सरकारको स्वामित्वमा रहेको र लामो समय देखि किसानहरूले जोतभोग गर्दै आएका छन्। अपितु जालसाजी गरेर भूमाफिया र सरकारी कर्मचारीको मिलोमतोमा प्राप्त गरेका जग्गा धनि प्रमाण पूर्जा बदर गरी उक्त जमिन राष्ट्रियकरण गर्न हाम्रो पार्टी नेपाल सरकारसंग जोडदार माग गर्दछ। साथै,गरिब किसानहरूलाई घरवारविहीन बनाउने र सामाजिक अस्तित्वबाट नै निषेध गर्ने जनविरोधी तत्वको यस प्रकृतिका हर्कतको पार्टी घोर भर्त्सना एवं निन्दा गर्दछ।

मुलतः भूमाफिया नवराज अधिकारीले सरकारी स्वामित्व र किसानहरूको जोतभोगमा रहेको जमिनको प्रमाण पूर्जा प्राप्त गर्ने कुनै आधार नै भेटिँदैन। किन्तु उनले प्रमाण पूर्जा प्राप्त गर्न सक्दैनन् भन्ने कुराको निम्न तथ्यहरूद्वारा पुष्टि गर्न सकिन्छः पहिलो कुराः लामो समय देखि किसानहरूले जोतभोग गर्दै आइरहेका छन्। दोस्रो कुराः उक्त जग्गा नेपाल सरकारको स्वामित्वमा रहेको स्थिति हो। तेस्रो कुराः भूमाफिया नवराज,वडा अध्यक्ष प्रताप गौतम र मालपोत कार्यालयका केही कर्मचारीहरूले किसानहरूलाई केही रकम दिएर त्यस जमिनबाट विस्थापित गरी विरोधहीन स्थितिबाट एकलौटी बनाउने कसरत गरी रहेको कुरा गोप्य सूचनाद्वारा प्रमाण प्राप्त भएको छ। उपरोक्त तथ्यहरूको आधारमा सम्बन्धित र सरोकारवालाहरूबाट न्यायसंगत फैसला वा निर्णय आउन नसकेकै कारण उत्पीडित वर्ग समुदायको नेतृत्व गर्ने पार्टीको लागि अब नयाँ क्रान्तिकारी विकल्प रोज्नु बाहेक अर्को कुनै विकल्प रहेन। अपितु ठोस परिस्थितिको ठोस विश्लेषण गरी पार्टीको नीतिगत निर्णय अनुरूप पार्टी उक्त जग्गा कब्जा गरेको घोषणा गर्दछ।

अतः नयाँ जनवादी क्रान्तिको मान्यता,निर्दिष्ट लक्ष्य र टार्गेट अनुरूप हाम्रो पार्टीले ऐतिहासिक निर्णय लिएको छ। यस निर्णयका विरुद्धमा कुनै संस्था वा व्यक्तिले कुचेष्टा वा निर्णयको उलंघन गरेमा हाम्रो पार्टी कडा संघर्ष गर्न बाध्य हुनेछ। साथै, उक्त संघर्षबाट उत्पन्न समस्याको जिम्मेवार पनि सम्बन्धित पक्ष नै हुने कुरा प्रष्ट पार्न चाहन्छौं।

मितिः २०७८/०८/०३

## दार्चुलाको...

कात्तिक २५ मै जिल्ला प्रशासन कार्यालय दार्चुलाले सहायक जिल्ला जनगणना अधिकारी खगेन्द्र कार्की र गणक राजेन्द्र कार्कीलाई भारतीय भूमि धार्चुलाबाट छियालेक-गर्ब्याङ हुँदै महाकाली नदीको पुल (सीता पुल) तरेर छाङरु जाने गरी पासको व्यवस्था मिलाउन भारतीय प्रशासनलाई पत्राचार गरेको थियो। तर, एक सातासम्म पनि भारतीय प्रशासनले अनुमति दिएन।

दार्चुलाका सहायक प्रमुख जिल्ला अधिकारी ज्योत्स्ना भट्ट जोशीले पहिलोपटक कात्तिक २५ मा भारतीय बाटो हुँदै छाङरु जान पासको व्यवस्थाका लागि पत्राचार गरिएपनि जवाफ नआएको पुष्टि गरिन्। पहिलो पत्रको जवाफ नआएपछि मंगलबार र बुधबार पुनः दुई पत्र पठाइएको र त्यसको पनि जवाफ नआएपछि गणकहरू रोकिएका थिए। नेपाली भूमि (विकट बाटो हुँदै) बाट जान खोजे पनि नसकने अवस्था भएपछि जनगणनाको टोली बीच बाटोबाटै फर्किएको छ।

भारतीय बाटो हुँदै छाङरु जान नदिएकोबारे दार्चुला प्रशासनले गृह मन्त्रालयलाई समेत मौखिक जानकारी गराइसकेको छ। जनगणनामा खटिएका अधिकारीहरूले तथ्यांक विभागलाई पनि यसको जानकारी गराएका छन्। सीमा सुरक्षार्थ तैनाथ सशस्त्र प्रहरी बलले समेत भारतीयबाट भएको अवरोधबारे हेडक्वार्टरलाई जानकारी गराइसकेको छ। तर सरकार र सम्बन्धित निकायबाट कुटनीतिक पहल गरी उक्त क्षेत्रमा जनगणनाका लागि भारतीय अवरोध हटाउने विषयमा भने कुनै प्रयास नगरेको पनि स्रोतको दाबी छ।

भारतीय अतिक्रमणमा परेको नेपाली भूमि कालापानी क्षेत्रका तीन बस्ती गुन्जी, नावी र कुटीमा त भारतीय सेनाको नियन्त्रण रहेको भन्दै तथ्यांक विभागले जनगणना गर्न नसकिने बताइसकेको छ। देउवा सरकारले कुटनीतिक तथा राजनीतिक पहल केही नगरेपछि तथ्यांक विभागले मात्रै उक्त क्षेत्रको जनगणना गर्ने आँट गरेको छैन। नेपालकै प्रशासनिक नियन्त्रणमा रहेको क्षेत्रमा समेत जनगणना गर्न भारतले रोक लगाएपछि भारतीय ज्यादतिको अहिले चौतर्फी रूपमा विरोध भइरहेको छ।

भारतीय अतिक्रमणमा परेका तीन वटा गाउँको अनुमानित जनसंख्या ८ सयदेखि १ हजारको बीचमा रहेको बताइन्छ। तीन वटै गाउँ व्यास-१ अन्तर्गत पर्छन्।

छियालेकबाट अघि बढेपछि गर्ब्याङ भन्ने ठाउँ आउँछ। त्यहाँ एसएसबीका अलावा भारत-चीन सीमा सुरक्षार्थ तैनाथ 'इन्डो-टिबेट बोर्डर पुलिस' (आईटीबीपी) को फौजको क्याम्प छ। त्यहाँ पनि उसले खानतलासी गरेर प्रवेश दिन्छ। त्यहाँबाट अघि बढ्दै नेपाल-भारत सीमा क्षेत्र सीता पुल पुगिन्छ।

महाकालीको सीता पुल तरेपछि छाङरु पुगिन्छ। सीता पुलबाट कालापानीतर्फ जान भारतीय सुरक्षा फौजले दिँदैन। भारतीय नागरिकलाई पनि निगरानीमा राखेर मात्रै अघि बढ्न दिन्छ। २०७७ वैशाखबाट छाङरुमा सरकारले सीमा सुरक्षार्थ सशस्त्र प्रहरीको फौज तैनाथ गरेको छ। त्यहाँ सशस्त्र प्रहरी बस्न थालेपछि भारतीयले उसको बाटो भएर ओहोरदोहोर गर्न कडाइ गर्न थालेको हो।

## संयुक्त...

समाजवादी विद्यार्थी युनियनका अध्यक्ष रूपनारायण श्रेष्ठ, अखिल छैठौंका अध्यक्ष देवेन्द्र कुँवर लगायतका नेताहरूको उपस्थिति रहेको थियो।

पार्टी कार्यालयमा ज्ञापन पत्र बुझदै विद्यार्थीहरूको आन्दोलनप्रति आफ्नो पार्टीको पूर्ण समर्थन र ऐक्यबद्धता रहेको जनाउँदै पेट्रोलियम पदार्थको मूल्यवृद्धि फिर्ता नहुँदासम्म आन्दोलन जारी राख्न सुभाव दिनुभयो।

संयुक्त विद्यार्थी आन्दोलनले शनिबार नेकपा (मसाल) र नेकपा (विप्लव)लाई पनि ज्ञापन पत्र बुझाएको र सत्तारुढ दलका नेताहरू प्रचण्ड र माधवकुमार नेपाललाई पनि ज्ञापन पत्र बुझाउने कार्यक्रम रहेको नेकपा (माओवादी केन्द्रअखिल (क्रान्तिकारी)का अध्यक्ष हरिकृष्ण गजुरेलले जानकारी दिनुभयो।

ज्ञापन पत्रमा भारतबाट मात्रै ल्याइने प्रशोधित इन्धनमाथिको एकाधिकार अन्त्य गरी अन्तर्राष्ट्रिय बजारबाट प्रत्यक्ष रूपमा तेलजन्य कच्चा पदार्थ नेपालमा आयात हुने वातावरण तयार गरेर दीर्घकालीन रूपमा समस्याको समाधान खोज्दै जनताको जनजीविकाकालाई सहज बनाउन सत्ता साभेदार पार्टीहरू र सत्ता बाहिर रहेका पार्टीहरूबाट संयुक्त, विद्यार्थी संगठनले महत्वपूर्ण भूमिकाको अपेक्षा गरेको उल्लेख गरिएको छ। ज्ञापन पत्रमा मूल्यवृद्धि फिर्ता नगरिए संयुक्त विद्यार्थी संगठन देशभर कठोर आन्दोलन सिर्जना गर्न बाध्य हुने चेतावनी समेत दिएको छ।

ज्ञापन पत्रमा अखिल (क्रान्तिकारी) की अध्यक्ष पञ्चा सिंह, अनेरास्ववियुका अध्यक्ष सुरेश पराजुली, समाजवादी विद्यार्थी युनियनका अध्यक्ष रूपनारायण श्रेष्ठ, अखिल (क्रान्तिकारी)का अध्यक्ष हरिकृष्ण गजुरेल, अखिल (क्रान्तिकारी)का अध्यक्ष प्रकाश शाही र अखिल (छैठौं)का अध्यक्ष देवेन्द्र कुँवरले हस्ताक्षर रहेको छ।

अनेमसंघ (क्रान्तिकारी)की महासचिव शारदा महत र अखिल (क्रान्तिकारी)का अध्यक्ष हरिकृष्ण गजुरेलले विरोध मन्तव्य राख्नुभएको थियो। विरोध कार्यक्रमको सञ्चालन अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघका अध्यक्ष इश्वर तिमिल्सिनाले गर्नु भएको थियो।

विरोध मन्तव्यको क्रममा उहाँहरूले पेट्रोलियम पदार्थमा गरिएको अस्वभाविक मूल्यवृद्धिले दैनिक उपभोग्यवस्तु तथा यातायातको भाडा अच्चाकली महँगिदा गरिब, मजदुर, सुकुम्बासीहरूको चुलो बल्नै छोडेको भन्दै तत्काल वृद्धि गरिएको पेट्रोलियम पदार्थको मूल्य खारेज गर्न माग गर्नुभयो।

विरोध प्रदर्शनमा क्रान्तिकारी माओवादी सम्बद्ध जबस मोर्चाका नेता कार्यकर्ताहरूको बाक्लो उपस्थिति रहेको थियो।

## अमेरिकी...

क्रममा प्रहरीले हस्तक्षेप गरि अध्यक्ष महर्जनसहित १० जनालाई गिरफ्तार गरेको थियो।

गिरफ्तारमा पर्ने क्रान्तिकारी युवाहरूमा क्रान्तिकारी युवा लिगक अध्यक्ष अमिर महर्जन, नेकपा (क्रान्तिकारी माओवादी) का काठमाडौं जिल्ला सेक्रेटरी खगेन्द्र छन्त्याल, नेपाल दलित मुक्ति मोर्चाको कार्यकारी अध्यक्ष टेक बहादुर विश्वकर्मा, नेपाल दलित मुक्ति मोर्चाको सचिवालय सदस्य शोभा विश्वकर्मा, लगिगका नेताहरू जगदीश महर्जन, राधाकृष्ण थापा, ज्ञान प्रसाद तिवारी, शंकर बोहरा, समसेर रन्तेल, सुवास अरसी लगायत हुनुहुन्थ्यो।। पक्राउ गरेर महाराजगञ्जस्थित प्रहरी वृत्तमा राखिएको थियो। साँभ अमेरिकी सहायक मन्त्री डोनाल्ड लु स्वदेश फर्किएपछि गिरफ्तार नेता कार्यकर्तालाई छाडेको थियो। गिरफ्तारमा परेका नेता कार्यकर्ताहरूलाई भेट्न माइतीघर मण्डलाको विरोधसभा सम्पन्न गरेर पार्टीका स्थायी समिति सदस्य परि थापा, पार्टी पीबीएम दिनेश शर्मा सागर लगायतका नेताहरू लाजिम्पाट पुग्नुभएको थियो।

## लूको...

रमेश मल्लले सञ्चार माध्यमलाई बताएका छन्। तर भेटमा अध्यक्ष दाहालले भने स्पष्ट जवाफ नदिएको बताइएको छ।

सहायमन्त्री लुले शुक्रबार प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीसँग पनि भेटेर एमसीसीको विषयमा प्रश्न गरेका छन्। उनले यसबारे एमालेको धारणा के हो भन्ने जिज्ञासा राखेका थिए। एमाले विदेश विभाग प्रमुख राजन भट्टराईका अनुसार अध्यक्ष ओलीले आफूहरू विपक्षमा रहेकाले यो विषयमा सत्तारुढ दलले केही नभनेको बताएका थिए। लुले विहीबार प्रधानमन्त्री शेरबहादुर देउवालाई पनि भेटेर एमसीसी चाँडो पास गर्न भनेका थिए।

## शान्तिपूर्ण...

पार्टीका नेताहरूमाथि दवाव दिन नेपाल भ्रमणमा आएका अमेरिकी सहायक मन्त्रीको विरोधमा प्रदर्शन गर्ने पार्टीका कमरेडहरूमाथि गरिएको दमन तथा गिरफ्तारीको हाम्रो पार्टी घोर निन्दा तथा भर्त्सना गर्दछ। साथै गिरफ्तारीमा परेका पार्टीका नेता तथा कार्यकर्ताहरूलाई अविलम्ब रिहागर्न सरकारसित जोडदार माग गर्दछ।'


वक्तव्यमा गिरफ्तार नेता कार्यकर्ताका सम्बन्धमा भनिएको छ, 'आज २०७८ साल मङ्सीर ३ गते हाम्रो पार्टी नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) को आयोजनामा दक्षिण तथा मध्य एसियाको मामला हेर्ने अमेरिकी राज्य सहायक मन्त्री डोनाल्ड लुको नेपाल भ्रमणको विरोध र एमसीसी परियोजना खारेजीको माग राखी अमेरिकी दुतावास, महाराजगञ्जमा आयोजित शान्तिपूर्ण विरोध प्रदर्शनमाथि देउवा नेतृत्वको गठबन्धन सरकारले अन्धाधुन्ध प्रहरी हस्तक्षेप गरी पार्टीको विभिन्न जिम्मेवारीमा कामगर्ने कमरेडहरूलाई गिरफ्तार गरेको छ। गिरफ्तार हुने पार्टीका नेता तथा कार्यकर्ताहरू क. अमीर महर्जन, क. खगेन्द्र छन्त्याल, क. टेक बहादुर वि.क., क. जगदीश्वर महर्जन, क. राधाकृष्ण थापा, क. शोभा वि.क., क. हरि वि.क., क शंकर बोहोरा, क. ससेर वि.क. लगायत हुनुहुन्छ।'

## राष्ट्रघाती...

भइरहेको विरोधमा क्रान्तिकारी माओवादीले प्रदर्शन गरेको हो।

क्रान्तिकारी माओवादीकै आयोजनामा शुक्रबारे अमेरिकी दुतावास अगाडि गरिएको प्रदर्शनमा प्रहरीले हस्तक्षेप गरेको थियो। र, क्रान्तिकारी युवा लिगका अध्यक्ष अमिर महर्जनसहित १० जना नेता कार्यकर्तालाई पक्राउ गरेको थियो।

गिरफ्तार लगत्तै नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्य किरणले वक्तव्य निकालेर घोर विरोध गर्दै गिरफ्तार गरिएका नेता कार्यकर्तालाई अविलम्ब रिहा गर्न माग गर्नुभयो। डोनाल्ड लु स्वदेश प्रस्थान गरेपछि साँभ ८ बजेतिर उहाँहरूलाई रिहा गरेको थियो।

रोयल बुईपा A/C जम्बो हाईस

गाईघाट-लहान-खुर्कोट हुँदै काठमाडौंसम्म

काठमाडौं सम्पर्क नम्बर
बसन्त खड्का - ९८४२८३७७९३
- ९८१७७१६९६७
इन्द्र कट्टेल - ९८१८४१५२९०

गाईघाट सम्पर्क नम्बर
फोन नं. - ०३५-४२१६४३
पुरुषोत्तम खनाल - ९८५२८३५६९०
- ९८१५७८४८७४

दैनिक दिवा सेवा तथा आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्भनुहोस्।

(जि.प्र.का. काठमाडौं, द.नं. १९४-०७२/०७३ म.क्षे.हु.नं. १२-२ ०७६/०७७) वर्ष ६ अङ्क २१
वर्गदृष्टि Bargadristi Weekly साप्ताहिक

## आलोपालो

# संकटमा नेपाली स्वाधीनता

*भारतले कब्जा गरेको नेपाली भूमिलाई नेपालको भूमिमा समेटे पनि उक्त भूमिमा अहिले पनि भारतले दाबी गरिरहेको छ । कालापानी क्षेत्रमा भारतीय सेना तैनाथ गरिएको छ । भारतीय सेनालाई हटाएर उक्त भूमि नेपालको कायम गर्न सरकारले राजनीतिक तथा कुटनीतिक स्तरमा जुन कदम चाल्नुपर्ने हो, त्यसतर्फ कुनै कदम चालेको छैन । बरु उल्टै सत्तामा टिकिराख्न र फेरि सत्तामा पुग्न भारतीय शासकहरूकै दलाली गरिरहेको छ*

● विनोद सहयात्री ●

नेपालको राष्ट्रिय स्वाधीनतामाथि गम्भिर संकट उत्पन्न भएको छ । भारत र अमेरिकाको बढ्दो हस्तक्षेपका कारण नेपाली स्वाधीनताको रक्षामा संकट उत्पन्न हुन पुगेको हो । नेपालका संसदवादी शासकहरूको राष्ट्रिय आत्मसमर्पणवादी तथा दलाल चरित्रका कारण मुलुकमा दिनानुदिन भारतीय र अमेरिकी हस्तक्षेप तीव्र रूपमा बढेर गएको छ । भारतले कब्जा गरेको नेपाली भूमिलाई नेपालको भूमिमा समेटे पनि उक्त भूमिमा अहिले पनि भारतले दाबी गरिरहेको छ । कालापानी क्षेत्रमा भारतीय सेना तैनाथ गरिएको छ । भारतीय सेनालाई हटाएर उक्त भूमि नेपालको कायम गर्न सरकारले राजनीतिक तथा कुटनीतिक स्तरमा जुन कदम चाल्नुपर्ने हो, त्यसतर्फ कुनै कदम चालेको छैन । बरु उल्टै सत्तामा टिकिराख्न र फेरि सत्तामा पुग्न भारतीय शासकहरूकै दलाली गरिरहेको छ ।

अन्तर्राष्ट्रिय जलवायु सम्मेलनमा जाँदा नेपाली कांग्रेसका सभापति समेत रहेका प्रधानमन्त्री शेरबहादुर देउवाले भारतीय समकक्षी नरेन्द्र मोदीलाई भेटे तर लिम्पियाधुरा, लिपुलेक र कालापानीबाट भारतीय सेना हटाउन र उक्त भूमि फिर्ता गर्न गर्ने विषयमा केही कुरा गरेनन् । यहाँसम्म कि अहिले राष्ट्रिय जनगणनाको १२ औं श्रृङ्खला चलिरहेको छ, देउवा सरकार भारतीय सेनाको उपस्थिति भएकोले आफ्नै भूमिमा जनगणना गराउन नसक्ने बताइरहेको छ । अझ खेदजनक कुरा त के छ भने नेपालकै प्रशासनिक नियन्त्रणमा रहेको दार्चुला जिल्लाको टिंकर र छाङरुमा समेत भारतले जनगणना गर्न जान दिएन । यसबारेमा समेत देउवा सरकार मौन बसिरहेको छ ।

गणकहरू सदरमुकाम खलंगामा रोकिएका छन्, के गर्ने भनेर जवाफ मागिरहेका छन्, सरकारले कुटनीतिक पहल गर्न समेत डराइरहेको छ । आफ्नै नक्सामा समेटिएको भूमि नाभी, गुञ्जी र कुटीमा रहेका नेपालीहरूको जनगणना नगर्दा भारतीय नियन्त्रणमा रहेको उक्त नेपाली भूमिमाथिको नेपाली दाबी कमजोर हुने भन्दै निरन्तर रूपमा जनदबाब बढिरहे पनि देउवा सरकारले यसमा कुनै गम्भिरता देखाएको छैन । कांग्रेसका नेताहरू लाइन लागेर दिल्ली दौडाहा गरिरहेका छन्, त्यहाँका सत्तारुढ पार्टीका नेताहरूसँग उठबस गरिरहेका छन्, तर उनीहरूले अतिक्रमित भूमि फिर्ता गर्ने विषयमा केही कुरै गरेनन् ।

हालै नेपाली सेनाका प्रधानसेनापति भारतको तीन दिने भ्रमण गरेर आए । भारतीय सेनाको मानार्थ सेनापतिको पदवी ग्रहण गरेर आए तर कालापानी क्षेत्रबाट 'भारतीय सेना हटाउ, नेपाली भूमि फिर्ता गर' भन्न सकेनन् । अहिले दैनिक जसो भारतीय सेना तथा सरकारका सदस्यहरूले नेपाल भ्रमण गरिरहेका छन्, तर नेपालको सरकार, यहाँका सत्तारुढ पार्टीका नेताहरू कसैले पनि भूमि फिर्ताको विषयमा एक शब्द पनि बोलेका छैनन् । परिणामतः भारतीय पक्षबाट नेपालीहरू दिन दिनै हेपिनु परिरहेको छ । यहाँसम्म कि केही समय पहिले नवलपरासीको सुस्ता क्षेत्रमा नेपालसँग अनुमति नै नलिई नेपाली आकाशमा भारतीय सिमा सुरक्षा बलका जवानहरूले ड्रोन उडाए ।

महाकाली नदी तर्दै गर्दा एसएसबीका जवानले तुइन काटिदिंदा महाकाली नदीमा बगेका जयसिंह धामीको अहिलेसम्म लास समेत फेला परेको छैन । सरकारले बनाएको छानविन समितिले समेत भारतीय जवानलाई नै हत्यारा साबित गरिसकेको अवस्थामा देउवा सरकारले हत्यामा संलग्न भारतीय जवानमाथि कारबाहीका लागि कुटनीतिक पहल नै गरेन । बरु पैसाको प्रलोभन र डरधम्की देखाएर पीडित परिवारलाई समेत विरोधमा आवाज उठाउन दिएन ।

अर्कोतिर यही देउवा सरकार अहिले एमसीसी जस्तो *बाँकी ७ पेजमा*

# बारको आन्दोलन चौथो चरणमा

प्रधानन्यायाधीश चोलेन्द्रशमशेर राणाको राजीनामा माग्दै नेपाल बार एसोसिएसनले आइतबारदेखि आन्दोलन थप सशक्त बनाउने भएको छ । चौथो चरणको साताव्यापी आन्दोलनअन्तर्गत आइतबार देशभरका कुनै पनि अदालतमा बन्दी प्रत्यक्षीकरणबाहेकका मुद्दामा बहस नगर्ने बारको कार्यक्रम छ ।

बारले १४ कात्तिकदेखि जबराको राजीनामा माग गर्दै सर्वोच्चमा धर्ना दिँदै आएको छ । राजीनामा नदिएपछि साताव्यापी रूपमा थप संघर्षका कार्यक्रम बारले सार्वजनिक गरेको छ । प्रधानन्यायाधीश जबराको वार्ताको प्रस्ताव अस्वीकार गरी बारले थप आन्दोलन गर्ने निर्णय गरेको हो । राजीनामा नदिएसम्म कुनै वार्ता नगर्ने उसको निर्णय छ ।

सर्वोच्चमा कानुन व्यवसायीमाथिको दमनलाई पनि बारले आफ्नो एजेन्डा बनाएको छ । 'अदालतभित्र दंगा प्रहरी प्रवेश गराउने, कानुन व्यवसायीको शान्तिपूर्ण धर्ना, विरोध कार्यक्रमलाई दबाउन हतियारसहितको दंगा प्रहरी ठूलो संख्यामा तैनाथ गरी कानुन व्यवसायीलाई दमन, हातपात, कुटपिट गरी घाइते बनाएको विरोधमा देशभरका सबै अदालतमा बन्दी प्रत्यक्षीकरणबाहेकका मुद्दामा बहस-पैरवी नगर्ने भनी निर्णय गरिएकाले सोबमोजिम गर्न-गराउनु हुन, बहस नगरिने व्यहोराको सम्बन्धित अदालतहरूमा पत्राचार गर्नसमेत सबै बार इकाइहरूलाई जानकारीका साथ अनुरोध गरिन्छ,' आइतबारको कार्यक्रमबारे नेपाल बारले आफ्ना सबै इकाइलाई जानकारी गराएको छ ।

आन्दोलन २१औँ दिनमा प्रवेश गर्दा यस अवधिमा तीनपटक प्रहरीले आन्दोलनका क्रममा बल प्रयोग गर्दा आफ्ना सदस्य घाइते भएको बारले जनाएको छ । प्रधानन्यायाधीशले कार्यपालिकामा भाग मागेको, संवैधानिक नियुक्तिमा भागबन्डा गरेको, गैरन्यायिक आचरण देखाएको, न्यायमा विचलन ल्याएकोजस्ता आरोप लगाउँदै राजीनामा माग गरिरहेको छ । सर्वोच्चकै न्यायाधीशहरूले पनि उनीसँगै कुनै पनि इजलासमा बस्न चाहेका छैनन् भने उनलाई प्रधानन्यायाधीशको हैसियतले मुद्दा तोक्न पनि रोक लगाउने गरी गोलाप्रथाको कार्यविधि तयार गरिसकेका छन् ।

बारले सोमबबार यसअघिझैँ सबै अदालतमा दुई घन्टा धर्ना दिने जनाएको छ । 'देशभरिका अदालतमा यसअघि १० बजेदेखि १२ बजेसम्म कालोपट्टीसहित धर्ना, विरोधसभा गरी आएकोमा सोही कार्यक्रममा निरन्तरता दिने र केन्द्रमा संसद्मा रहेका सबै राजनीतिक दलका संसदीय दलहरूमा ज्ञापनपत्र-ध्यानाकर्षणपत्र दर्ता गराउने,' निर्णयमा भनिएको छ । यसैगरी, मंगलबार भने कानुन व्यवसायीले हदम्याद गुज्रिने अवस्थाको अन्तिम म्यादबाहेक कुनै पनि अदालत र न्यायाधिकरणमा फिराद, प्रतिउत्तर, पुनरावेदन रिट, लिखित जवाफ, बहस नोट केही पनि दर्ता नगर्ने भएका छन् ।

बुधबार भने देशभरका सबै उच्च अदालतमा बृहत् विरोध सभा गर्ने बारको निर्णय छ । १८ वटै उच्च अदालतमा बारका केन्द्रीय प्रतिनिधि पर्यवेक्षकका रूपमा खटिने भएका छन् । 'उक्त दिन उच्च अदालतका इजलास रहेका स्थानमा विरोध सभा हुने हुँदा सबै उच्च अदालत र उच्च अदालतका इकाइमार्फत सम्पूर्ण कानुन व्यवसायीज्यूहरूलाई जानकारीका साथ अनुरोध गरिन्छ,' निर्णयमा छ । यसैगरी बिहीबार र शुक्रबार भने उपत्यकाका सबै बार इकाइ सहभागी हुने गरी सर्वोच्चमा धर्ना दिने कार्यक्रमलाई निरन्तरता दिइने बारले जनाएको छ ।

**राष्ट्रिय जनगणना २०७८ मा सहभागी हुनुभयो ?**

हुनुभएको छैन भने,

➢ नजिकको जनगणना कार्यालय, वडा कार्यालय वा गणकसँग सम्पर्क राख्नुहोला ।

➢ यदि मंसिर ८ गतेसम्म गणकहरू तपाईको घरपरिवारमा आएनन् भने टोल फ्रि (नि:शुल्क) नं. ११७८ मा सम्पर्क गर्नुहोला ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**







**प्रकाशक** : वर्गदृष्टि मिडिया प्रा.लि., **प्रबन्ध निर्देशक** : हुकुमबहादुर सिंह, **सम्पादक** : इन्द्रबहादुर राउत, **फोटो**: जय दाहाल, **कार्यालय** : काठमाडौं-१०, बुद्धनगर **सम्पर्क नं.** : ९८५१०७६८६४, ०१-५२६०११२ **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।